# पाञ्चायन देवल एक परिचय



कुलगुरू खेमराज अधिकारी
**सल्लाहकार जगनन्द प्रकाशेश्वर तथा पाञ्चायन संरक्षण समिति**

*"पञ्चवक्त्रा महाभागा जगतामभयप्रदा ।
गजकर्णाशिवकर्णा च महाकाली सुभीषणा ।।"*

बैदिक कालमा देवताहरूलाई सन्तुष्ट पार्नका निमित्त वेद पुराणहरूमा अनेक किसिमका यज्ञ अनुष्ठानहरूको प्रतिपादन गरिएको छ । गृहस्थीहरूद्वारा प्रातकाल र सायंकालमा अग्निहोत्र आदि कर्महरू गरिन्थे । हरेक दिन गरिने पञ्चमहायज्ञहरू मध्ये देवयज्ञको अत्यन्तै ठुलो महत्व रहेको थियो यसका अतिरिक्त विभिन्न खाले इष्टिहरू सम्पादन गरिन्थे । यज्ञहरू रूपान्तरित हुँदै लक्षहोम, कोटिहोम, पशुबलिद्वारा शक्ति उपासना जस्ता स्मार्त यज्ञहरूमा परिणत भए साथ साथै अनेक किसिमका देव मुर्तिहरूमा गन्ध, पुष्प, धुप, दीप, नैवेद्य आदि सामाग्रीहरूद्वारा देवपूजन गर्ने परम्परा प्रोत्साहित हुँदै गयो र यस कलियुगमा देवताहरूको प्रतिमामा यथा विधि पूजा गर्दा नै सम्पुर्ण यज्ञको फल प्राप्त हुन सक्छ भन्ने मान्यता समाजमा स्थापित हुँदै गएको छ ।

कुनै पनि मुर्तिको प्राण प्रतिष्ठा भएपछि त्यो चिज केवल भौतिक वस्तु मात्र रहँदैन अपितु त्यसमा एक अलक्षित एवं अलौकिक शक्ति उत्पन्न हुन्छ । त्यस मुर्तिमा देव विम्वको उपासना गर्ने व्यक्तिको चित्तवृति त्यस परमात्मामा वा देवता विशेषको ध्यान र धारणा गर्नमा पूर्णतः सफल हुन्छ । त्यस कारण मुर्तिपूजाको माध्यमबाट मनुष्यको धार्मिक आस्थाको सन्तुष्टि एवं मनोकामनाको पूर्ति जति सरल र सहज हुन्छ त्यति अन्य माध्यमबाट सम्भव हुँदैन । मुर्तिपूजा देवताहरूको उपासनाको सबैभन्दा सरल एवं सु–सङ्गत विधि हो । भविष्य पुराण (उत्तर खण्ड १३।१६–१७) का अनुसार ब्रह्मा, विष्णु, शिव आदि सर्म्पुण देवी देवताहरू चराचर जीवको उपकार गर्नका निमित्त मनुष्य लोकमा आएर मुर्तिहरूमा विराजमान भई भोगप्रसाद ग्रहण गर्दछन् र भक्त र तिनका मनोकामना पूर्ण हुने वरदान दिन्छन् । यसै पूराणमा के पनि उल्लेख गरिएको छ भने सुन्दर मन्दिरको निर्माण गरि नित्यपूजा पाठको व्यवस्था गर्ने जो कोही मनुष्यको कीर्तिमय शरीर यस लोकमा सदाको लागी अमर हुन्छ ।

यी माथि उल्लेखित शास्त्रसम्मत कुराहरूलाई राम्रोसँग बुझिबक्सेका तत्कालिन श्री ३ महाराज जगंबाहदुर कुँवर राणाबाट बि.सं. १९०६ मा थापाथलीको पवित्र वाग्मती किनारमा थापाथलीघाटको निर्माण गरी स्थापना गरिबक्सेको पाञ्चायन मन्दिर मुलतः वत्स गोत्रीय कुँवर राणा परिवारको गौरबमय कुल मन्दिर नै हो भन्दा अत्युक्ति हुने छैन । आफ्ना कुलबन्धुहरूलाई कुलपरम्पराको ज्ञान, यसको प्रचारप्रसार र विभिन्न पर्व पूजाहरू लगायत देवाली पूजा गर्न सहज होस् भन्नका खातिर तत्कालीन समयमा अत्यन्तै सु-व्यवस्थित र सुविधा सम्पन्न भव्य मन्दिर परिसरको परिकल्पना अनुसार निर्माण भएको यो मन्दिर १७६ बर्ष पुरानो भईसक्दा पनि सु-व्यवस्थित रूपले सञ्चालनमा रहिरहनु अत्यन्तै गौरबको विषय हो । यस मन्दिरलाई यस किसिमबाट सु-व्यवस्थित बनाई राख्न र आफ्ना पुर्खाको धरोहरलाई जोगाइ राख्न सदा सक्रिय रहिरहने श्री ३ महाराज जगंबहादुरका वंशज एवं वत्स गोत्रीय कुँवर राणा परिवार अवश्य नै धन्यवादका पात्र छन् ।

यस कुलदेवीको मन्दिरमा तत्कालीन समयमा सम्पुर्ण कूलबन्धुहरूलाई कुनै पनि मनोकांक्षा (मनको इच्छा) पूरा गर्न अन्यत्र जानु नपरोस् भन्ने उद्देश्यले निकै सुझबुझका साथ शास्त्रज्ञ विद्वान गुरूहरूको सल्लाह सुझाब अनुसार धर्म, अर्थ, काम, मोक्ष आदि चारैवटा पुरूषार्थ सिद्ध गर्न सक्षम उपर्युक्त देव देवताहरूलाई निम्नानुसार क्रम मिलाएर स्थापित गरिएको छ ।

१. श्री गणेश
२. श्री कुलदेवी
३. श्री भीमसेन
४. श्री ईष्टदेवी
५. श्री भैरव
६. श्री भगवती
७. श्री सूर्य
८. श्री राधाकृष्ण
९. श्री हनुमान
१०. श्री शिव
११. श्री नरसिंह

**(१) गणेश (हिम वण)**

कुनै पनि पूजा पाठ एवं धार्मिक कार्यहरूमा होस वा कुनै पनि कार्यको शुभारम्भ गर्दा होस सर्वप्रथम गणेश भगवानको स्मरण पूजा गरिने परम्परा बैदिककाल देखिनै प्रचलित छ । यसै तथ्यलाई मनन गरेर मन्दिर परिसरको प्रारम्भमा नै सर्वप्रथम गणेशको दर्शन होस् भन्ने उद्देश्यले प्राङ्गणको पश्चिम भागमा हिँउको जस्तो सेतो वर्ण र उज्वल कान्ति युक्त हिमवर्ण गणेश भगवानको मुर्ति स्थापना गरिएको छ ।

**(२) कुलदेवी (पञ्चवक्त्रामहाकाली)**

वत्स गोत्रीय कुँवर राणा परिवारको कुलदेवी विन्ध्याचल निवासिनि पञ्चावक्त्रा श्री महाकाली हुन् । यस परिसरको नामाकरण गर्दा पाञ्चायन मन्दिर भनिए पनि मुलतः यो कुल मन्दिर नै हो भनेर जुन चर्चा गरियो त्यो तथ्य यहाँ आएर यसकारण पनि पुष्टि हुन्छ कि यहाँ गणेशको लगतै दोस्रो वरियतामा कुलदेवीको मन्दिर स्थापित गरिएको छ । वीच भागमा पञ्चवक्त्रा महाकालीको यन्त्रात्मक विग्रहलाई प्राण प्रतिष्ठित गराइ वरिपरि अष्टमातृकाहरूको स्थान निर्धारण गरिएको यस मन्दिरमा दीक्षित कुलबन्धु, दीक्षित कुलगुरू र दिक्षित ब्राह्मणहरू मात्र प्रवेश गर्ने र प्रत्येक २ बर्षमा देवालीको दिन मात्र खुल्ला गरिने प्राचीनतम परम्परा छ । यो मन्दिर प्रवेश गर्दा अनौठो किसिमको उर्जा र शक्ति प्राप्त हुने कुराको प्रत्यक्ष अनुभव मैले गरेको छु ।

**(३) भीमसेन (वलभद्र)**

पौराणिक कथनलाई विचार गर्ने हो भने दश हजार हात्तीको बल भएका भीमसेन शुरता, वीरता र युद्ध कौशलताका अधिष्ठाता देवता हुन् । भीमसेनका भिन्न भिन्न स्वरूपहरूको आराधना गरिने हाम्रो बौद्धिक

परम्परा अनुसार यहाँ तेस्रो वरियतामा बलभद्र भिमसेनको मन्दिर स्थापना गर्नुको कारण चाहिँ कुलदेवीको आराधना पश्चात बल र युद्ध कौशलता प्राप्तीका निमित्त भिमसेन संग वरदान प्राप्त गर्नु नै हो। नेपालको एकीकरणका क्रममा प्रशस्त योगदान दिएका यस कुलका कुलदीपक काजी रामकृष्ण कुँवरको बहादुरी र प्रशंसनीय कार्यका कारण श्री ३ महाराज सम्मको पदबी प्राप्त गर्दा सम्म यस कुँवर राणा परिवारका पुर्खाहरूले प्रशस्तै साहसीक कार्यहरू गरी नेपाल राज्यको निर्माणमा प्रशस्तै योगदान दिएको देखिन्छ। इतिहासलाई सुक्ष्म रूपले अध्ययन गर्दा कुनै न कुनै अलौकिक शक्तिको वरदान यस कुललाई प्राप्त थियो भनेर सहजै भन्न सकिन्छ। कुलदेवीको आर्शिवाद प्राप्त गरि भीमसेनको बल लिएर गरिएका साहसीक कार्यहरूले गर्दा नै यस कुलको गरीमा प्रशस्त भएको हो भन्ने तथ्यलाई मनन गरि देव आराधनाको क्रममा शक्तिशाली भीमसेनलाई तेस्रो वरियतामा राखेर सम्मान प्रकट गरिएको छ।

**४)इष्टदेवी (बालात्रिपुरासन्दरी)**

प्राय प्रत्येक व्यक्ति र परिवारको छुट्टा छट्टै इष्टदेवी,देवता हुन्छन् तर यस कुलमा सम्पुर्ण कुलबन्धुहरूको एउटै इष्टदेवी हुनु अत्यन्तै सबल पक्ष हो। त्यसमा पनि दश महाविद्या मध्येकी ललितत्रिपुरासुन्दरीको बालरूपलाई सम्पुर्ण कुलकै इष्टदेवीको रूपमा मान्ने परम्परा भएको यो कुल आफैमा धन्य धन्य छ। आ␣नो इष्टदेवी,देवताको स्मरण गरेर सुरू गरिएको कुनै पनि कार्य सफल हुने कुरा पुराणहरूमा उल्लेख गरिएको पाइन्छ। यस कलियुगमा सहजै सिद्ध गर्न सकिने बालात्रिपुरासुन्दरी इष्टदेवी भएकै कारण यस कुलले यो मान प्रतिष्ठा प्राप्त गर्न सफल भएको हो। त्यस कारण पनि यस कुल मन्दिरको चतुर्थ वरियतामा इष्टदेवी बालात्रिपुरासुन्दरीको मुर्ति विराजमान गराइएको छ। साथै गुह्येश्वरी मन्दिर अगाडिको वाग्मती किनारमा काजी रामकृष्ण कुँवरद्वारा नेपालमा अन्यत्र कहीं नभएको बालात्रिपुरासुन्दरीको मन्दिर स्थापना गरिएको छ।

**५) भैरव(काल भैरव)**

पुराणहरूले कालका पनि महाकाल भनेर वर्णन गरिएका भगवान शिवका विभिन्न अवतारहरू मध्ये भैरव अवतार पनि एउटा प्रमुख अवतार हो। भैरवहरूमा पनि अष्टभैरव भनेर आठ किसिमका भैरवहरूको चर्चा शास्त्रहरूमा वर्णित छ। यिनै अष्टभैरवहरू मध्ये कालभैरव भगवान शिवको भयानक स्वरूप हो। कालभैरव संहारकर्ता भगवान शंकरको रौद्रावतार प्रलयकालको शिवको उग्ररूप हो। आशुतोष भगवान शंकर जसरी कालभैरव भएर निमेष भरमा संहार गर्नु हुन्छ त्यसै गरि भक्तहरूको थोरै भक्तिबाट पनि प्रशन्न भएर रक्षा र उद्धार गर्नु हुन्छ यहि भगवान शिवको रौद्रावतार कालभैरवलाई यस कुल मन्दिरको पाचौ वरियतामा स्थापना गरिएको छ।

**६)भगवती (विन्ध्यवासिनी,अष्टभुजा)**

गृहस्थी र राज्य सञ्चालकहरूले नित्य पाञ्चायन पूजा गर्नूपर्ने भएकोल यस कुल मन्दिरमा पाञ्चायन देवी,देवताहरूको यथा विधि स्थापना गरिएको र कालान्तरमा यस परिसरलाई पाञ्चायन देवल नामाकरण समेत भएको यस मन्दिर परिसरमा विन्ध्यवासिनी,अष्टभुजा भगवतीको मन्दिर छैठौ वरियतामा राखिएको छ। वैष्णब,शैब र शाक्त तीन समुदायमा बिभाजित हाम्रो हिन्दु परम्परा मध्ये यो वत्स गोत्रीय कुँवर राणा परिवार प्रारम्भ देखि नै शक्तिको उपासना गर्ने कुलको रूपमा स्थापित भई सकेको हुँदा यस कुललाई शाक्तकुल भन्नु उपयुक्त नै हुन्छ। महाकाली,महालक्ष्मी र महासरस्वतीको समग्ररूप अष्टभुजा भगवतीको नित्य उपासना राजकुलको मर्यादा भित्र नै पर्ने भएकोले यस कुल मन्दिरको प्रमुख अङ्कै रूपमा भगवतीलाई विराजमान गराउनु उचित,अनिर्वाय र वशंपरम्परा अनुकुल नै देखिन्छ। युद्ध,विजय,शूरता र विरताको पर्यायका रूपमा परिचित यस कुलले एउटा अर्को परम्परा लाई पनि आत्मसाथ गर्दै आएको छ। हाल आएर नेपाली सेनाले जोगाइ राखेको निशान भगवती पूजन पद्धतीलाई यो वशंले मन्दिर स्थापनाकाल देखि नै मान्दै भगवती मन्दिर भित्र निशान भगवतीको स्थापना गरि नित्य पूजा र चार वटै दशैमा विशेष पूजा अर्चना गर्दै आएको छ। विजयको प्रतिक भगवतीका रूपमा आराधना गरिने निशानमा अलौकिक शक्ति भएको अनुभुति गर्न सकिन्छ। साथै गृहस्थी सञ्चालन र राज्य सञ्चालनको आर्थिक उन्नति र राज्यकोषको निरन्तर वृद्धिका लागि महालक्ष्मीको नित्य आराधना आवश्य भएको ले महालक्ष्मीको प्रतिकका रूपमा श्रीयन्त्रको प्राणप्रतिष्ठा गरि यसै भगवती मन्दिरमा राखिएको र हाल त्यसको सुरक्षाको दृष्टिकोणले मुलघरमा राखिएको छ। प्रत्येक देवालीको दिन उक्त श्रीयन्त्र र मुल कलश मुलघर बाट यथा विधि कुल मन्दिरका ल्याई पूजा अर्चना पश्चात मुलघरमा नै राखिने व्यवस्था मिलाइएको छ। यसै तथ्यलाई मनन गर्दै यस मन्दिरको छैटौ वरियतामा विन्ध्यवासिनी अष्टभुजा सिहंवाहिनी भगवती र निशान भगवती तथा श्रीयन्त्रको स्थापना गरिएको छ।

**७) सूर्य**

हिन्दु धर्म ग्रन्थ अनुसार भगवान सूर्य देव यस्ता देवता हुन् जुन साक्षात देखिन्छन्। सूर्य भगवानको नित्य पूजा एवं दर्शन गर्नाले मात्र पनि शरिरमा लाग्ने विभिन्न रोग व्याधिहरूबाट छुटकारा एवं सूर्यादि नवग्रहशान्ति भई जीवनका विभिन्न खाले वाधा,क्लेश र अप्ठ्याराहरू हटेर जान्छन्। सूर्यनारायण पाञ्चायन देवीदेवताहरू मध्येका एक देवता भएकोले पनि यस कुल मन्दिरको सातौ वरियतामा सूर्य भगवानको सात वटा घोडाहरू द्वारा तानिएको रथमाथी सवार भव्य मुर्ति स्थापित गरिएको छ।

**८) राधाकृष्ण**

भगवान विष्णुका दशावतार मध्ये आठौ अवतार श्री कृष्णलाई भगवानको पूर्णावतार मानिएको छ। विष्णुका अन्य अवतारहरू अंशावतार भएकोले श्री विष्णुको पूर्ण भक्ति गर्न राधाकृष्णको युगल जोडिको आराधना गर्नु पर्दछ किनभने श्री कृष्ण भगवानले यस मर्त्यलोकका सबै चरणहरू भोग गर्नु भएको छ। भक्ति र शुद्ध भावनाले सहित भएर राधाकृष्णको पूजा गर्नाले जीवनमा सफलता,सुख,शान्ति र ऐश्वर्य प्राप्त हुने कुरा पुराणहरूमा उल्लेख छ। त्यस कारण पनि यस कुल मन्दिरको आठौ वरियतामा भगवान राधाकृष्णको भव्य युगल मुर्तिको साथमा पुरूषोत्तम भगवान र रूकमिणीको मुर्ति स्थापना गरिएको छ साथै भगवान विष्णुका अंश स्वरूप विभिन्न खाले पवित्र शालिग्रामहरू समेत राखिएको छ।

**९) हनुमान**

वत्स गोत्रीय राणा परिवारले कुनैपनि शुभकार्य गर्दा होस् वा पितृकार्य गर्दा होस् वायु देवताको पूजा गरेर वा भाग छुट्ट्याएर मात्र गर्ने परम्परा रहि आएको छ यसरि भाग छुट्टाउदा वायुपूत्र हनुमानलाई उक्त भाग छुवाएर वायु देवताको मन्दिरमा पठाउने गरिन्छ। अष्टसिद्धि, नव ऐश्वर्य प्राप्ती र भुत प्रेतबाट बच्नका लागि पनि रामभक्त हनुमानको भक्ति र उपासना गर्नु आवश्यक छ। भगवान शिवजीको रूद्रावतारका रूपमा मानिने हनुमानका मुर्ति प्राय प्रख्यात ठुला मन्दिरहरूमा कहिँ न कहिँ स्थापित गरिएको नै हुन्छ। शिव पुराण अनुसार भगवान शिवजीको एघारौ अवतार हनुमानलाई पनि यस कुल मन्दिरको नवौ वरियतामा स्थापित गरिएको छ।

**१०) शिव (पिनाकपाणि)**

यस संसारको सृष्टि पालन र संहार गर्ने त्रिदेव अर्थात ब्रह्मा,विष्णु र रूद्र हुन् भने नेपालका राष्ट्रदेव पशुपतिनाथ तिनै संहारकर्ता शिवजीका अंश स्वरूप हुन्। भक्तहरूको थोरै मात्र भक्ति बाट छिट्टो प्रशन्न हुने भगवान शिवजीको यहाँ स्थापित मुर्तिलाई पिनाकपाणि महादेव नामाकरण गरि प्रतिष्ठित गरिएको छ। पिनाक अर्थात भगवान शिवको धनुष हातमा

लिएको स्वरूप नै पिनाकपाणि महादेवको स्वरूप हो । शिव पुराण अनुसार त्रिपुरासुर दैत्यको संहार गरि स्वर्ग मर्त्य र पातालको रक्षा गर्दा भगवान शिवजीले यहि पिनाकपाणि स्वरूप भएर पिनाक धनुषमा ब्रह्मास्त्र,पाशुपतास्त्र आदि दिव्य अस्त्रहरू द्वारा निर्मित वाणले निमेष भरमै त्रिपुर र त्रिपुरासुर दैत्यको संहार गर्नु भएको थियो । भगवान शंकर भोले बाबाको यहि पिनाकपाणि स्वरूपलाई यस मन्दिरको दशौ वरियतामा स्थापित गरि नित्य पूजा एवं शिवरात्री आदि पर्व विशेषहरूमा रूद्रि गरि आराधना गर्ने गरिएको छ । भक्तहरूलाई आपत विपत परेको वखत भगवान शिवजीले दुष्टहरूको संहार गरि भक्तजनको रक्षा गर्ने कार्यमा वीरभद्रेश्वरलाई तुरून्तै पठाउनु भएका प्रशस्त कथाहरू पुराण आदि ग्रन्थहरू बाट ज्ञात हुन्छ । शिव पूजन पश्चात वीरभद्रको दर्शन र पूजा गर्ने अझ फलदायी हुने हुँदा यस मन्दिको बाहिरी खोपामा वीरभद्रलाई यथा विधि स्थापना गरिएको छ ।

**११) नरसिहं**

भगवान विष्णुका दश अवतार मध्ये चौथो अवतार नरसिहं अवतार हो । भगवानका दश वटै अवतारहरूको आ–आफ्नै महत्व र महिमा भए पनि यस कुल मन्दिरमा भगवान नरसिहंको मुर्ति स्थापना गरिनु लाई निकै अर्थपूर्ण मानिएको छ किनभने श्री ३ महाराज जंग बहादुरका पिताजी बालनरसिंह कूँवर नरसिहं भगवान अत्यन्तै भक्त र साधक भएको साथै आना सन्ततीलाई नरसिहं भगवानको महिमाको विषयमा सुसुचित गराएको कुरा विभिन्न प्राचीन शिलालेखहरूबाट अवगत हुन्छ । कुँवर परिवारहरूले हाल सम्म पनि नरसिंह कुँवर लेख्नु यस कुराको ज्वलन्त उदाहण हो । आनो कुल धर्म अक्षुण्ण रहिरहोस् र नरसिंह भगवानको कृपाद्वारा यस कुलको निरन्तर उन्नति,प्रगति र विस्तार होस् भन्नका खातिर नरसिंह भगवानको मुर्ति स्थापना गरि नित्यपूजा चलाई प्रत्येक नृसिंह जयन्तीमा विशेष पूजा आराधना गरि नृसिंह जयन्ती मनाउने गरिएको छ ।

मन्दिर स्थापना कालमा नै कामदेव, क्षेत्रपाल आदि प्रशस्तै देवीदेवताहरूको स्थापना गरिएको यस मन्दिरमा कालान्तरमा कामदेव सगै माता सरस्वतीको मुर्ति समेत स्थापना गरिएको छ । यस मन्दिरमा कुलबन्धुहरू जुन सुकै कामना लिएर आउनु भएपनि वहाँहरूका सबै मनोकामना पूर्ण हुने किसिमले निर्माण गरिएको छ । त्यस्तै यस मन्दिरको मुल ढोका बाहिर दाहिने पट्टि घाटमा जितेश्वर महादेव र विष्णुपादुकाको स्थापना गरिएको छ भने मुल ढोका अगाडिको भुईमा सूर्य भगवानको आकृति कुदिएको छ साथै मुल चोकको पश्चिम भागमा क्षेत्रपाल र मौलौ स्थापना गरिएको छ । यसका अतिरिक्त यस मन्दिर परिसरमा विभिन्न समयमा कुदिएका ऐतिहासिक शिलालेखहरूका साथै मन्दिर संरक्षण र संबर्धनमा सहयोग पुऱ्याउने दाता महानुभावहरूको नामावली राखिएको छ ।

करिब १७६ बर्ष अगाडि निर्माण भएको यो मन्दिरका केहि भाग जीर्ण भई पुनर्निर्माणको पर्खाइमा भए पनि हरेक दृष्टि बाट सुसम्पन्न कुलबन्धुहरूको नजरमा परेको कारण बाट र वँहाहरूको निरन्तर संरक्षण प्रयासले गर्दा भत्किएका र चर्किएका संरचनाहरूको मर्मत संभार र पुनर्निर्माणमा यो वत्स गोत्रीय कुँवर राणा परिवार जुर्मुराएर लागेको छ । यस कारण पनि यो मन्दिरले अबका दिनमा अझ व्यवस्थित,अझ आकर्षक र अझ भव्यता पाउने कुरामा कुनै शंका छैन । आफ्ना पुर्खाहरूको यो ऐतिहासिक धरोहरलाई जीबित राख्न सम्पुर्ण कुलबन्धु र शुभेच्छुक धर्मानुरागी भक्तहरूमा भगवानको सदा अनुग्रह रहिरहोस् ।

॥ अस्तु ॥


**समस्त**

**राणा तथा कुँवर परिवारमा**

**२०७३ सालको विजयादशमी एवं शुभ दिपावलीको**

**पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं ।**

**मछेन्द्र शम्शेर ज.ब.रा.**

**रानी किरण राणा**

**छोरा सेचन शम्शेर ज.ब.रा.**

**रानी प्राप्ती राणा**

**छोरा डा.अर्चन शम्शेर ज.बरा.**

**रानी रचना राणा**

**सुश्री साराक्षी राणा**

**आरब्य शम्शेर ज.ब.रा.**

**उपहार मार्ग, बालुवाटार**

We extend our best wishes
for peace, progress
and
prosperity
to all our "Kul Bandhus"
on the auspicious
occasion of

# HAPPY BIJAYA DASHAMI & DEEPAWALI 2073

Honourable Judge Cholendra Shamsher J. B. Rana
(Supreme Court)
Mrs. Rezi Rajyalaxmi Rana
and
Family, Kalikasthan


## घाटमै सिकिस्त सम्पदा

# जीतजङ्ग प्रकाशेश्वर शिवालय



एकाराम महर्जन

गोर्खाका राजा पृथ्वीनारायण शाह नेपालका राजाबन्न लोभिन्नुको कारण यहांको कला, सम्पदा, संस्कृति र कृषिभूमिनै मूख्य थियो । यसका लागि उनले आफ्नो जीवनको आधासमय युद्ध, कूटनीति आदि इत्यादिमा खर्चे । नेपालहान्ने क्रममा कीर्तिपुरका बस्ती, कान्तिपुरका नौतल्लेदरवार र भक्तपुरका दरवारका थुप्रैचोक र वस्तीमा क्षति पुगेको थियो । कलाकृतिबाट भरिपूर्ण नेपालको मल्लदरवारको क्षतिहुंदा पृथ्वीनारायण साह्रै दुखित भएका थिए । विजयपछि तत्काल उनले कान्तिपुरका नौतल्लेदरवार पुनजिर्णोद्धार गराइहाले र आफूपनि यहीं बसे । यसबाट गोर्खाका राजा पृथ्वीनाराण शाह नेपालको मौलिक कला, सम्पदाप्रति धेरै आकर्षित थिए भन्ने बुझिन्छ । त्यसपछिका गोर्खा शासकहरूमा नेपालको मौलिकता प्रतिको भावनामा ह्वात्तै परिवर्तन आएको देखिन्छ ।





अकाल मृत्यु बेहोरेका राजा रणबहादुर शाहको आत्मशान्तिका कामना गर्दै मुख्तियार भिमसेन थापाले भोंसिको (न्यूरोड, आरवि कम्प्लेक्स)मा रणमुक्तेश्वर शिवमन्दिर( शिवालय) बनाउन लगाएका थिए । यो मन्दिर नेपालीशैलीका थिएन । यसअघि राजा रणवहादुर शाहले पनि टुंडिखेल(केन्द्रियकारागारक्षेउ)मा जगन्नाथ मन्दिर बनाउन लगाएका थिए । उक्त मन्दिर कस्तो थियो थाहापाउन सकिएको छैन । हाल देखिएको मन्दिर वि.सं.१८९० को ठूलाभूकम्पले क्षति पुर्‍याएपछि पुनःनिमार्ण गराइएको मन्दिर हो । त्यसपछि शाहकाल र राणाशासनकालमा जतिपनि दरवार, मन्दिर, स्मारक, आवास आदि बने त्यसमा कुनै मुगलशैलीमा र प्रायः पश्चिमा मुलुकको बास्तुकलाको नक्कलमा बनाइयो । अपबादको रूपमा कामु प्रधानमन्त्रीको अवस्थामा बमबहादुर कुंवरले बनाउन लगाएका टेकु बागमतिकिनारका बमबिक्रेटेश्वर महादेव मात्र हुन् । यो नेपालीबास्तुकलामा आधारित शीखरशैली मन्दिर हो । राणाकालमा बनेको मठमन्दिरमा प्रायः शिवमन्दिर र केही विष्णु मन्दिर छन् । धेरैजसो मन्दिर एकै खालका डोमशैलीका छन् र त्यसमा राखिएका गजूरहरू पनि एकैखालका चारनाग सहितका छन् । राणाशासनकालका यस्ता मन्दिरहरूमा गजूरशैली प्रायःएकै भएपनि केही मन्दिरहरू भिन्नभिन्न शैलीमा बनेका छन् । त्यसमध्येका एक जीतजंङ्गप्रकाशेश्वर शिवमन्दिर हुन् ।

जीतजंङ्गप्रकाशेश्वर शिवालयको उत्तरपूर्वी सत्तलको माथिल्लो तल्लाको कुनामा सृष्टिका चौरासि यौनआसनका चित्रहरू अंकित थिए । अब यो छैन । पंचायतकालमा शिवशरण भण्डारी सचिव हुंदा उक्त यौनआसनका चित्रहरू जिर्णोद्वारको नाममा सबै नष्ट गराएका थिए । तान्त्रिक रहस्यका यस्ताचित्र बचाउनुको सट्टा अश्लिलता भनी हटाइएको हुनसक्छ । यसै शिवालयको पूर्वीभागको बागमति नदि किनारमा एक ठूलो ढुङ्गाको शिवलिङ्ग छन् । यो पशुपतिक्षेत्रकै ठूलो र प्राचीन शिवलिङ्ग हो । शिवालयको दक्षिणतिर नवदुर्गाको एक प्राचीन मन्दिर पनि छन् । करिव छसयवर्ष पुरानो मानिएका नवदुर्गाको एकतल्ले मन्दिर नेपालीशैलीमा छन् । यो मन्दिरभित्र तान्त्रिकविधि अनुसार कर्माचार्यहरूले नित्यपूजा गर्ने गर्दछन् । जीतजङ्गप्रकाशेश्वर शिवालय बनाउने क्रममा जीतजंङ्गले यो मन्दिर पनि बनाउन लगाएका थिए । तर यो मन्दिर भने नेपालीशैलीमा छन् । शिवालयको उत्तरपश्चिमको सत्तलमा एक ठूलो शिलाअभिलेख

राखिएको छ । यहाँको उत्तराभिमुख र पूर्वाभिमुख सत्तलमा धेरैपहिले संस्कृतभाषाको पढाई हुन्थ्यो । भनिन्छ तीनधारा पाकशालामा संस्कृत पढाउनुअघि यसै सत्तलमा बाहुनबटुकहरूलाई संस्कृतभाषाको पढाइहुन्थ्यो । एक दसकअगाडि पशुपतिका दुईभट्टलाई पनि यहीं सत्तलमा बस्ने व्यवस्था गरिएको थियो । यसर्थ यो राजराजेश्वरीघाट एक महत्वपूर्णस्थल रहेकाछन् ।

जीतजङ्ग श्री ३ जङ्गबहादुरका माहिलाछोरा हुन् । वि.सं. १९३८ तिर उनलाई नेपालको पूर्वतर्फका कमाडिङ जनरल बनाइएका थिए । पवित्रपशुपति मन्दिरको दक्षिणी क्षेत्रको बागमति नदिकिनारको पश्चिममा राजराजेश्वरीघाट जीतजङ्गले एक शिवालय बनाउन लगाएका थिए । यो शिवलय पनि उनैको नाममा जीतजङ्गप्रकाशेश्वर शिवालय राखिएको छ । शाह–राणाकालमा बनेका सम्पदामा यो शिवालयको शैलीको दृष्टिकोणले मौलिक छन् । त्यसमाथि सानाठूला गरेर सातवटा मन्दिर रहेका छन् । अण्डाकारमा उत्तरदक्षिण लम्बिएका छन् । शैली किन अण्डाकार गरियो थाहापाउन सकिएको छैन । बास्तुकलामा यस्तो बनाउनुको कुनै अर्थ छ–छैन जानकारी पाउन सकिएको छैन । जे भएपनि शिवालय धरै आकर्षक, एकमात्र नमूनाको बास्तुशैली हो । शिवालयभित्र तीन ढुङ्गाको तीन शिवलिङ्ग छन् । नित्यकर्मका लागि आचार्य थरिका बाहुनको व्यवस्था गरिएकाछन् ।  दैनिक रूपमा विहान पूजा र बेलुकि आरति हुन्छ । शिवरात्रीमा भने यहाँ विशेषपूजा गरिन्छ । दैनिकपूजा सन्चालनका लागि गुठी (जग्गा)को व्यवस्था पनि गरिदिएका थिए ।

वि.सं. २०७२ साल बैशाख १२ गते शनिवारको करिव १२ तिर काठमाण्डौमा भयंकर ठूलो भूईंचालो गयो । विश्वसम्पदा लगाएत थुप्रै सम्पदा नष्ट भए । कतिपय भत्कने अवस्थामा पुग्यो । जीतजङ्गप्रकाशेश्वर शिवालयपनि भूकम्पले नराम्ररी क्षति पुऱ्याइदिए । यस शिवालयको चारैतिर ठूल्लठूला चिरा परेकाछन् । शिवालय उत्तरपूर्वतिर अलि ढल्किसकेका छन् । भूकम्पपछि वरिपरिका सवै सत्तल भत्किए, भत्काइए । क्षतिपुगेका जीतजङ्गप्रकाशेश्वर शिवालयमा कसैले ध्यान दिइएन । एउटा पालले सम्मपनि छोपिएन । कुनै किसिमका टेका लगाइएका छैन । वर्षाको पानी हावाको कारण जीतजङ्गप्रकाशेश्वर भूकम्पलेभन्दा पनि बढी क्षति बनाईसकेका छन् । यो राणाकालीन नौलोशैली एकमात्र सम्पदा सिकिस्त छन् । सम्पदाका सम्बधित घाटेबैद्यको ध्यान जानुपर्ने हो । कुनैपनि बेला ढलिहाले यस्ता सम्पदा तुरुन्तै बनाउन त्यति सजिलो नहोला । किनकि नियमन निकाय कति सुस्त हुन्छन्, कति ढीला गर्छन् धेरैलाई अनुभव छ ।भलै जीतजङ्गप्रकाशेश्वर शिवालय नेपालीशैलीमा छैनन्, तर राणा शासकहरले नेपाली शैलीको गजूर राखि नेपाली संस्कृतिका भावना भने छोडेका छैनन् । राणाकालीन यस सम्पदा बचाउन अत्ति जरूरी छ किनकि यो भाविपुस्ताका इन्जिनियर, बास्तुकलाविद्, सम्पदाप्रेमीका आदिका लागि अण्डाकार शैलीका एकमात्र नमूना सम्पदाका वारेमा गौरव गर्न, अध्ययन गर्ने, चिनारी गराउन सकिन्छ ।



# नेपाली गहनागुरियामा सुनको महत्व हिजोदेखि आजसम्म



**महेश विक्रम कुँवर**
**प्रधान सम्पादक**

सृष्टिको शुरूकालदेखि मानिसमा चेतनाको अभिवृद्धि भएसँगसँगै नारी तथा पुरूषले रूखका बोक्रा तथा हड्डीका टुक्रा, जनावरका सिंह, माटो, ढुङ्गा आदिलाई गहनाका रूपमा प्रयोग गर्न थालेको पाइन्छ। सभ्यताको विकासक्रमसँगै विभिन्न धातुका गरगहना सुनचाँदी, फलाम, पित्तल, तामा साथै पत्थर हिरा पन्ना मोति मुगाका गहना गुरियाहरूको प्रचलन आधुनिक युगमा आएर व्यापक रूपमा हुन थालेको छ। नारीहरूको अमूल्य आभूषण मानिने यी गहना गुरियाप्रति पुरुषहरूपनि उत्तिकै आकर्षित भएको पाइन्छ। लिच्छवीकालीन नेपालमा राजा, राजपरिवार, सामन्त एवम् कुलीन वर्गहरूले केयूर, नुपूर बाजुबन्द मणिको माला हार कुण्डल आदिको स्वच्छापूर्वक प्रयोग गर्ने गरेको पाइन्छ। यस सन्दर्भमा राजा नरेन्द्रदेवले वुद्धको चित्राकिंत मूर्ति भएको कमरवन्द बाँध्ने गरेको र उनी अनेक थरीका हिरा मोति केयूर, नुपूर, नवरत्न आदि जडित पोसाक पहिरिएर राज सिंहासनमा बस्ने गर्थे भन्ने कुरा एक चिनिया यात्री ह्वेनसाङ्को विवरणले समेत बताउँदछ भने त्यतिखेरको समाजमा बाँस र हाडका गहनाका साथै धातुका गहनागुरियाहरू पनि प्रचलनमा थिए भन्ने बुझिन्छ।

तत्कालीन समयमा मल्लकालीन राजाहरूमा मुगल शासकहरूको गहिरो प्रभाव परेको देखिन्छ। मल्ल राजाहरू पनि मुगल शासकहरूले झै बहुमूल्य रत्न जडित साफा र अंगरखा पहिरन पहिरिन्थे। त्यति खेरका लोग्ने मानिसहरू कानको माथिल्लो भाग छेडेर एकापट्टि र कोही भने दुवै पट्टी मुन्द्रा लगाउने गर्थे। कुलीन र उच्च वर्गका महिलाहरू बढी तौलका संख्यामा धेरै र महङ्गा गहनाहरू लगाउने गर्दथे भने निम्न र विपन्न वर्गका नारीहरू कमसल जातका र कम मुल्य पर्ने गहना गुरियाहरू लगाउने गर्थे जुन प्रायस सुन चाँदीका हुने गर्थे। गैर नेवार नारीहरू नाकमा सुनका फुली लगाउँथे। त्यतिखेरको प्रचलित गहना गुरियाहरूमा टुकी, लुस्वाँ, चम्पकली, माकसी आदि विशेष प्रयोगमा थिए। काठमाडौँ उपत्यकामा सुन चाँदीका विभिन्न थरीका गहना गुरिया बनाउने पेसेवर बाँडाहरू प्राचीन कालदेखि हालसम्म पनि पाइन्छन् भने पहाड र तराइमा यस पेशामा लाग्नेहरूलाई सुनार भनिन्छ। आधुनिक कालमा आएर राजपरिवार र कुलीन वर्गका महिलाहरूका पुराना तस्विर एवं चित्रहरू हेर्दा पनि प्राय के देखिन्छ भने नाडी, घाँटी, नाक, कान, खुट्टा आदिमा लगाउने छुट्टा छुट्टै गहनाहरू थिए। तत्कालीन नेपालमा काँचका चुराका अतिरिक्त लाहाका मोटा बाला, सुनका चुरा, बाजुवन, सित्री, कण्ठहार, कानपासा, कुण्डल, फुली मुन्द्री, ढुङग्री आदिको बढी प्रचलन भएको पाइन्छ। राणा शासनका सुत्रधार महाराज जंगबहादुर बहुमुल्य गरगहना संकलन र पहिरनमा विशेष सोख राख्दथे। त्यसैगरी राणाा शासनको हाली मुहाली भएको समयमा हिरा, पन्ना, मोति, बहुमुल्य पत्थरका गरगहनाहरू लगाउने प्रचलन थियो। तर सर्वसाधारणलाई यस्ता गहनाहरू लगाउन प्रतिबन्ध थियो। सर्वसाधारण नारीहरूलाई चाँदीका गहना लगाउने छुट थियो भने राणा परिवारका अधिकांश महिलाहरू स्थानीय बाँडाहरूबाट नेपाली शैलीमा निर्मीत सुनका गहनाका अतिरिक्त बनारस, कलकत्ता, कास्मीर आदि ठाउँका सुनारहरूबाट बहुमूल्य आकर्षक गहना झिकाई त्यही शैलीमा बनाउन लगाई पहिरीने चलन थियो। हाम्रो देश नेपाल विविध जात-जाति, भाषा- भाषि, संस्कृति र भौगोलिक विविधता भएको राष्ट्र हो। यहाँ आ-आफ्नै जातजाति अनुसार विभिन्न धर्म संस्कृति, परम्परा भेषभुषा भए जस्तै आफ्नै प्रकारका गरगहना लगाउने प्रचलन छ। हिमाली भेगमा बस्ने शेर्पा, मनाङ्गे, ह्योल्मो, डोल्पो जातिहरूले सुनका बाला, मुगाको माला, कण्ठी, औठी, यार्लिङ्, कुन्डल, सीका माला, सिक्रि अधिक मात्रामा प्रयोग गर्ने गरेको पाइन्छ।

पहाडी भेगमा बसोबास गर्ने क्षेत्री, ब्राम्हण, नेवार ,मगर, गुरूङ्, पहरी, जिरेल, तामाङ्, राई, लिम्बू, किराँत, लेप्चा जातिहरूले घाँटिमा कन्ठी, चन्द्रहार, चम्पाकली, औठी, नाकमा बुलाकी, कानमा बाली, सुनका फुली, मारवाडी, तिलहरी, मंगलसुत्र, बेरूवा औठी, असर्फी, मोतिका माला, मुगाका माला, ढुंग्री, कल्ली, कन्ठाहार, टप, बाला, पाउजु आदि पहिरिने चलन छ। तराई भेगमा बसोबास गर्ने धानुक, थारू, कुमाल, दनुवार, सतार, भोजपुरी, मैथिली आदि जातिले पहिरिने गरगहनाहरूमा सिरबिन्दी, बिन्दीया, कान्पासा, नत्थी, हार, पैसाको माला, चुरी, औठी, बिच्छिया, टिकुली, फुली, कौडा, सिकि, बुलाकी, मारवाडी, तिलहरी, मंगलसुत्र आदि हुन्। यसरी नेपालमा प्राचिन कालदेखि हालसम्म निरन्तर रूपमा गहनागुरियाहरू लगाउने प्रचलन कायम छ। यसमा कुनै कमी आएको छैन। बरू झन दिनानुदिन यसको प्रयोगमा बृद्धि हुदै गएको छ। विशेष गरी महिलाहरू सुन, हिरा, जुहारतका गरगहनाहरू प्रति आकर्षण राख्दछन्। यो अमूल्य आभूषण पहिरनका लागि नारीहरू हर हमेसा दत्तचित्त रहन्छन्। चाड पर्व विशेष उत्सव समारोहमा त उनीहरूले एक प्रकारले प्रदर्शन नै गर्ने गर्दछन्। आज हरेक टोल टोल र गल्लीहरूमा खोलिएका गहना पसलहरूले हामीलाई यसबारे झनै प्रष्ट पार्दछ। 'अकबरी सुनलाई कसी लाउनु पर्दैन' 'ल्हासामा सुन छ कान मेरो बुच्चै' जस्ता नेपाली उखान टुक्काले सुनको महत्वलाई दर्साउँदछ। हुने खाने र हुँदा खाने जो सुकै होस् यस प्रतिको झुकाव दिनानुदिन बढ्दै छ। सौन्दर्यकी प्रतिमूर्ति ममताकी खानी आदर्श नारीलाई सुन भन्ने धातुले मोहनी नै लगाएको छ। सुन प्रतिको मानव आकर्षणले समाजमा के कति विकृतिहरू निम्त्याएको छ त्यो खोजको बिषय नै हो भने हाम्रा महाकाली, सुनकोशी, सेती, कर्णाली, भेरी, राप्ती, कालीगण्डकी, मर्स्याङ्दी, त्रिशुली, बुढीगण्डकीमा पानीसँगै बगेर जाने सुनको खोजि, सदुपयोग र विभिन्न ठाउँमा भेटिएका खानीहरूको उत्खनन् गरी संचालनमा ल्याउन नेपाल सरकार दत्तचित्त भई लाग्नु पर्ने आजको प्रमुख आवश्यकता भइसकेको छ। एकातिर समाजमा यसरी सुनका गरगहनाहरू प्रति आकर्षण बढ्दो छ भने अर्को तिर समाजमा व्याप्त गरिवी र महँगीको मारले जनताहरू आक्रान्त छन्। यस्तो अवस्थामा कसैको देखासिखीमा नारीहरू सुनका गरगहना प्रदर्शन गरी ठाटबाँटले हिँड्नु कसैको लागि पनि हितकर छैन। त्यस माथि बेलाबेलामा सार्वजनिक स्थान र सवारी साधनमा हुने गरगहना चोरीका घटनाले असुरक्षा नै बढाएको छ। यस तर्फ सबै शिक्षित महिलाहरू समयमै जागरूक हुनु जरूरी छ।

समस्त
राणा तथा कुँवर परिवारमा
२०७३ सालको
*विजयादशमी एवं शुभ दिपावली*को
पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं।

सुबास विक्रम राणा
रानी हेमन्ती राज्यलक्ष्मी राणा
छोरा सुहेन्त विक्रम राणा


समस्त राणा तथा कुँवर परिवारमा
२०७३ सालको **विजयादशमी एवं शुभ दिपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना
व्यक्त गर्दछौं ।

श्रीमती मीना राज्यलक्ष्मी राणा
(स्व.विराज शमशेर ज.ब.रा.)
छोरा विकरण शमशेर ज.ब.रा.
बुहारी इच्छा राज्यलक्ष्मी राणा
नातिनी सुश्री काश्विनी राज्यलक्ष्मी राणा
लालदरबार



# समस्त
# राणा तथा कुँवर परिवारमा
# २०७३ सालको
# *विजयादशमी एवं शुभ दिपावली*को
# पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना
# व्यक्त गर्दछौं ।

**शेखर प्रताप राणा**
**रानी बिन्दु राणा**
**ललितपुर, सातदोबाटो**



**सम्पूर्ण**
**राणा तथा कुँवर**
**परिवारहरुमा**
**२०७३ सालको**
*विजयादशमी एवं*
*शुभ दीपावली*को पावन
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं।**

**अ.प्रा. प्रहरी महानिरीक्षक ओम बिक्रम राणा**
**श्रीमती विद्या राणा**
**तथा**
**परिवार**
**नख्खुडोल, शोभाहिटी,ललितपुर**

# २०७३ सालको विजयादशमी एवं शुभ दीपावलीको पावन अवसरमा सम्पूर्ण ग्राहक एवं शुभचिन्तकहरुमा सुख, शान्ति एवं समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं ।

**Shova Bhagawati Multipurpose Co-Operative Ltd.**

**Battisputali-9, Kathmandu,**
**Phone: 4492255,016221248**

# पूर्व प्र.म.सभासद् मा.श्री शेर बहादुर देउवाज्यूको परिचय

दिवाकर राणा
महेश विक्रम कुँवर



शेर बहादुर देउवाको जन्म १३ जुन १९४६ मा नेपालको सुदुर पश्चिम डडेलधुरा जिल्लामा जन्मनु भएको हो । उहाँले शिक्षा भने त्रिभूव विश्व विद्यालयबाट मानविकि शास्त्रमा स्नातक गरी सोही विश्व विद्यालयबाट राजनितिक शास्त्र मा स्नातकउत्तर पास गरी कानूनमा पनि स्नातक सम्मको अध्ययन गरी १९८८- ८९ सम्म London School of Economic df Research Fellow in Political Science मा अध्ययन गरी राजनैतिक तथा आर्थिक विषयमा बृहत अध्ययन गर्नु भएको रहेछ । उहाँले राजनैतिक को सामान्य ज्ञान राख्ने समयमा उहाँहरूले राजनैतिक स्वतन्त्रताको माग राख्दै विद्यार्थी जीवनबाटै राजनैतिक आन्दोलन मा लाग्नु भयो । उहाँले विद्यार्थीहरूलाई संगठित गर्न को लागि सुदुर पश्चिमका विद्यार्थीहरूको कमिटी बनाई उहाँले १९६५-१९६८ सम्म यसको अध्यक्ष बनी आफ्नो राजनितिक यात्राको शुभारम्भ गर्नु भएको हामी पाउँछौ । देशमा राजनैतिक गतिविधि गर्नको लागि परोक्ष रूपमा विद्यार्थीहरू नै अधि बढनु पर्ने हुन्थ्यो तसर्थ नेपाली काँग्रेसले पनि सोही अनुरूप आफ्नो राजनैतिक गतिविधि सञ्चालन गर्न नेपाल विद्यार्थी संघको स्थापना गर्यो । जून संस्थाको संथापक सदस्य भई पछि सोही संस्थाको अध्यक्ष भई शशक्त राजनैतिक गतिविधिमा सक्रिय हुनु भयो । यसरी उहाँ राजनैतिक गतिविधिमा लाग्नु भएको मा तत्कालिन नेपाल सरकारले उहाँ लाई राजनितिबाट हतोसाही गर्नको लागि निर्मम रूपमा दवाउँदै रूपमा १९६५ देखि १९६८ सम्म करिब १० वर्ष पटक पटक जेलमा थुनियो याताना दियो तर पनि उहाँको राजनैतिक चेतनाले प्रजान्तत्रलाई विर्सन सकेन जीवनको कुनै पनि अवस्थामा प्रजातन्त्रको लागि उहाँ अविरल लागि रहनु भयो । यसै कममा विद्यार्थीहरूले शैक्षिक माग राखि गरेको आन्दोलन पछि राजनैतिक आन्दोलनमा परिणत हुँदै जादाँ २०३६ सालमा तत्कालिन राजा श्री ५ विरेन्द्रबाट सुधारिएको पन्चायति व्यवस्था वा बहुदलिय प्रजातान्त्रिक व्यवस्था मध्ये कून रोज्ने भन्ने विषयमा जनमत संग्रह गर्ने घोषणा गरी बक्सियो । जनमत संग्रहमा पनि श्री देउवा बहुदलिय व्यवस्था को लागि मत माग्ने कार्यमा निरन्तर लाग्नु भयो । तर सुधारिएको पन्चायतले नै जितेको घोषणा गरियो देशमा झन राजनैतिक स्वतन्त्रता माथि नियन्त्रण बढ्दै गयो । २० लाख जनताले बहुदलिय प्रजान्तत्रको पक्षमा दिएको मतको कदर गर्न छाडीयो तसर्थ नेपाली काँग्रेसले सत्या ग्रहको माध्यमबाट शान्ती पूर्ण आन्दोलन २०४२ सालमा शुरू गर्यो । उक्त आन्दोलनलाई सफल बनाउन भनि श्री देउवाले नेतृत्व लिनु भयो तर दुर्भाग्य सोही समयमा राजधानीको सिंहदरबार सहित विभिन्न स्थानमा जनवादी मोर्चाले राजनैतिक उद्देश्य नै राखि बम बिस्पोट गरायो । तसर्थ काँग्रेसले हिंसामा विश्वास नगर्ने भनी आफ्नो सत्या ग्रह आन्दोलन स्थगित गर्ने घोषणा गर्यो । विश्वका विभिन्न देशहरूमा प्रजातन्त्रिक आन्दोलनको शुरूवात १९९० मा भई रहेको थियो । त्यसको प्रभाव नेपालमा पनि पर्यो । नेपालमा प्रजातन्त्र पुनर बाहलिको लागि ठूलो जन आन्दोलन सुरू भयो । तत्कालीन नेपाल सरकारले आन्दोलनकारीहरूलाई निर्मता पूर्वक दवाइरहेको थियो अन्तराष्ट्रिय समर्थन नजुटाउने हो भने देशका आन्दोलनकारीहरूको निर्मम दमन गरी आन्दोलन दविनी स्थिति आयो । यस्तो विसंम परिस्थिति मा शेर बहादुर देउवाले उक्त आन्दोलनको पक्षमा पश्चिममा मूलकहरूलाई कन्भिन्स गरी आन्दोलनको समर्थनमा कतिपय यूरोप, अमेरिकाको सांसदहरूलाई आन्दोलनको समर्थनमा बोल्न लगाउने कार्य भयो । जस्को परिणाम तत्कालिन राजा विरेन्द्रले आफ्नो जनता संग सम्झौता गर्ने इच्छा गरी राजनैतिक पार्टीहरू संग सम्झौता गरी नेपालमा संवैधानिक राजतन्त्र तथा बहुदलिय प्रजातन्त्र प्रारम्भ गरिबक्सियो । यसरी राजनैतिक पार्टीहरू आफ्नो आफ्नो राजनैतिक संगठन गर्न लागे उहाँलाई पनि नेपाली काँग्रेसले सुदुर पश्चिमा संगठन बलियो बनाउन उहाँलाई सुदुर पश्चिमको इन्चार्ज बनायो उहाँले त्यस क्षेत्रमा सफलता पूर्वक संगठन गर्नु भयो फलत २०४८ सालमा को संसदको निर्वाचनमा अत्याधिक विजय नेपाली काँग्रेसलाई सुदुर पश्चिमबाटै प्राप्त भयो । उहाँ पनि डडेलधुरा जिल्लाबाट संसदमा अत्याधिक मत ल्याई विजय हुनु भयो । तत्पश्चात नेपाली काँग्रेसको सरकारमा गृह मन्त्रीको रूपमा नियुक्ती भई सफलता पूर्वक कार्य पनि गर्नु भयो । यति लामो राजनैतिक यात्रामा प्रथम सफलताको खुड्किलो संगै उहाँले श्री ३ जुद्ध शम्शेर को नातिनी विनोद शम्शेर तथा पूर्व राज्य मन्त्रि प्रतिभा राणाको छोरी डा. आर्जु राणासंग विवाह शुसम्पन्न गरी सुखी पारिवारिक जीवनको आरम्भ गर्नु भयो । उहाँबाट एक छोरा श्री जयविरसिंह देउवाको जन्म भई हाल उहाँ अध्यनरत हुनुहुन्छ । यसरी उहाँको राजनैतिक यात्राका साथ पारिवारिक यात्रा सफलता पूर्वक आगाडी बढी रहेको हामी पाउँछौ । भने श्रीमती आर्जु देउवा पनि शुरूमा सामाजिक कार्यबाट अगाडी बढी हाल नेपाली काँग्रसकै राजनितिमा सरिक भई सभासद् समेत भई पति संग काँधमा काँध मिलाई नेपाली राजनीतिलाई अगाडी बढाउँदै हुनु हुन्छ । नेपालमा राजनैतिक आन्दोलन गर्न राजनैतिक आन्दोलन सफल भए पछि आफ्नो उच्च महत्वकांच्छा को कारण आफैलाई मात्र केन्द्रित गरी राजनी ति सञ्चालन गर्ने हाम्रो केही नेताहरूको चरित्र भएको कारण नेपाली काँग्रेसले पनि आफ्नो बहुतमतको सरकार थेग्न सकेन तत्कालिन प्रधानमन्त्रि गिरिजा प्रसाद कोइरालाले मध्यावदी चुनावको

घोषणा गर्नु भयो र चुनाव भयो । नेपाली काँग्रेसले बहुमत गुमायो तर पनि श्री शेर बहादुर देउवाले निर्वाचनमा डडेलधुरा जिल्ला क्षेत्र नं. ५ बाट १९९४ मा विजयी हुनु भयो । १९९४ देखि १९९५ सम्म संसदमा प्रमूख प्रतिपक्षको नेता भई संसदमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएको पाइन्छ ।झ१९९९ मा भएको संसदिय चुनावमा उहाँ अत्याधिक मतले विजयी हुनु भयो तर त्यस समयमा माओवादी जनयुद्ध चरम उत्कर्षकमा पुगि सकेको थियो तर उहाँ यसलाई राजनैतिक वार्ताबाट नै समाधान खोज्न पर्छ भन्ने विचार राख्नु हुने भएको हुँदा तत्कालिन प्रधानमन्त्रि श्री कृष्ण प्रसाद भट्टराईले उहाँलाई १९९९ देखि २००० सम्म उच्चस्तरिय माओवादी समस्या समाधान कमिटिमा नियुक्ति गरी राजनैतिक समस्या समाधानमा कार्यरत गराउनु भएको थियो । अगस्ट २००१ देखि अक्टुबर २००५ सम्म उहाँ नेपालको पुन प्रधानमन्त्री हुनुभयो त्यस बेला चरम जनयुद्ध चलिरहेको थियो कसको कुन बेला ज्यान जाने हो कहाँ धनजनको क्षति हुने हो थाहा कसैलाई थिएन गाउँ गाउँबाट राजनीति गर्नेहरू त छोडौं सर्वसाधारण नागरिक विस्थापित हुँदै सदरमुकाम तथा राजधानी थुप्रिने क्रम व्यापक थियो । माओवादीहरूसँग भएको वार्ता भङ्ग भइसकेको थियो देशमा शान्ति सुरक्षा न्युनतम बहाली गर्न सरकारको पहिलो प्राथमिकता थियो नै त्यही प्रयोजनको लागि उहाँले संकटकाल लागु गर्नुभयो तर सो समय सकिएपछि उहाँको पार्टीले उहाँलाई संकटकाल नलगाउन निर्देशन गर्यो तर संकटकाल नलगाउने हो भने सुरक्षा निकाय क्रियाशिल हुन नसक्ने स्थितिका कारणले होला उहाँले संकटकाललाई निरन्तरता दिने उद्देश्यले संसद भङ्ग गरी चुनाव घोषणा गरे पश्चात उहाँलाई आफ्नै पार्टी नेपाली काँग्रेसले साधरण सदस्यबाट समेत निस्काशन गरी राजनितिबाट विस्तापित गर्न खोजिएको कारण उहाँले नेपाली काँग्रेस प्रजातान्त्रिकको स्थापना गरी २००२ देखि २००७ सम्म पार्टी अध्यक्ष पनि हुनु भयो । यसरी सङ्कटकाल लागु गरी शान्ती सुरक्षा कायम गर्दै आवधिक चुनाव पनि गर्ने कार्यमा कार्यरत हुँदा हुँदै सबै राजनैतिक दलहरूले हाल चुनाव नगर्ने भन्ने लिखित सुझवा दिन थाले पश्चात उहाँले केही समयको लागि चुनाव पछि सार्नु भए पश्चात तत्कालिन राजा ज्ञानेन्द्रबाट उहाँलाई प्रधानमन्त्रिबाट बर्खास्त गरियो तर नेपालका राजनैतिक दलहरूबाट उक्त कार्य को शुरूमा शसक्त विरोध हुन सकेन प्रजान्तान्त्रिक काँग्रेस एक्लो भयो । नेपालमा राजनैतिक संकट चुलिंदै गयो समाधान गर्न सक्ने व्यक्तित्व को रूपमा उहाँलाई नै पून ठानी राजा ज्ञानेन्द्रबाट २००४ मा पून प्रधानमन्त्रिमा नियुक्त गरियो । उहाँले आफ्नो कार्यकालमा राजनैतिक समाधानको लागि कार्य गरी रहनु भएको थियो । त्यसै समयमा संकटकाल लागु गरी श्री शेर बहादुर देउवाको सरकार विघटन गरी आफ्नो नेतृत्वमा सरकार गठन गरी राज्य संचालन गरि बक्सियो त्यसको परिणाम त २०६२ को जनआन्दोलन हुन गई अन्तत राज संस्थाको अन्त भई देशमा गणतन्त्र आयो । यसरी देउवाले आफ्नो राजनैतिक यात्रालाई अगाडि बढाउने कार्यलाई निरन्तरता दिने क्रममा उनी मे २००६ देखि २००७ सेप्टेम्बर सम्म संसदमा संसदिय दलको नेता भई सफलता पूर्व कार्य गर्नु भयो । यसरी पार्टी तथा संसदमा क्रियाशिल श्री देउवाले पून पार्टी एकिकरण पश्चात नेपाली काँग्रेसको वरिष्ट नेता तथा केद्रिय समितिको सदस्य समेत भै कार्य गर्नु भयो ।

उहाँ पहिले देखिनै स्वदेशमात्र होईन विदेशमा समेत पार्टीको प्रतिनिधित्व गरी कार्य गर्ने क्षमता भएको कारण उहाँ २००८ देखि २०१२ सम्म सोसलिष्ट इन्टरनेश्नल जस्तो गरिमामय संस्थाको उपाध्यक्षमा निर्वाचित हुनु भै कार्य गरेकोले नेपालको समेत ख्याती वृद्धि गर्नु भएको छ । लामो समय देखि पार्टीमा सक्रिय शेर बहादुर देउवा २०१६ मार्च ७ मा नेपाली काँग्रेसको सभापति समेत हुन सफल भई उहाँले जीवनमा साहेद सबै भन्दा ठूलो सफलता तथा खुसी महशुस गर्नु भएको हुनु पर्छ । उहाँ एक अनुभवी साहसी राजनेता नै हुनु भएको हुँदा नेपालको राजनितिमा मडारिंदै गईरहेको राजनैतिक बादललाई हटाई स्वस्थ र सङ्लो राजनैतिक वातावरण बनाई सबल र सक्षम नेपालको निर्माण गर्न सफल हुनु हुनेछ भन्ने विश्वास हामी सबैले लिएका छौं ।

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी शान्ति राज्यलक्ष्मी राणा
छोरी सुलोक्ष्यना राज्यलक्ष्मी राणा चन्द
छोरी ज्वाँई अमित बहादुर चन्द
लालदरबार, काठमाडौ

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

घनश्याम विक्रम राणा
श्रीमती लिला राणा
छोरा मनिष राणा
बुहारी निरिजा राणा
नातिनी श्रीयान्भी राणा
महाराजगन्ज बजार



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७३ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं।

**इतिहास विज्ञ पुरुषोत्तम शम्शेर ज.ब.रा.**

**श्री परमवीर शम्शेर ज.ब.रा.**

**श्रीमती भगवती मल्ल राणा**

**छोरी सुश्री निष्ठा राणा**

**बखुण्डोल, ललितपुर**



**सम्पूर्ण**
**राणा तथा कुँवर**
**परिवारहरुमा**
**२०७३ सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको पावन**
**अवसरमा हार्दिक मंगलमय**
**शुभ–कामना**
**व्यक्त गर्दछौं।**

**अध्यक्ष आदर्श बिक्रम राणा**
**रानी दिलाशा राज्यलक्ष्मी देवी राणा**
**धोबीचौर, काठमाडौं**



सम्पूर्ण
राणा
तथा
कुँवर
परिवारहरुमा
२०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन
अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

श्रीमती सावी राणा
छोरा मनोहर बिक्रम राणा
बुहारी राखी राणा
नाती आयुद बिक्रम राणा
नाती आर्य बिक्रम राणा
हात्तीगौंडा

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**किशोर विक्रम राणा**
**श्रीमती लक्ष्मी राणा**
**तथा परिवार**
**पानीपोखरी, काठमाडौं**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**देवेन्द्र प्रसाद पोखरेल**
**प्रशासकिय प्रमुख**
**काठमाडौं, महानगरपालिका-३४**
**कार्यालय, भिमसेनगोला**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

श्री हिमगंगा
बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय बागबजार काठमाडौं
फोन नं. ४२४८३८२

*We extend*
*our best wishes*
*for peace, progress*
*&*
*Prosperity*
*to all the Rana & Kunwar*
*on the auspicious occasion*
*of*
**Bijaya Dashami**
**&**
**Deepawali 2073**

**N.R. Construction**
**Jorpati - 3**
**Keshab Charan Shrestha**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

ई. मनोज जंग राणा
रानी कल्पना राणा
छोरी अदिती राणा
तथा परिवार
कुपण्डोल

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी सीमा राणा
छोरा सेनानी सौजन्यनरसिंह राणा
बुहारी उपमा राज्यलक्ष्मी राणा
नाती उत्सब नरसिंह राणा
नाती सायुद नरसिंह राणा
नयाँबजार, धारा

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

श्रीयन्त्र शमशेर ज.ब.रा.
रानी अम्बालिका राणा
छोरी आयुश्री राज्यलक्ष्मी राणा
छोरा श्रीयुक्त शमशेर ज.ब.रा.
तथा परिवार
थापाथली

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

नारायणदेव राणा
रानी सन्ध्या राणा
तथा
परिवार

# क्रिकेट खेलका कुशल उच्च व्यवस्थापक श्री जयकुमार नाथ शाहसँग गरिएको कुराकानी

**सन् १९३० मा ललितपुर कुपण्डोलमा जन्मनु भएका जय कुमारनाथ शाह नेपानी खेलकुद जगतमा एक ख्यातिप्राप्त नाम हो । सानै देखि फुटबल वास्केटबल, हाइजम, क्रिकेट खेल्ने उहाँले विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय खेलहरूमा सहभागी हुने मौका पाउनु भएको छ । उहाँको प्रारम्भिक शिक्षा दिक्षा भारतमै भयो र भारतकै स्थानीय शैक्षिक संस्थाको प्रतिनिधित्व गर्दै उहाँले भारतको क्रिकेट जगतमा आफुलाई उच्च कोटिको खेलाडीमा नाम लेखाउन सफल हुनु भएको छ । नेपालको क्रिकेट खेलको व्यावसायिक सुरूवात र यस खेलको सुधारमा जीवनको झण्डै चार दशक खर्चिएका ८७ बर्षे जय कुमार नाथ एसियन क्रिकेट संघको भाइस प्रेसिडेन्टमा दुई पटक निर्वाचित भई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्रिकेट खेलमा उल्लेखनीय योगदान पुऱ्याउनु भएको भनि उहाँलाई एसियन क्रिकेट संघ तथा वर्ल्ड क्रिकेट संघबाट लाइफ टाइम अचिभमेन्ट अवार्डबाट बिभूषित पनि भएका शाहज्यूसँग यस पाञ्चायन स्मारिका समितिका सदस्यहरूसँग उहाँकै निवास थापाथलीमा गरिएको कुराकानी**



**हजुरको बुवा मुमाको नाम के हो ?**
मेरो बुवाको नाम जगदिश प्रसन्न नाथ शाह र आमाको नाम होम कुमारी देवी शाह हो ।

**हजुरको जन्म कहाँ र कहिले भएको हो ?**
मेरो जन्म सन् १९३० मा कुपण्डोलमा भएको हो ।

**हजुरको बुवाले के काम गरिबक्सन्थ्यो ?**
मेरो बुवा जमिन्दार होइबक्सन्थ्यो ।

**हजुरको मुमा कसको छोरी होइबक्सन्थ्यो ?**
मेरो मुमा कर्णेल हरि विक्रम शाहको छोरी होइबक्सन्थ्यो ।

**हजुरको दाजु भाई दिदी बहिनी कति छन् त्यस मध्ये हजुर जेठो कान्छो कुन होइबक्सन्छ ?**
मेरो दिदीको स्वार्गवास भइसक्यो त्यसपछि म र दुई बर्ष पछि मेरो भाइ बिजय कुमार शाह उनी लण्डनमै बस्छन् ।

**हजुरको विवाह कसको छोरीसँग भएको हो ?**
मेरो विवाह फिल्ड मार्शल हरि शमशेर जबराज्यूको छोरीसँग भएको हो ।

**हजुरको छोरा छोरी कति छन् ?**
मेरो एक छोरा र एक छोरी छन् । छोरी कविता राणा र छोरा अमर शाह हुन् ।

**हजुरको प्रारम्भिक शिक्षा कहाँ भयो र कुन स्कुलबाट सुरू गरिबक्सियो?**
मेरो प्रारम्भिक शिक्षा राँचिमा भएको हो र त्यहाँबाट म्याट्रिक गरेँ कलकताबाट आई.ए र वि.ए वि.एल राँचीबाट गरेको हुँ ।

**हजुरले अध्ययन गरेको स्कुल कलेजको नामहरू बताइसक्सन्छकि ?**
मेरो स्कुलको नाम राँची जिल्ला स्कुल, अनि कलकताको स्कटिस्ट चर्च कलेज र राँचिको डिग्री कलेज हो ।

**हजुरले त्यस बेला उच्च शिक्षा नै मानविकी तथा कानूनमा ग्राजुएसन गरिबक्सिएको रहेछ पढाई अनुसार जागिर वा स्वतन्त्र कानूनी व्यवसाय कुन अपनाईबक्सियो ?**
हो, मैले उच्च शिक्षा मानविकी र कानूनमा ग्राजुएसन गरेको हो तर पढाइ अनुसार जागिर नखाई कानून अध्ययन गरे पनि मैले सर्वप्रथम इन्डियन एअरलाइन्स एसोसियटमा प्लानिङ्ग अफिसरमा आ□नो जागिरे जीवन सुरू गरेको हो ।

**हजुरको वायोडाटामा अध्ययन गर्दा खेलकुद खास गरी क्रिकेट खेलमा हजुरको सम्लग्नता लामै देखिन्छ कुन उमेर देखि खेलमा रूचि भयो र क्रिकेट कुन उमेर देखि खेल्न थालिबक्सियो, त्यस बेला क्रिकेट कहाँ खेलिन्थ्यो र नेपालमा क्रिकेट खेललाई कस्ले भित्र्याएको हो ?**
कलेज जान थाले देखि नै मेरो क्रिकेटमा सम्लग्नता रहेको हो । जनरल नर शम्शेरले नेपालमा क्रिकेट भित्र्याएको हो, त्यसबेला प्रायजसो र णाहरूको दरबारमा क्रिकेट खेल्ने गरिन्थ्यो ।

**क्रिकेट टुर्नामेन्टमा कहाँ कहाँ सहभागी भईबक्सियो ?**

मलाई फुटबल गेममा लगाव हुदाहुँदै पनि मेरो कान्छो मामा डिपुटी गभर्नर धिर विक्रम शाहज्यूको संगतले क्रिकेटमा लागियो, राँची कलेज पढ्दा देखि नै फुटबल, हाईजम, क्रिकेट खेल्ने गर्थे। पटनाको युनिभर्सिटीको तर्फबाट खेले र भारतको विभिन्न ठाउँमा पाकिस्तान, बेलायतको क्रिकेट खेलहरूमा सहभागी हुने मौका पाएँ।

**रञ्जित ट्रफीमा सहभागी हुने नेपाली पनि को को थिए हजुरलाई थाहा होला कि ?**
रञ्जित ट्रफीमा सहभागी हुने सौभाग्य पाएका एक मात्र नेपाली खेलाडी मेरो काइँलो मामाको छोरा श्याम शाह (युद्ध विक्रम शाह) नै हो। पछि ऊ खेलकुद परिषदको सदस्य सचीव समेत भएको थियो।

**रञ्जित ट्रफीको बिषयमा केही बताई बक्सन्छकि ?**
रञ्जित ट्रफी महाराज रञ्जित सिंहको नामले रहन गएको हो, त्यस बेलामा महाराजा रञ्जित सिंह, उहाँको भतिजा दिलीप सिंह र इफ्तखार अलिखान ( नवाव पटौतीका बुवा) हरू इंल्याण्डको तर्फबाट क्रिकेट खेल्नुहुन्थ्यो। उनै महाराज रञ्जित सिंहज्यूको नाममा यो ट्रफीको नाम रहन गयो।

**हजुरका समकालीन नेपाली खेलाडीहरूको नाम बताई बक्सन्छ कि?**
मेरो बेलाका क्रिकेट खेलाडीहरू जस्टिस पृथ्वीबहादुर सिंह, डा. कल्याण मणि दिक्षित, कुमार मणि दिक्षित तुषार भट्टचार्य, तारणी विक्रम शाह, शक्ति राणा र श्याम शाहहरू नै हुन्। क्रिकेटको क्षेत्रमा आई.सी.सी. को नेपाल एसोसियट मेम्बर भएको समय नै म कहिले बिर्सन सक्दिन।

**जय ट्रफी कसको नामबाट संचालित भएको हो र हाल किन त्यो संचालनमा छैन ?**
जय ट्रफी मैरै नाममा मैले संचालनमा ल्याएको हुँ, तर पछि खेलकुद परिषदले इतिहास मेटाउने हिसाबले त्यसलाई सञ्चालनमा ल्याउन छाडे।

**हजुरको समयमा क्रिकेट विकासमा खास के के काम भएका छन् ?**
हाम्रो समयमा अघि नै भनिहाले मुलुकमा पैसा थिएन पैसा नभई खेलकुदको पूर्वाधार विकास गर्ने कुरा नै भएन केवल नियमित रूपमा प्रतियोगीताहरू क्लबहरूका बिच गराउन नै बढो मुस्किल थियो, त्यसै प्रतियोगीताबाट क्रिकेट खेललाई जीवित राख्न सकियो र पछि मेरो कार्यकालमा अन्तराष्ट्रिय स्तरको क्रिकेट स्टिडियम मूलपानीमा स्थापना भयो।

**क्यानमा हाल आएर ठूलो बिवाद भइरहेको छ, के हजुरको समयमा पनि त्यस्तो बिवाद भइरहन्थ्यो ?**
हाम्रो समयमा पैसा थिएन बढो दुःखका साथ संचालन गर्नुपर्थ्यो तसर्थ झगडा हुदैन थियो तर अब क्यानमा ठुलो धनराशी विदेशबाट आउन थाले। पैसासँगै झगडा पनि सँगसँगै आइरहेको छ नेपालमा।

**अहिलेको नयाँ पुस्तालाई केही सन्देश छ कि ?**
ग्लोबल अवार्ड पाउन हामी सफल भयौ अहिलेका युवाहरू क्रिकेट खेलमा लागेका युवाहरूले वर्ल्ड कप जितुन् भन्ने मेरो आशिर्वाद छ।


**समस्त**

**राणा तथा कुँवर परिवारमा २०७३ सालको**

**विजया दशमी एवं शुभ दिपावलीको पावन अवसरमा हार्दिक मंगलमय**

**शुभकामना व्यक्त गर्दछौं।**

**श्रीमती परिक्षित नरसिंह राणा**
**छोरी दिपा राज्यलक्ष्मी राणा**
**छोरा प्रसन्न नरसिंह राणा**
**बुहारी उमा राज्य लक्ष्मी राणा**
**नातिनी प्राथवी राज्यलक्ष्मी राणा**
**तथा प्राथिका राज्यलक्ष्मी राणा**
**ठमेल**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**विवेक बहादुर बस्न्यात**
**रानी आयुश्मा राणा बस्न्यात**
**छोरा बेदाङ्ग बस्न्यात**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**अ.प्रा. स.र. राज राणा**
**श्रीमती अम्विका राणा**
**तथा**
**परिवार**

२०७३ सालको
**विजयादशमी एवम् शुभ**
**दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।
के तपाई नयाँ घर बनाउँदै हुनुहुन्छ ?
खानेपानी योजना संचालन गर्दै हुनुहुन्छ ?
त्यसो भए नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त हाइडेन सिटी पाइप
नै प्रयोग गरी ५० औं वर्ष ढुक्क हुनुहोस् ।
खानेपानी, ढल, सिञ्चाई तथा घरको बिजुली वाईरिङ गर्दा सधैं
हिसि पोलिथिन पाईप नै प्रयोग गर्नु होस् ।

**हिसी पोलिथिन एण्ड**
**प्लाष्टिक इन्डष्ट्रिज प्रा. लि.**
**कारखाना: भवन नं. ३७, बालाजु**
**औद्योगिक क्षेत्र**
**कार्यालय: बालाजु चक्रपथ, फोन : ४३५००२२,**
**फोन: ०१-४३५१८००,**
**फ्याक्स: ०१-४३८८६५१**

समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

**मा. सभासद् प्रमिला राणा**
**तथा**
**सम्पूर्ण परिवार**



Best
Wishes
on
the auspicious occasion
of

**Bijaya Dashami**
**and**
**Deepawali**
**2073**

बैभव शम्शेर ज.ब.रा.

**PROFICIENT TRAVELS**

Nagpokhari, Naxal, Kathmandu, Nepal
Tel: 4423033, 4442967, 4442957
Fax: 4429308, protravels@wlink. com. np



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७३ सालको विजयादशमी
# एवं
# शुभ दीपावलीको पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं।

**अ. प्रा. अतिरिक्त प्रहरी महानिरिक्षक**
**दिनकर शमशेर ज.ब.रा.**
**रानी रवीता राज्यलक्ष्मी राणा**
**तथा**
**परिवार**
**मानभवन, ललितपुर**

**Best Wishes on the auspicious occasion of**

**BIJAYA DASHAMI**
**&**
**DEEPAWALI**

**2073**

Achute Bikram Rana
**CACHEMIRE PARACHUTE**
279/9, Paknajole
Kathmandu, Nepal



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
**विजयादशमी एवम् शुभ दीपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

जीवनबहादुर कुँवर
श्रीमती अनिता कुँवर
छोराहरुः पदम कुँवर
किसान कुँवर
भीरकोट-१, धरमपानी
स्याङ्जा



**सम्पूर्ण**
**कुँवर राणा कुलबन्धुहरुलाई**
**विजयादशमी तथा शुभ दीपावली २०७३ को**
**हार्दिक मंगलमय शुभकामना**
**व्यक्त गर्दछौं ।**

श्याम राज कुँवर
छोरा पूर्व ब.प्र.उ. बसन्त राज कुँवर, बुहारी पूजा कुँवर
छोरा उ.र. हेमन्त राज कुँवर, बुहारी ज्योती कुँवर
छोरा रवी राज कुँवर, बुहारी पारु कुँवर
नातीहरु अभय जंग कुँवर, अशिम जंग कुँवर,
नातिनी आयूषा कुँवर
सामाखुशी /काठमाडौं

दर्ता नम्बर २४४२=०६६=०६९

श्रीया महिला
बचत तथा ऋण सहकारी संस्था लि.

मध्य बानेश्वर-१०, काठमाण्डौं, नेपाल
सर्म्पक फोन नम्बर :- +९७७-०१-४४७८७३६





विजयादशमी
तथा
शुभ दीपावली २०७३ सालको पावन
अवसरमा सम्पूर्ण ग्राहक महानुभाव तथा
शुभचिन्तकहरुमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

यूरो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Euro Saving & Credit Co-operative Society Ltd.

Ganesh Sadhan, Tridevi Marg,
Thamel, Kathmandu, Nepal
tel:977-1-4442749,442679
Fax: 977-1-4422697
Email:eurosaving@info. com. np



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको
विजयादशमी एवम् शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

तर सन् १९५७मा अंग्रेजहरूको विरूद्ध हिन्दुस्थानी मूलका सैनिकहरूले गरेको सैनिक विद्रोहको नेता वेगम हजरत महल र उनका छोरा समेतले सरण माग्दा जङ्ग बहादुरले अंग्रेजको त्यती ठूलो शत्रुलाई आफ्नो दरवारमा नै शरण दिएर राखेका थिए । त्यसरी राख्दा समेत अंग्रेज र जङ्ग बहादुर बिच राजनैतिक संबन्धमा कुनै आंच आएन । दुबैले एकअर्काको सम्वेदनशिलतालाई बुझेका थिए त्यो के भने जङ्ग बहादुर एक हिन्दु शासक रहेकोले उसको धर्म अनुसार एक शरणमा आएको लाई शरण नदिनु मरण गर्नु उसको धर्मको विरूध हुन्छ यस प्रकारको जङ्ग बहादुरको कठिनाई लाई अंग्रेजले बुझिदियो भने हजर त बेगमलाई केवल सामाजिक शरण मात्र दिएर राजनैतिक गतिविधि गर्न नदिएर अंग्रेजलाई चित्त बुझाउन सक्नु जङ्ग बहादुरको कुटनितिक सफलता थियो । जङ्ग बहादुर बेलायतको महारानी भिक्टोरिया लाई भेट्न जाँदा पनि आफ्नो धर्मिक अनुशासन कायम गरेका थिए । बेलायत संग आफ्नो राजनैतिक सम्बन्ध उच्च तहमा गर्न सफल भए तापनि उसले विश्व राजनितिलाई बुझने चासो लाई भने निरन्तता दिएको पाइन्छ । त्यहि कारण उनि बेलायतबाट फ्रान्समा गए त्यहां उनले उच्च तहमा राजनैतिक भेटघाट गरे त्यहांको कानुनी व्यवस्थाको गहन अध्ययन गररे नेपालमा पहिलो लिखित कानून १९१० मा मुलुकी ऐन बनाएका थिए । परराष्ट्र नितिको विस्तार समेत गरेको सन्देश त्यही भ्रमणबाट दिएका थिए ।अर्को तिर मूलूकी ऐनमा नेपालीहरू हिन्दु धर्मबाट पालित र शासित छन् भने कुरा लिखित कानूनमा नै राखी छिमेकी ब्रिटिस शासक लाई बोध गराईएको पाइन्छ । तर्सथ हिन्दु धर्म नै नेपालको शासकिय प्रणलीको आधार स्तम्भ हो भने कुरा अंग्रेजहरूले महशुस गरेका थिए । त्यो कति सान्धर्विक थियो भन्ने कुरा आज संविधान कार्यान्वयन हुन नसक्नु बाटनै प्रमाणित भै रहेको छ । जङ्ग बहादुरले आफ्नो शासन सत्तालाई स्थिरता दिनको लागि मात्र धार्मिक आधारलाई लिएको होइनकी त्यस वेलाको नेपालको धार्मिक संस्कृतिक परिस्थितिनै त्यस्तो थियो जसलाई जूनसुकै शासकले पनि शन्तुलित रूपमा मानै पर्दथ्यो । जङ्ग बहादुरको शासनको स्थिरतामा पनि अंग्रेजहरूको आवश्यकता छ भने कुरा अंग्रेजहरूलाई राम्ररी बुझाउन सफल थिए उनी ।जङ्ग बहादुर भन्दा अधिका शासकको शासन कालमा नेपाल कमजोर थियो । त्यति बेला उसले आफ्नो भन्दा बलियो शासक संग राजनैतिक कुटनितिक सन्तुलनबाट ब्रिटिस इण्डियाको वास्तविक चाहनालाई सन्तुलित रूपमा सम्बोधन गर्न नसके कै कारण नेपालले युद्ध मार्फत आफ्नो भू भाग गुमाउनु परेको थियो ।उक्त लाडाईमा नेपालको हार भए पश्चात सुगौली सन्धी भयो तर त्यसमा हामीले गौर ब गर्दछौं की त्यस बेलाका शासकले बडो बुद्धि पुराएकोले एउटा यस्तो दफा उक्त सन्धीमा राख्न सफल भयो त्यो हो भारतमा अंग्रेजले शासन गर्न छोडेका अवस्थामा उक्त गुमेका भूमी नेपालकै हुने छ ।तर हामी सबैले विचार गरौत ? त्यती महत्तवपूर्ण दफा हारेको पक्षले कसरी र ाख्न सक्छ ? त्यो त जित्ने पक्षले आफ्नो अनुकुलको शर्त राख्न सक्ने हो ?यसबाट के बुझीन्छ भने बृटिसहरूले एक दिन भारत छोडनु पर्दछ भने कुरामा विश्वस्त थिए यस्तो मनस्थिति भएको एक बलियो शासकको तत्ककालीन चाहना बुझन सकेनौ हामीले ? जसले गर्दा युद्धनै गर्न पर्ने स्थिति आयो । यूद्ध भयो नेपालको हार भयो त्योत्रो ठूलो भूभाग गुम्यो ति सबै असफल परराष्ट्र नितिको परिणाम थियो यदि त्यस समयमा जङ्ग बहादुर जस्ता शासक हुंदो हो त त्यस बेला वार्ताबाट नै समस्या समाधान हुन्थ्यो युद्धनै हुने थिएन यो निश्चित हो ।

तसर्थ पराष्ट्र निति भने को व्यवहारिक राष्ट्रिय स्वार्थ पनि हो । एउटाले अर्को लाई बुझ्नु बुझाउन सक्नुनै सफल पराष्ट्र निति हो । जहां एकले अर्कोलाई बुझ्दा वा बुझाउदा छोटो समयको लागि निहित सत्ता स्वार्थ को लागि अर्को बलियो पक्षलाई चित्त बुझ्उँदैन त्यहाँ केहि समयको लागि उसको जित भएको जस्तो देखिएता पनि त्यसले दिर्घकालीन लाभ गर्दैन अन्तत राष्ट्रलाई अपूर्णिय क्षती हुन जान्छ । त्यसैले कुटनितिक आवश्यकता एकले अर्कोलाई बुझदा देशको काल परिस्थिति यावत कुरालाई बुझ्नु पर्दछ । जस्तै पूर्व र ाजदूत क्षेत्र बिक्रम राणा भन्नुहुन्थ्यो चीनमा चिनिया कम्निष्ट पार्टीका अध्यक्ष माउत्से तुङ को निधनमा स्टेट संवेदना उनको धर्मपत्नी लाई धेरै राष्ट्रका कुटनितिज्ञहरूले दिएका थिए ।तर उनले च्याङचिङलाइ स्टेट संवेदना व्यक्त गरेन् ।त्यसै विषयलाई लिएर नेपालको पराष्ट्र मन्त्रालयबाट उहांलाई स्पष्टीकरण पनि सोधियो तर पनि उनले त्यसको सामना गरे अन्तत २०/२५दिन बाद चीनको राजनितिमा उल्टपुल्ट भयो .च्याङचिङहरूको पतन भयो । तङस्याउपिङ को उदय हुन थाल्यो त्यस पछि तङस्याउपिङको वैदेशिक यात्रा नेपालबाट सुरू भयो । यदि त्यस वेला क्षेत्र विक्रम राणाले चिनको विद्यमान परिर्वतन उन्मुख स्थितिलाई बुझ्ने कुशलता नदेखाएको भए तङ स्याउपिङको उदय पश्चात नेपालको र चिन विचको राजनैतिक सम्बन्ध सहज सर ल हुने थिए विकशित चिनको प्रणेता नै उनी भए । यसबाट के बुझ्नुपर्छ भने क्षणिक कालमा मात्र हेर्नु हुदैन त्यहांको बस्तुगत स्थिति जसले पछि सम्मलाई के कस्तो असर पादर्छ त्यस कुरालाई कुटनैतिक रूपमा गर्नु गराउनु पर्दछ ।

नेपालमा २००७ शालमा परिवर्त आयो तर पराष्ट्र नितिलाई परिमाजित गर्दै जङ बहादुर कै नितिलाई पालना गरिएको थियो । यति

सम्म कि राणाहरूले शासन छोड्दा र प्रजातान्त्रिक सरकारले सम्हाल्दा समेत पराष्ट्र नितिको निरन्तर पालना भएको थियो। त्यो निरन्तता २०१७साल मा २०१७ पछि सम्म पनि राजा महेन्द्रले निरन्तरता दिएका थिए। जहाँ पराष्ट्र नितिमा अशन्तुल्न आयो त्यहाँ नेपालमा राजनैतिक उथल पुथल परिवर्तन आएको पाइन्छ। त्यो परिर्वतन शासकहरूको प्रतिकूलनै किननहोस परिवर्तन आयो।२०४६ सालको परिर्वतनले सक्रिय राजतन्त्रबाट संवैधानिक राजतन्त्र तथा बहुदलिय प्रजातन्त्र स्थापना भयो। राजनैतिक दलहरू ले प्राप्त प्रजान्तत्रलाई संहान्लनै सकेनन् किन भने हाम्रो नेताहरूले भविष्यलाइ देख्न सक्ने क्षमतानै र ाख्दैन थे कुनै पनि व्यवस्था आफैमा सर्व गुण सम्पन्न हुंदैन त्यसलाई सर्वगुण सम्पन्न बनाउदै लैजाउनु पर्ने हो। नत्र त त्यस भित्रका अवगुणतथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्वार्थ पूर्ति नभएका असन्तोष लाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय तत्वहरूले हामी जनता माझमा झगडा गराई हामीलाई कमजोर बनाए पश्चात आफ्नो स्वार्थ लाद्ने काम गर्ने गर्दछन्। जस्तै २०४७ साल को संविधानमा नै पश्चिमा मूलुकहरूबाट धर्म निरपेक्षता हुनु पर्छ भन्ने प्रस्ताव आएको थियो। तर तत्कालिन प्रधान मन्त्री कृष्ण प्रसाद भट्टराईले प्रजातन्त्रको जननी देश बेलायत को म्याग्नाकार्टा मा नै बेलायतको राज्य धर्म प्रोटेस्टेण्ट रहने छ भन्ने लेखिएको तथ्य पश्चिमा मुलूकका प्रतिनिधिहरूलाई राम्ररी बुझाएका थिए।

तर उनीहरूलाई चित्त बुझेको थिएन उनिहरूले धमिलो पनी मा माछा मार्दै हाम्रो घर झगडा जस्तै सत्ताको लागि सरकार गिराउने र बनाउने घृणित खेलमा परोक्षय सरोकार राख्न थाल्यो। परिणाम सर कार अस्थिर भयो भने त्यसको मौका छोपी एनजियो तथा आइ एन्जियो मार्फत गाउँ गाउँमा जातिजनजाति बिच मनोमालिन्य फैलाइयो भने र ाज्य कमजोर भएको मौका छोपी पश्चिमीहरूको सिन्द्धान्त विपरित भए तापनी धर्मको लागि हाम्रा राजनैतिक दलकरूलाई परोक्ष रूपमा सहयोग गर्दै गए भने हाम्रै छिमेकी राष्ट्र को पनि आवश्यकता के थियो त्यो पुर्याउन सकेनौ। हामीले सकारात्मक छिमेकीले राखेको प्रस्तावमा हाम्रो पनि भलो कहांनिर हुन्छ भन्ने छलफल सम्म पनि गरेनौ उसको प्रस्ताबलाई टार्दै टार्दै गयौ त्यसको परिणाम हाम्रो राज्यमा उम्रेको द्वन्दलाई परोक्ष सहयोग सर्मथन पुर्याउँदै गयो। राजनैतिक दलहरू आफै लडिरहे अन्नत :राजनैतिक दल भर्सेज राजाका विचमानै र ाजनैतिक विवाद भई राजतन्त्रनै समाप्त भयो।नेपाललाई गणतान्त्रिक सङघात्मक धर्म निरपेक्ष राष्ट्र बनाइयो तर यो ठिक थियो थिएन त्यस पछि का राजनैतिक घटना क्रमहरूले प्रमाणित गर्दै आएको छ।

संविधान सभा १ ले संविधान दिन सकेन र किन सकेन सबै राजनैतिक दलहरूलाई थाहा थियो तर संविधान सभा २ ले २०७२ मा गणतान्त्रिक संविधान ल्याउँदा पनि ति भूराजनैतिक धार्मिक कुरालाई अनदेखा गर्यो।नयाँ ल्याएको संविधान आज सम्म पूर्ण रूपमा लागु हुन सकेको छैन् किन? यदि नेपालका राजनैतिक दलहरूले आफूले चाहेको व्यवस्था ल्याई सकेको हो भने किन त्यो व्यवस्थाले आगाडी बढन सक्दैन किन त्यो व्यवस्था धर्मराही रहेको छ। परिर्वतनको संधारमा उभिएझै भइरहेको छ।नयाँ सविधान २०७२ अगाडि बढ्न नसक्नु कार ण के हो त ? केवल आन्त्ररिक कारण मात्र हो कि त? वाहय कार ण पनि हो त? वाहय कारण पनि हो भने किन हाम्रो संविधान लागु गर्न वाहय कारणले असर गरी रहेको छ वा वाहय सहयोग र समर्थन को आवश्यकता पनि परि रहेको छ ? यो विचारणीय विषय हो। शन्तुलित पराष्ट्र नितिको इतिहास बुझ्न आवश्यक छ जो हाम्रा पुर्खाहरूले सफल रूपमा अप्नाएका थिए।

यस बाट के पुष्टी हुन्छ भने हामीले ल्याएको परि वर्तनमा वाहय शक्ति को सहयोग र साथ थियो।यस्तो अवस्थामा वाहय शक्तिको इच्छा र आङक्षा पनि संग संगै आउने कुरा हो त्यो एक प्रकारले स्वभाविक पनि हो त्यसलाई कुटनैतिक तवर बाट चित्त बुझाउनु नसक्नु राजनैतिक असफलता होइन त ? हाम्रो पराष्ट्र निति कहाँ कम्जोर भयो कहाँ अशन्तुलन हुन गयो ? यो मूल्याङ्कन गरौ।त्यस्तो असन्तुलनले पहिला जनतामा मार पर्छ अन्तत मूलुकको राष्ट्रियता, राष्ट्रिय सर्वभौमिक्ता समेत धरापमा पर्दै जाने छ। २०६२ सालको आन्दोलनले ल्याएको परि र्वतनलाई स्वयम आन्तरिक तथा वाहय कुनै अनिवर्य शक्तिले पूनर मूल्याङ्न गरि रहेको अवस्थामा त होइन ? यो हामी सबै नेपालीले विचार गर्नु पर्ने अवस्था आएको छ।तसर्थ श्री ३ जङ्ग बहादुरले निमार्ण गरेको भूराजनैतिक, संस्कृतिक,धार्मिक तथा भौगोलिक आदी महत्वपूर्ण कुराहरूलाई मध्ये नजर गरी निमार्ण गरी सफलतापूर्वक लागु गरेको पराष्ट्र नितिलाई अवलम्बन गर्नुनै नेपालको हित हुने देखिन्छ।अरू बांकी राजनैतिक दल र नेताको विवेक र व्यवहारमा निहित हुने देख्दछु। धन्यवाद।

**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा २०७३ सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको पावन अवसरमा**
**हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं।**

**पाइप एण्ड पाइम फिटिङ्स प्रा.लि**
**लाजिम्पाट, काठमाडौ**



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७३ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

**पवित्र विक्रम राणा**
**श्रीमती ममता राणा**
**छोरा पावन विक्रम राणा**
**तथा**
**परिवेश विक्रम राणा**



# सम्पूर्ण
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७३ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

## जनरल भक्तवीर कुँवर राणा परिवार

**बुढाजनरल मार्ग**

**धोबीचौर, काठमाडौं**

# पूर्व जलस्रोतमन्त्री मा. सभासद् श्री ज्ञानेन्द्रबहादुर कार्कीज्यूसागको कुराकानी

**वि.सं २०१३ साल फागुण महिनामा पूर्वि नेपालको पहाडी जिल्ला भोजपुर देउराली वडा नं. ४ मा जन्मिनुभएका ज्ञानेन्द्र बहादुर कार्की नेपाली राजनीति क्षेत्रमा चर्चिच व्यक्तित्व हुनुहुन्छ । समाजसेवी बुवा कृष्णमोहन कार्की र ममतामयी माता अम्बिका कार्कीका सुपुत्र ज्ञानेन्द्र बहादुर कार्की स्कुले विद्यार्थी जीवनकाल देखि नै नेपाली कांग्रेसको भातृ संस्था नेपाल विद्यार्थी संघसँग आवद्ध हुनुहुन्थ्यो । भोजपुर एउटा विकट पहाडी जिल्ला भए पनि त्यहाँका बासिन्दाहरूमा पढ्नुपर्छ भन्ने सोच रहेको पाइन्छ । यही सोचबाट उहाँ पनि टाढा रहन सक्नुभएन । बिद्यार्थी जीवनदेखि नै राजनीति सुरू गर्नुभएका उहाँको नेपाली कांग्रेसका सन्त नेता कृष्ण प्रसाद भट्टराई ज्यू सँग निकटतम सम्बन्ध रहन गएको देखिन्छ । जीवनमा पटक पटक गरी ४ बर्षसम्म जेल जीवन विताउनु भएका पूर्व मन्त्री तथा सभासद ज्ञानेन्द्र बहादुर कार्की ज्यूसँग पाञ्चायन परिषदका स्मारीका प्रकाशन समितिका सदस्यले उहाँकै निवासमा लिएको अन्तर्वार्ताको विस्तृत विवरण ।**

**हजुरको जन्म कहाँ र कहिले भएको हो ?**

मेरो जन्म २०१३ साल फाल्गुन महिनामा भोजपुरको देउराली बडा नं. ४ मा भएको हो ।

**हजुरको बुवा आमाको नाम के हो ? बुवा आमा के काम गर्नुहुन्थ्यो ?**

मेरो बुवा कृष्णमोहन कार्की र आमा अम्बिका कार्की हो । बुवा सामाजिक काम गर्नुहुन्थ्यो, अहिले ८५ बर्षको हुनुभयो । आमा चाहिँ गृहिणी हुनुहुन्थ्यो ।

**हजुरको प्रारम्भिक शिक्षा कहाँ र कस्तो परिवेशमा भएको थियो ?**

मेरो प्रारम्भिक शिक्षा ९ कक्षा सम्म आफ्नै गाउँमा भयो र १० कक्षा भोजपुरको विध्वदय हाई स्कुलमा भएको हो । भोजपुर सदरमुकामबाट १५ देखि २० किलोमिटरको बाटो हिडेर जानुपर्ने हुन्थ्यो ।

**हजुरको विवाह को सँग र कहिले भएको थियो, परिवारमा को को हुनुहुन्छ ?**

मेरो विवाह २०४७ सालमा आवु राणासँग भएको हो । मेरो एक छोरी छिन् ।

**हजुरले उच्च शिक्षा कहाँ कहाँ लिनुभयो ?**

आई.ए. सेमेस्टर प्रणालीमा थियो भोजपुर क्याम्पसबाट गरे, डिप्लोमा त्रिचन्द्र क्याम्पसबाट र एम.ए. पोलिटिकल साइन्स T.U बाट सकिए पछि जर्मनीको हिडलबर्ग युनिभर्सिटीबाट सिनियर फेलोसीप गरिसके पछि २०४२ सालमा सत्या ग्रह आन्दोलनको लागि कृष्णप्रसाद भट्टराई ज्यूले काठमाडौं बोलाउनु भएकाले त्यसमा सहभागी भएँ ।



**हजुरलाई राजनैतिक चेतना कुन उमेरदेखि आयो, कुन उमेरबाट विद्यार्थी राजनीतिमा सक्रिय हुनुभयो ?**

१० कक्षा पढ्दा देखि नै विद्यार्थी राजनीतिमा लागेँ । त्यो प्रेरणा मलाई मेरो पिताबाट मिलेको हो ।

**पार्टी राजनीतिमा कहिलेदेखि लाग्नु भयो र हाल कुन पदमा कार्यरत हुनुहुन्छ ?**

पार्टी राजनीतिमा लाग्नु अगाडि २०३९ मा ने.वि. संघको केन्द्रिय अध्यक्ष भए पार्टीको विभिन्न तहमा काम गर्दै विगत १३ बर्षदेखि नेपाली कांग्रेसको निर्वाचित केन्द्रिय सदस्यको रूपमा कार्य गर्दै आएको छु ।

**चार चार बर्ष जेलमा पनि पर्नुभएको रहेछ, कुन मुद्दा लागेर हजुरलाई जेल हालियो ?**

त्यति खेर शान्ति सुरक्षा अन्तर्गत हामीलाई थुनियो, २०३३ सालमा पहिलो पटक १९ महिना भट्टराई ज्यूसँगै जेलमा बसियो पछि भोजपुर, विराटनगर, काठमाडौं गरी चार बर्ष जेल परैं ।

**बहुत दुःख कष्ट खेपेर प्रजातन्त्र त ल्याइयो तर प्रजातन्त्रले जनतालाई बोल्ने स्वतन्त्रता बाहेक न्यायिक निसाफ सर सुविधा त दिन सकेन नि ? कसरी प्रजातन्त्र जीवित रहला ?**

आर्थिक सम्वृद्धितर्फ मुलुकलाई सम्लग्न गराउन राजनैतिक स्थिरता नहुँदा जनताले प्रजातन्त्रको प्रतिफल जसरी अनुभूत गर्नुपर्थ्यो त्यो नसकेको यथार्थ सत्य हो । तर २०४६ सालपछि देशले विकासका निमित्त चाहिने पर्याप्त पुर्वाधारहरूको विकास भएको छ । माओवादीको दश बर्षे जनयुद्धले र दरबारले सँधै लोकतन्त्रलाई अस्थिर गर्ने खेल खेलिरहँदा आशातित प्रगति हुन सकेन । अब जनताको सर्वोच्चतता स्थापित भएको छ । गणतन्त्र स्थापना भइसकेको छ । अब राष्ट्रले आर्थिक क्रान्तिलाई अगाडि बढाउनु पर्दछ । राष्ट्रको साधन स्रोतलाई सही रूपले परिचालन गर्दा देशले चाहेको उपलब्धी हासिल गर्न सक्दछ ।

**हजुरले आफ्नो जिल्लामा के कस्तो विकास निर्माण कार्य गर्नु भएको छ, जसका कारण हजुरलाई जनताले सम्झने गर्दछन् ?**

मैले जलस्रोत मन्त्रीको कार्यभार सम्हाले पछि पूर्वि पहाडको विकट जिल्ला भोजपुरमा विकासको मुख्य कडी विधुत प्रसारण लाइनको विस्तार भएको छ । शिक्षा स्वास्थ्य र सिचाँईको क्षेत्रमा पनि महत्वपूर्ण कामहरू भएका छन् । जसबाट जनताको माया र स्नेह पाएको छु । अब गर्नुपर्ने कामहरू धेरै छन् ती कामहरू गर्न मैले आफुलाई केन्द्रित गरेको छु ।

**२-२ चोटी जलविधुत मन्त्रालय सम्हाल्नुभयो, तर देश लोडसेडिङ्गको चपेटामा नै छँदै छ, यस क्षेत्रको समाधानलाई हजुरले के गर्नुभयो त ?**

मेरो कार्यकालमा पुर्वका चर्चित अरूण तेस्रो परियोजना र पश्चिममा अपर कर्णाली र आफ्नै लगानीमा अपर तामाकोशीको प्रारम्भ भएको हो, यी आयोजनाहरू ५ बर्षमा पुरा हुनुपर्थो तर अहिलेसम्म पुरा हुन सकेको छैन । यो जलविधुत विकासका निम्ति दुखद पक्ष हो । मुलुकलाई लोडसेडिङ्ग मुक्त मात्र होइन जलस्रोतको विकासको माध्यमद्वारा समृद्ध राष्ट्र बनाउन सकिन्छ, जसका लागि अठोटको जरूरी छ । करिब ४०-४५ पहाडी जिल्लाहरूमा ३०, ४० मेघावाटका विद्युतको विकास गर्न सम्भावना छ, त्यसलाई मात्र पुरा गर्न सक्यौ भने मुलुकको राष्ट्रिय अर्थतन्त्रमा ठुलो सकारात्मक असर पर्नेछ । गाउँनै गाउले बनेको हाम्रो देश भएकाले गाउँको विकासका साथै गरिवी बेरोजगारीको अन्त्य हुन्छन् । यस दिशामा हाम्रो ध्यान केन्द्रित हुनु जरूरी छ । जसरी अरबियन राष्ट्रहरूले पेट्रोल बेचेर अर्थ उपार्जन गरेका छन् । हामीले पनि विजुली उत्पादन गरेर भारतलाई विद्युत आपुर्ति गर्न सक्यौ भने भारतसँगको आर्थिक घाटालाई पुर्ति गर्न सक्छौं । अहिले भारू किन्नुपर्ने अवस्थाको अन्त्य हुनेछ ।

**अब पारिवारीक कुरा गरौं, हजुरको जीवनमा बिर्सन नसक्ने कुनै त्यस्ता घटना छन् कि ?**

श्रीमतीको मृत्यु हुनु भनेको मेरो जीवनको सबैभन्दा दुखद् क्षण हो । मेरो श्रीमती उच्च घरानकी भएर पनि मलाई मेरो राजनैतिक जीवनको अनेक उतारचढाव सदैव सक्रिय सहयोग गर्ने अभिन्न साथी थिइन् । उनको निधनले मेरो जीवनमा अपुर्णीय क्षति भएको छ ।

**हजुरको राजनीति बाहेक सोखका कुराहरू के के छन् ?**

म भ्रमण रूचाउछु र व्यक्तिहरूको वायोग्राफी सम्बन्धी पुस्तकहरू अध्ययन गर्नु मेरो सोख हो ।

**खानामा हजुरलाई मनपर्ने खाना के के हुन् ?**

मलाई सामान्य नेपाली खाना मनपर्छ ।


**अन्तिममा नयाँ पुस्तालाई केही सन्देश दिन चाहानुहुन्छ कि ?**

नयाँ पुस्तालाई अध्ययनशील परिश्रमिक हुनुपर्ने र अन्तराष्ट्रिय जगतमा युवा पुस्ता प्रतिस्पर्धी बनुन् भन्ने चाहान्छु ।


**समस्त**
**राणा तथा कुँवर परिवारमा**
**२०७३ सालको**
**विजयादशमी एवं शुभ दिपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय शुभ-कामना**
**व्यक्त गर्दछौं ।**

जीवन शमशेर राणा
श्रीमती कल्पना राज्यलक्ष्मी राणा
तथा परिवार
ज्ञानेश्वर





समस्त

राणा तथा कुँवर

परिवारमा

२०७३ सालको विजयादशमी एवं

शुभ दीपावलीको पावन अवसरमा

हार्दिक मंगलमय

शुभ–कामना

व्यक्त गर्दछौं ।

भवानी विक्रम राणा

श्रीमती जानकी राणा

छोरा म.से. बिनय विक्रम राणा

तथा

परिवार

# Best Wishes On The Auspicious Occasion of

# Bijaya Dashami & Deepawali 2073

Trisara
garden of heaven

**Raunak SJB Rana**
Managing Director
Mob. : 9851112124

## Trisara Restaurant & Bar Pvt. Ltd.

**Lazimpat, Ktm, Nepal**
**Ph. : 4-410200**
**And**
**Lakeside, Pokhara**

**E-mail: trisararestaurant@gmail. com**
**Web: www. facebook. com/trisararestaurant**

Like us on facebook

# सनातन हिन्दुराष्ट्र: नेपालको अपरिहार्यता



- श्री रामकृष्णराज कुँवर

*धृतिः क्षमा दमोकस्तेयं शौचमिन्द्रियनिग्रहः*
*धीर्विधा सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।*

अर्थात् धर्म भनेको - धारण गर्नु, क्षमा गर्नु, आचारमा बस्नु, चोरी नगर्नु, पवित्र रहनु, इन्द्रियलाई आफ्नो वसमा राख्नु, बुद्धिलाई चोखो राख्नु, विद्या प्राप्त गर्नु, सत्यको अनुपालन गर्नु तथा नरिसाउनु हो । धर्मको यी दशवटा लक्षणहरू छन् ।

यसरी धर्म भनेकै मन, वचन र कर्मले कसैको हिंसा नगरी सेवा गर्नु हो । तर संस्कृतमा लेखिएका यी अमूल्य ज्ञानहरू र सुझाबहरू संस्कृत भाषा नै खारेज गरिएको हाम्रो देशमा पश्चिमी विद्वानहरूले पढी दिएर, नेपालीमा वा अंग्रेजीमा उल्था गरी दिएको भरमा हामीले थाहा पाउनु परेको छ ।

यसको अर्थ हामीले हाम्रो धर्म र संस्कृति, भाषा र संस्कार छोड्दै गएका छौं । धर्म छोडे पाप लाग्छ भन्ने त हामी सुन्छौ तर ध्यान दिदैनौं । जस्तैः यस संसारमा सृजित सबै जड चेतन पदार्थले आफ्नो धर्म निभाएका हुन्छन् । यदि आगोले पोल्न छोड्ने, पानीले प्यास नमेट्ने, आँखाले नदेख्ने, कानले नसुन्ने, माटोले अन्न नउब्जाउने वा मातापिताले सन्तान जन्माएर नहुर्काउने हो भने यो संसार यस्तै रहला त ? त्यसैले कसैले पनि आफ्नो धर्म छोड्ने धृष्टता गर्छ भने उसको अस्तित्व लोप हुने पक्का छ जसरी सूर्यास्तपछि रात पर्ने पक्का छ ।

जसलाई हिन्दुको 'ह' र धर्मको 'ध' थाहा छैन, उनीहरू नै सबैभन्दा उग्र रूपमा यसको विरूद्ध लागेका छन् । तिनैलाई बुझाउन शब्दकल्पद्रुम कोशमा लेखिएको छ । 'हीनम् दुषयति इति हिन्दू:' अर्थात जसले सबै प्रकारका खोटापन, संकीर्णता र नीचतालाई उपेक्षा गर्दै सुसंस्कार सिकाउछ, त्यो नै हिन्दु हो । यसरी सनातन धर्म, संस्कृति र सभ्यता सिकाउनु कसरी नराम्रो हुन सक्छ ?

आज भन्दा दशौं हजार वर्ष अघि काठमाडौं खाल्डोको पानी सुके पश्चात् वाग्मती र विष्णुमति नदिको, दोभान टेकुमा तपस्या गरि बस्ने 'ने' मुनीद्वारा पालित नेपाल नामक देश र वेद, पुराण, धर्मशास्त्रलाई आफ्नो धर्मग्रन्थ मान्ने सिन्धु नदी र हिन्दुकुश पर्वतबाट पूर्वतर्फ बस्ने हिन्दु धर्म र संस्कृति मान्ने, दक्षिण-पूर्व एसियाको यस भू-खण्डमा बस्ने एउटा हिंमाली जातिलाई राज्यको उत्पत्ति भए देखि नै सनातन हिन्दु राज्यको पहिचान त्यतिवेलै गरिएको थियो जति बेला हाम्रा देवताहरूका पनि देवता महादेव शीवजी भगवान् यस धरातलमा कहिले किराँतेश्वर महादेव त कहिले पशुपतिनाथका नाउँमा वा रूपमा हाम्रै वाग्मती नदीको पूर्वी किनारमा अवस्थित मृगस्थली वनमा विचरण गर्दै थिए । बुद्धि, विवेक, आस्था र धर्म सकिदै गएको यस युगमा सो कुरा गर्दा विधर्मीहरू र नास्तिकरूले यो कुरा पत्याउन गाह्रो छ, तर के गर्नु ? अर्थात हिन्दुहरूको धार्मिक सहिष्णुता र 'वसुधैव कुटुम्बकम्' मतको शतप्रतिशत फाइदा उठाएर विदेशी तत्वहरूले साम, दाम, दण्ड, भेद हरेक प्रकारको उपाय अपनाएर नेपालको यो सदियौंदेखि कायम रहेको चीर शान्तिलाई दश/एघार वर्षे जनयुद्धबाट खल्वल्याउन सुरू गरियो । निरंकुश राजतन्त्र विरूद्ध गरिएको जनआन्दोलन अन्ततः संघियता र धर्मनिरपेक्षता भनेर जनआन्दोलनको माग नै नभएको विषयलाई समेत अकस्मात घुसाईयो र अन्तरिम संविधान २०६३ धर्मनिरपेक्ष राष्ट्र लेखियो जुन सरासर गलत थियो । करीब ९४ प्रतिशत ॐकार परिवारको जनसंख्या र ८१ प्रतिशत हिन्दुहरू भएको देशलाई केही नेताको लिँढेढीपी र बलमिचाईले परिवर्तन गर्नु कदापि उचित थिएन तर जनमतसंग्रह विना सो कार्य भयो ।

हाम्रो जस्तो गरीब र कम शिक्षित देशमा धर्मको खेती निकै फस्टाएको हुन्छ । हिन्दुधर्म र संस्कृति सिकाउने जर्मनीमा १४ संस्कृत विश्वविद्यालय, अमेरिका र वेलायतमा समेत संस्कृत विश्वविद्यालय खुल्नु, २१ जून लाई अन्तरराष्ट्रिय योग दिवस मनाउनु, बाराक ओवामाले चीनको वर्तमान प्रगति हुनुमा हिन्दुदर्शन छिमेकीबाट निशुल्क प्राप्त गर्नु चीनको बर्तमान प्रगतिको रहस्य हो भन्नुले हिन्दु धर्म र संस्कृतिको महत्व दर्शाउछ । यो कुरालाई हरेक राष्ट्रभक्त नेपालीले आफ्नो आत्मालाई साक्षी राखेर मन, वचन र कर्मले हिन्दुराष्ट्र जोगाउन तिर लाग्नु पर्दछ ।

अन्य धर्महरूमा झैं हाम्रो धर्ममा पनि केही कमीकमजोरी अवश्य छ तर गीतामा भगवान् कृष्णले भने झै 'धर्मो रक्षति रक्षत:' स्वधर्म श्रेष्ठ, परधर्म भयावह जस्ता कुरा नबुझी संस्कृत नजान्ने ब्राह्मणहरूद्वारा नै हाम्रो धर्मको विरोध गरेपछि हाम्रो धर्मको रक्षा कसले गर्दछ ? तर यहाँ धर्म, संस्कृति र परंपराको विरोध भईरहेको छ । विश्वको उच्चस्तरको हाम्रो ज्ञान, विज्ञान, धर्म र संस्कृतिको महत्व संस्कृतमा लेखिएको र सो पढ्न नजानेपछि त्यो गलत भन्ने प्रवृत्ति गलत हो । दोषी भए पनि हाम्रो धर्म अरू भन्दा श्रेष्ठ छ, जसरी प्रजातन्त्रमा दोषहरू हुँदाहुदै पनि अरू तन्त्रको दाँजोमा प्रजातन्त्रलाई नै सबैभन्दा राम्रो व्यवस्था मानिन्छ ।

तसर्थ यो देश त्यसै बनेको होइन, हाम्रा कैयौं ऋषिमुनिहरूको तपोबल, वीर पूर्खाहरूको रगत, पसिना, आँसु र जीवनको वलिदानद्वारा बनेको यो देश हो । तसर्थः राजा जनकजस्ता राजयोगी, वेदव्यास,

वाल्मीकी, वशिष्ठ , विश्वामित्र, भरत, सीता, भृकुटी, गार्गी जस्ता विदुषी र गौतम बुद्ध र महावीर जस्ता धर्मप्रवर्तकहरू समेत जन्मेको संसारकै प्राकृतिक सौन्दर्यले भरिपूर्ण, हिमाल, पहाड र तराई स्वर्ग, पृथ्वी र पाताल तिनै लोकको झलक दिने यो देवभूमिलाई दसौं हजार वर्ष पहिलेदेखि आफ्नो बनाउन धेरैले प्रयास गरे तर नेपाल आमाका वीर सपुतहरू राजा पृथ्वीनारायण शाह, काजी अमरसिंह थापा, बीर बलभद्र कुँवर, भक्तिथापा र श्री ३ महाराज तथा प्र.म. जङ्गबहादुर कुँवर राणा लगायतको राष्ट्रभक्ति सामु अरूको केही जोर नचलेको नेपाली इतिहासमा सुनौला अक्षरले लेखिएकै छ ।

हिन्दुधर्मको तमाम ज्ञानगुणहरू, व्यापकता र विशालताका वावजुद अहिले जुन विरोधाभास देखिएको छ सो नितान्त पूर्वाग्रही, अल्पज्ञ र निक्रिष्ट शोचपूर्ण नेताद्वारा ग्रसित छ, सो तुरून्त सच्याउनु पर्ने देखिन्छ । अन्यथा यो सोंचको खोंटले सामाजिक क्यान्सरको रूप लिएर नेपाललाई मात्रै होइन विश्व मानव सभ्यतालाई समय भन्दा अघि नै समाप्त पार्ने छ । विश्वले भौतिक प्रगति अवश्य गरेको छ तर यो उपयोग गर्ने नैतिक मूल्यमान्यता र आध्यात्मिक ज्ञानको अभावमा सो सारा नष्ट भ्रष्ट हुनेछ ।

यसै प्रसंगमा अष्ट्रेलियाकी पूर्व प्र.मं. जुलियाले एकपटक भनेकी थिइन् - 'यदि बाहिरकाहरूलाई इसाई धर्म, संस्कृति र भाषाका कारण अफठ्यारो छ भने अरू देश खोजे हुन्छ किनकी अष्ट्रेलियाली जनता आफ्नो धर्म, सभ्यता र संस्कारको पूजा गर्छन् र यी कुराहरू यिनीहरूको अभिन्न अंग हो । हाम्रो झण्डा, भाषा र धर्मको विरोध गर्छौ भने तिमीहरूलाई अष्ट्रेलियन स्वतन्त्रताको उपयोग गर्ने पूर्ण अधिकार छ र त्यो स्वतन्त्रता हो - हाम्रो भूमि छोड्ने ।'

यसले 'बसुधैव कुटुम्बम् र बहुजन हिताय, बहुजन सुखाय' साथै मातापिता, गुरू र अतिथिलाई देव समान भन्ने साश्वत सिद्धान्तलाई अनुशरण गर्दछ ।

गुरू, गंगा, गाई, गीता, गायत्रीलाई (५'ग') मान्ने ९४ प्रतिशत बहुल समुदायले गोत्र, ज्ञाति, सीप र सम्पदाको संरक्षण गर्दै गुहेश्वरीदेवी र गौरीशंकर हिमालका फेदीमा स्थापित यो हिमाली हिन्दुराज्य हो ।

जस्तो धार्मिक हस्तक्षेप हुँदा युगोस्लाभिया, रूवाण्डा, सुडान, इराक, नाइजेरिया आदिले आफ्नो देशको सार्वभौमिकता जोगाउन सकिरहेको छैनन् । हाम्रै छिमेकी राष्ट्रहरू भारत, बंगलादेश, श्रीलंका, बर्मा र भुटानमा हिन्दु भएकै कारण खेदिनु र मारिनु कुनै नौलो कुरा रहेन ।

अन्त्यमा सबैजनासँगै मिलेर बसौं भन्दा नमाने पछि नेपालमा पनि केही अनिष्ट हुन खोजेको हो की ? भन्ने हामीलाई चिन्ता छ । राष्ट्रिय एकताको आधार धार्मिक सहिष्णुता सहितको सनातन हिन्दुराष्ट्र नेपाल र पाँच विकास क्षेत्रलाई नै पाँच प्रदेश सहितका संघियता भएको नेपाल नै अनन्त कालसम्म चिरस्थायी र दीगो रहन सक्छ । बरू सबै १२६ जनजातिहरू (नेपाल एकीकरण पश्चात्का) र १२३ भाषाभाषी यस हिन्दुराष्ट्रमा बस्न पाउदा गर्व गरौं किनकी संसारको एकमात्र हिन्दुराष्ट्रमा बस्दा हाम्रो पहिचानका साथै हामी र हाम्रा भावी पुस्ताको कल्याण छ । हाम्रो देशको अस्तित्व छ ।

जय हिन्दुराष्ट्र नेपाल !

rkkunwar@gmail.com

समस्त
नेपालीहरुमा
२०७३ सालको
विजया दशमी तथा शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछु।

अनिल कुमार जाटिया
तथा
परिवार
महाराजगंज, काठमाडौं



**२०७३ सालको**
**विजयादशमी**
**एवं**
**शुभ दीपावलीको**
**पावन अवसरमा समस्त**
**कुलबन्धु तथा नेपालीहरुमा**
**हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं।**

**अधिवक्ता तिलक शमशेर ज.ब.रा.**
**तथा**
**रानी अमृता राणा**
**कालिकास्थान, घट्टेकुलो**

समस्त
राणा एवं कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी
एवं
शुभ दीपावलीको
पावन अवसरमा हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

श्रीमती रेखा राज्यश्वरी राणा
अ.प्रा.उ.र. डा. सुरज शमशेर ज.ब.रा.
डा. श्रीमती गीता राणा
डा.सलील शमशेर ज.ब.रा.
डा. श्रीमती नमिता राणा
सुश्री अनुशी राणा
थापाथली



# २०७३
# सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको
# पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

**रानी प्रभा लक्ष्मी राणा**

**मनोहर शमशेर राणा**

**तथा**

**परिवार**



# विजयादशमी
# एवं
# शुभ दीपावली
# २०७३ सालको पावन अवसरमा
# सम्पूर्ण नेपालीहरुमा
# हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**इ. दिपक कुँवर**

**श्रीमती निरु कुँवर**

**छोरा आभाष कुँवर**

**छोरी आकृति**

**तथा**

**परिवार**

# बरिष्ठ गायिका श्रीमती मीरा राणा

दिवाकर राणा

महेश विक्रम कुँवर

वि.सं २००८ साल असोज ५ गते विजया दशमीको दिन कमलपोखरीमा जन्मनुभएकी मिरा राणालाई गायन र संगीत क्षेत्रमा नचिन्ने सायद कोही नेपाली नहोलान् । जीवनको झण्डै ५० बर्ष यस क्षेत्रमा बिताइसकेकी राणाका बुवा संगीत प्रविण श्री शम्भुप्रसाद मिश्र शास्त्रीय घरानाबाट हुनुहुन्थ्यो । उहाँ त्यसबेलाका नाम चलेका तवला बादक हुनुहुन्थ्यो । उनका सात पुस्ता दरबारका प्रख्यात संगीत बादकहरू हुन् । शास्त्रीय संगीत बिधामा भारतको इलाहाबादबाट ग्राजुएसन गर्नुभएकी मिरा राणाले वि.सं २०२२ साल चैत २० गते आफु १३ बर्षको उमेर छँदा रेडियो नेपालको बार्षिक उत्सवका दिनबाट गायन सुरू गर्नु भएको हो । वि.सं २०२८ सालमा रेडियो नेपालले आयोजना गरेको आधुनिक गीत प्रतियोगीतामा प्रथम हुनुभयो भने २०२९ सालमा लोकगीत प्रतियोगीतामा प्रथम हुनु भएको थियो । उहाँ २०३९ सालमा नेवारी गीत प्रतियोगीतामा स्वर तर्फ प्रथम हुनुभएको थियो । २०४० सालमा भजन गायन प्रतियोगीतामा प्रथम हुनुभयो र २०५२ सालमा उहाँ उत्कृष्ट संगीतकारबाट सम्मानित हुनु भयो । गो.द.वा, छिन्नलता पुरस्कार, नारायणगोपाल संगीत पुरस्कार, मधुरीमा सम्मान, तरूण सम्मान जस्ता विभिन्न मानपदवीले सम्मानित ख्याति प्राप्त गायिका तथा संगीतकार मीरा राणाले झण्डै विश्वका दुई दर्जन भन्दा बढी देशहरूको भ्रमण गरी आफ्नो प्रतिभा देखाइसक्नु भएको छ । विभिन्न चलचित्रहरूमा पार्श्व गायिका भई गीत गाइसक्नु भएको मीरा राणाका गीतहरू रत्न रेकर्डिङ संस्थाले गरेको एल्वम करिब २५ हजार भन्दा बढी प्रतिहरू बजारमा बिक्री वितरण भएका छन् । उनलाई हालसालै भिमविराग संगीत साहित्य कला प्रतिष्ठान नेपालद्वारा रू एक लाख सहित बिजुलीमाया बम श्रेष्ठ राष्ट्रिय पुरस्कारद्वारा सम्मान गरेको छ । उहाँलाई विदेशस्थित विभिन्न संघ संस्थाहरूले सम्मान गर्ने क्रममा सन् २००६ मा द नेपाली कम्युनिटी एट्लान्टा, यु.एस.ए. ले सर्टिफिकेट अफ हनर उपलब्ध गराएको छ । सन् २०१३ मा उनलाई नेपाल फ्रेण्डशीप सोसाइटी न्युयोर्क, अमेरिकाबाट लाइफ टाइम अचिभमेन्ट अवार्डबाट बिभूषित गरेको छ । सन् २०१४ मा उहाँलाई अन्तर्राष्ट्रिय नेपाली लिटररी सोसाइटी फ्लोरिडा, अमेरिकाले सर्टिफिकेट अफ हनर उपलब्ध गराएको थियो । उहाँ सँग उहाँकै निवासमा पाञ्चायन स्मारीका समितिले गरेको अन्तर्वार्ताको विवरण ।



**हजुरको जन्म कहाँ र कहिले भएको हो ?**
मेरो जन्म २००८ साल असोज ५ गतेका दिन कमलपोखरी, काठमाडौँमा भएको हो ।

**हजुरको बुवा आमाको नाम तथा पेशाको बारेमा जानकारी पाउन सकिन्छ कि ?**
बुवाको नाम शम्भुप्रसाद मिश्र, माता निर्मला मिश्र हो । उहाँहरूको पेशा भन्ने हो भने बुवा तवला वादक संगीत प्रविण हुनुहुन्थ्यो । मेरो ७ पुस्ता दरबारमा संगीत वादक हुनुहुन्थ्यो ।

**संगीत माहोलमा हजुरको जन्म भएको रहेछ, कति बर्षको उमेरदेखि गाउन गायन क्षेत्रमा लाग्नुभयो र पहिलो पुरस्कार पाउँदा कति बर्षको हुनुहुन्थ्यो ?**
मैले २०२२ चैत्र २० गते देखि मेरो गायन यात्रा सुरू भएको हो । १३ बर्षको उमेरमा मैले पुरस्कार पाएकी थिए ।

**हजुरको विवाह को सँग र कहिले भएको थियो ?**
२०२८ साल मंसिर ४ गते उदयजंग राणासंग मेरो विवाह भएको हो ।

**हजुरको सासु ससुराको शुभ नाम के हो ?**
ससुरा नारायणजंग राणा र सासु नेत्रकुमारी राणा हो ।

**हजुरले मागी विवाह गर्नु भयो की प्रेम विवाह बताइदिनुहुन्छ की ?**
मेरो प्रेम विवाह हो ।

**हजुरको छोराछोरी कति छन् र के गर्दै छन् ?**
मेरो २ वटा छोरा छन् ठूलो छोरा सिद्धार्थजंग राणा र सानो शिरिषजंग राणा हो । ठूलोले अमेरिकाबाट पाइलट गरी आफ्नै व्यापारमा संलग्न छन् भने सानो छोराले स्वीजरल्यान्डबाट होटेल म्यानेजम्यान्ट गरेको हो । उनी बेलायतमा बस्छन् ।

**हजुरले गायनलाई पेशाको रूपमा पहिला कहाँ र कुन साल देखि अपनाउनु भयो ?**
सानो छँदा बुवाले रेडियो नेपालमा तारादेवी सँग भेट गराइदिनु भएको थियो त्यसै बेलादेखि गाउन सुरू गरे । शास्त्रिय संगीतमा ग्राजुएसन गरेपछि २०२८ सालमा रेडियो नेपालमा करारमा जागिर खाएदेखि गाउन सुरू गरे । त्यतिबेला एउटा गाना गाए बापत ३५ रूपैयाँ पाइन्थ्यो । पछि २०३२ सालमा आएर ३०० रूपैयाँ पाउन थालियो । त्यसै बेला देखि पेसागत रूपमा गाउन सुरू गरे ।

**रेडियो नेपालमा मुख्य संगीत प्रबन्धकको पदमा पुग्न कति बर्ष लाग्यो ?**
२०३५ सालमा रेडियो नेपालमा भोग्यप्रसाद शाहको पालामा स्थायी सुब्बाको पदमा नोकरी पाएँ । २०५२ सालमा मुख्य संगीत प्रबन्धक ८ औं तहमा पुगेको हु ।

**भनिन्छ नी– नयाँ नयाँ गायकहरूलाई स्वर परीक्षण रेडियो नेपालमा दिंदा बडो दुःख दिइन्छ रे, नयाँ कलाकार बडो रिसाउँछन् रे, यसमा हजुरको अनुभव कस्तो छ ?**
दुःख दिने हैन स्वर परिक्षण कार्य चाहिँ कठिन थियो । रेडियो नेपालले ६-६ महिनामा स्वर परिक्षण लिने गर्थ्यो, त्यस बखत रेडियो नेपाल एउटा मात्र स्वर परीक्षण दिने स्थल भएकोले परीक्षण समय पाउन पनि गाह्रै थियो ।

**गायक मास्टर रत्नदास प्रकाशले त नेपाल टेलिभिजनमा नै आई रेडियो नेपालको जन्मकालमा नै स्वर परिक्षणमा दुःख पाएको थिएं भनि असन्तुष्टी व्यक्त गरेका थिए नि ?**
मास्टर रत्नदास प्रकाशको समयमा कस्तो थियो म बुझ्दिन यस क्षेत्रमा म उहाँ भन्दा धेरै पछाडि आएको व्यक्ति हुँ ।

**गायन क्षेत्रका बिधाहरू कुन कुन हुन् ?**
म शास्त्रीय विधाबाट आएको व्यक्ति हुँ । लोक, आधुनिक विधाहरू नै प्रमुख विधा हुन् ।

**शास्त्रीय संगीत र लोक संगीत एकै कलाकारले गाउने प्रचलन सामान्य हो वा विशिष्ट प्रकाश पारिदिनुहुन्छ कि ?**
शास्त्रीय र लोक संगीत विल्कुलै फरक विधा हुन् । शास्त्रीय विधामा गाउनेले कुनै विधाको गाना गाउन सक्दछन् तर अरू विधाकाले शास्त्रीय संगीतमा गीत गाउन भने निकै कठिन काम मानिन्छ ।

**हजुर गायन क्षेत्रबाट संगीत क्षेत्रमा समेत प्रवेश गरेको देखियो त्यो पनि सामान्य हो या विशिष्ट क्षेत्रमा पर्ने विधा हो ?**
मैले पहिले गाउन नै सुरू गरेको हो । २०५२ सालबाट मात्र मैले संगीत क्षेत्र प्रवेश गरेकी हुँ ।

**हजुरलाई गायन सजिलो कि संगीत सजिलो लाग्छ ?**
विभिन्न संगीतकारका संगीतमा मैले २०२२ साल देखि २०५२ सालसम्म मैले गीतहरू गाएकी हुँ । मलाई संगीत क्षेत्रमा त्यति अप्ठेरो परेन तर संगीत बिषय गाह्रो बिषय नै हो ।

**हजुरले कुन कुन भाषाका गीतहरू गाउनु भएको छ ? नेपाली भाषाका गीत बाहेक अन्य भाषाका गीतहरूमा पनि पुरस्कार पाउनु भएको छ कि ?**
नेवारी भाषामा गीत गाएर सर्बश्रेष्ठ गायिकाको सम्मान पाएकी छु । मैथिली, भोजपुरी, तामाङका साथै कोरियन, जर्मनी, जापानी भाषामा पनि गीत गाएकी छु । कलाकारले कुनै पनि भाषामा गीत गाउन अप्ठेरो मान्नुहुँदैन ।

**हजुरको दक्षता आधुनिक, लोक गीत तथा भजनमा समेत पायौँ, भजन गाउनु हजुरको पेशा मात्र हो की अन्तरमनको चाहना हो ?**
हो मैले आधुनिक, लोकगीत तथा भजनहरू गाएकी छु । यो मेरो अन्तरमनको चाहना हो ।

**विश्व हिन्दु खाल्सा त्रिसदान्ति सम्मान भनेको के हो, विश्व हिन्दु बाट सम्मानित हजुर देश त धर्मनिरपेक्ष भइसक्यो नि, यसमा हजुर के भन्न चाहानुहुन्छ ?**
विश्व हिन्दु खाल्सा त्रिसदान्ति सम्मान भनेको पञ्जावी शिखहरूले मलाई दिएको सम्मान हो । हामी हिन्दु संस्कार मान्ने व्यक्तिहरू हौं यसमा धर्मनिरपेक्ष भन्ने कुरै भएन ।

**चलचित्रहरूमा पार्श्व गायिका पनि हुनुहुदो रहेछ, चलचित्रमा गाउनु र आफू खुशी गाउनुमा के फरक छ ?**
हो, मैले धेरै चलचित्रहरूमा पार्श्व गायिकाका रूपमा गीतहरू गाएकी छु । चलचित्रमा गाउँदा निर्देशकको निर्देशन अनुसार र परिस्थितिको मागलाई ध्यानमा राखेर गाउनु पर्छ भने आफू खुशी गाउँदा अर्कै कुरा हो ।

**हजुरले गाएका गीतहरू रत्न रेकर्डिङ्ग संस्थानले मीरा राणाका गीतहरू डिस्करेकर्ड बजारमा ल्याएको रहेछ, त्यो कति प्रति बिक्रि भयो ?**
मीरा राणाका डिस्करेकर्ड २०३६ सालमा रत्न रेकर्डिङ्ग संस्थानले रेकर्डिङ्ग गरी बजारमा ल्याएको हो । यसमा त्यसबेलाका मेरा चर्चित गीतहरू 'मखमली चोलो चाहिँदैन, मेरो पाउमा आज पाउजु बाँध, तिमीलाई रूवाउने मेरो धोको होइन' भन्ने जस्ता गीतहरूको संकलन थियो । झण्डै पच्चीस हजार प्रति विक्री भएको मलाई जानकारी छ ।

**हजुर गायन क्षेत्रबाट असन्तुष्ट भई राजनीतिमा प्रवेश गर्नु भएको हो ?**

हैन म असन्तष्ट भएर हैन । म सन्तुष्ट भएर नै राजनीति क्षेत्रमा प्रवेश गरेको हुँ । राजनीतिमा लागे पनि मैले गायन क्षेत्रलाई पनि निरन्तरता दिइरहेकी छु ।

**नेपालमा प्राय धेरै राजनीतिक दलहरू वा राजनीतिज्ञहरूमा लाग्ने रोग नै भनिन्छ दल वा पार्टी नै परिवर्तन गर्ने हजुरको पनि छोटो समयमा त्यस्तै परिवर्तन भयो भनिन्छ त्यसमा हजुरको भनाई के छ ?**

राजसंस्था र हिन्दुराष्ट्र मेरो प्रमुख एजेण्डा हो । यसलाई प्रमुख एजेण्डा बनाउने कुनै पनि राजनीतिक संस्थासँग मेरो समझदारी हुने छ । राप्रपा नेपालको सहायक महामन्त्री छु । उक्त पार्टीको सामाजिक विभागको प्रमुख भएर काम गरिरहेकी छु ।

**अब राजनीतिमा नै जीवन विताउने विचार छ कि पुनः गायन संगीत क्षेत्रमा नै फर्किने ?**

मेरो यी दुवै क्षेत्रलाई सँग सँगै लाने विचार छ ।

**गायन, राजनीति र परिवारलाई कसरी एकै चोटि संयोजन गर्नुहुन्छ ?**

अहिले सम्म यी तीनै क्षेत्रलाई सँगै अगाडि बढाइरहेकी छु । त्यसमा मेरो श्रीमान् र घर परिवार सबैको समान रूपले सहयोग छ । त्यसै कारणले गर्दा मलाई अगाडि बढ्न सजिलो भएको छ ।

**जीवनमा बिर्सन नसकिने कुनै घटना स्मरणमा छन् कि ?**

रेडियो नेपालमा पहिलो चोटि प्रवेश गर्दा तारादेवी दिदीसँग भेट हुँदा मैले नमस्कार गर्दा उहाँले नफर्काउनु भएको दिन र २०३० सालतिर नेपाल भ्रमणको क्रममा पोखराको फेवातालमा पौडिदा झण्डै डुवेको दिन म बिर्सन सक्दिन ।

**पाञ्चायनसँग यहाँको धेरै अगाडिको संलग्नता हो, पाञ्चायनले वितरण गरेको खुत्रुके र हाल आएर जीवनबिमा व्यक्तिलाई गराएर त्यसबाट प्राप्त हुने कमिसन पाञ्चायन संस्थामा नै जम्मा गर्ने अभियान संचालन भएको छ, यो बिषयमा यहाँको के भनाइ छ ?**


हो, मेरो पाञ्चायनसँग धेरै पुरानो संलग्नता छ । झानु राणाजीले गाउनु भएको पाञ्चायनको भजनको सीडीमा मेरो संगीत रहेको छ । खुत्रुके अभियान राम्रो कार्य हो । जीवन बिमा संचालन पनि राम्रो अभियान हो ।

**अन्तमा स्मारीका मार्फत नयाँ पुस्तालाई केही सन्देश छ कि ?**

युवा पिंढी मेहनती र लगनशील हुनुपर्छ, कला र संस्कृति हाम्रा कुलका धरोधर हुन्, यसको जगेर्ना गर्नु नयाँ पुस्ताको दायित्व हो ।







# २०७३ सालको
# विजयादशमी एवं शुभ दीपावलीको
# पावन अवसरमाहार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।


## प्रदीप शमशेर ज.ब.रा.

## रानी स्मृता राणा

**महाराजगञ्ज, काठमाडौं**



**Hearty Greetings**
**on the occasion of**

# BIJAYA DASHAMI
# &
# DEEPAWALI 2073

**Shrawan Kumar Rana**
**Mrs. Sushma Rana**
**&**
**Family**

भूकम्पबाट सतर्क रहौं ।

"राष्ट्रिय भवन संहिता २०६०" को पालना गरौं ।

सुरक्षित संरचनाको निर्माण गरौं ।

नेपाल सरकार

सहरी विकास मन्त्रालय

# सहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाडौं

फोन नं ०१–४२६२३६५, ०१-४२४२४६६, ०१-४२६२३५७, ०१-४२६२९४५, ०१-४२६२९८४

इमेल : dudbc@ntc.net.np, वेभसाइटः http: //www.dudbc.gov.np

२०७३ सालको बडादशैं र शुभ दीपावलीको सुखद उपलक्ष्यमा

हार्दिक मंगलमय शुभकामना ।



# समस्त
# राणा तथा कुँवर
# परिवारमा
# २०७३ सालको विजयादशमी एवं
# शुभ दीपावलीको पावन अवसरमा
# हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**पूर्व सचिव सुशिल जङ्ग बहादुर राणा**
**श्रीमती रिता राणा**
**छोरा संमृद्ध जङ्ग बहादुर राणा**
**बुहारी दिक्षा सिंह राणा**
**छोरी स्निक्धा राणा चन्द**
**ज्वाइ प्रदिप चन्द**

समस्त
राणा तथा कुँवर परिवारमा
२०७३ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

अध्यक्ष
राज विक्रम राणा
एवम्
बम वीर विकेटेश्वर शिवालय
गुठी परिवार
टेकु, पचली

समस्त
राणा तथा कुँवर परिवारमा
२०७३ सालको
विजयादशमी एवं शुभ दिपावलीको
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

अ.प्रा.स.र श्री दिगम्बर शमशेर ज.ब.रा
छोरा सेनानी इन्दिबर शमशेर ज.ब.रा.
बुहारी श्रीमती ममता राज्यलक्ष्मी राणा
नातिनी सुश्री अदीत्री राणा


सबल अनि
विश्वसनीय बैंक
www.sanimabank.com
SanimaBank



# सम्पूर्ण
# राणा तथा
# कुँवर
# परिवारहरुमा
# २०७३ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

**पूर्व सचिव स.र. सुशील शमशेर**
**ज.ब.रा.**

# २०७३
# सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा सम्पूर्ण राणा
# तथा कुँवर बन्धुहरुमा
# हार्दिक मंगलमय
# शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा.प्र.से.स्व. धन विक्रम राणाका
श्रीमती शिल कुमारी राणा
छोरा बिर विक्रम राणा
श्रीमती प्रिति राज्य लक्ष्मी राणा
नाति श्री पार्थविर विक्रम राणा

**अर्थ नेपाल डेभलपर्स प्रा.लि पोखरा**
**गण्डकी अञ्चल कास्की जिल्ला**
**पोखरा वडा नं. ११ रानीपौवा**
**प्राइमिनिस्टर एण्ड कमाण्डर इन चिफ**
**बम बहादुर राणाजीका सन्तति**



# २०७३
# सालको
# बडा दशैं
# र
# तिहारको
# शुभ उपलक्ष्यमा
# सकल कुँवर राणा
# परिवारको
# सुख–समृद्धिका लागि
# शुभ–कामना व्यक्त गर्दछौं ।

**दिलीप शमशेर ज.ब.रा.**
**रानी उमा राज्यलक्ष्मी राणा**
**छोरा आलोक शमशेर ज.ब.रा.**
**लालदरबार**



# विजयादशमी
# एवं
# शुभ दीपावली
# २०७३ सालको पावन अवसरमा
# सम्पूर्ण नेपालीहरुमा
# हार्दिक मंगलमय
# शुभ-कामना
# व्यक्त गर्दछौं ।

**रा.प्र.पा. अध्यक्ष पूर्व मन्त्री**
**पशुपति शमशेर ज.ब.रा.**
**रानी उषा राजे राणा**
**तथा**
**परिवार**
**विजय निवास, महाराजगंज**
**काठमाडौं**

पूर्खाले स्थापना गरी
बक्सेका भावी सन्ततिको नासोको
रुपमा रहेका ऐतिहासिक धरोहर, धार्मिक
सम्पदा तथा धर्म संस्कृतिको संरक्षण र सम्बर्द्धनमा
सतत् प्रयासरत यस निजी गुठी र समान उद्धेश्य, प्रतिबद्धताका
साथ अगाडी बढिरहेको पाञ्चायन
संरक्षण समिति थापाथलीद्वारा प्रकाशित
स्मारिकाको पूर्ण सफलताको
कामना गर्दै

## विजयादशमी तथा शुभ दीपावली
## २०७३ साल

को हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

**श्री कैलाश बद्रीनाथ प्रभूत्ति सदावर्त निजी गुठी**

कमान्डर इन चीफ बद्री नरसिंह राणाद्वारा
स्थापित वि.सं. १९०५
पशुपती, कैलाश
तथा
समस्त नरसिंह राणा परिवार

**Best Wishes**

**on**

**the asupicious occasion**

**of**

# HAPPY BIJAYA DASHAMI

**&**

# DEEPAWALI 2073


NEPAL

turbo

**Turbo Motor Trading Pvt.Ltd.**

Narayan Chaur, Kathmandu





# समस्त
# राणा तथा कुँवर
# परिवारहरुमा
# २०७३ सालको
# विजयादशमी एवं
# शुभ दीपावलीको पावन
# अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना
# व्यक्त गर्दछौं ।

## परशुराम कुँवर
## श्रीमती कमला कुँवर
## तथा
## परिवार

समस्त
राणा तथा कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।


पूर्व सचिव पर्ल ज.ब.रा.
श्रीमती रेणु राणा
उपरथी भिक्टर ज.ब.रा.
श्रीमती सरिता राणा
डिल्लीबजार

समस्त
राणा तथा कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ–कामना व्यक्त गर्दछौं ।

रानी ऋद्धि राणा
छोरा रवीन नरसिंह राणा
एवं परिवार
ठमेल

समस्त
राणा तथा कुँवर परिवारमा
२०७३ सालको
**विजयादशमी एवं शुभ दिपावलीको**
पावन अवसरमा हार्दिक मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

डा. अशोक शमशेर ज.ब.रा.
तथा परिवार
लालदरबार






के तपाई सवारी साधनको कर तिरे नतिरेको SMS गरेर थाहा पाउन चाहनुहुन्छ ?
यदि चाहनुहुन्छ भने तल उल्लेखित तरिका अनुसार SMS गर्नुहोस्।

**VTAX <space> vehicle number**
टाइप गरी **4321** मा **SMS** गर्नुहोस्।

जस्तै: **VTAX ba28pa6611**

Government of Nepal
Ministry of Labour and Transport Management
**Department of Transport Management**

Powered By-
FOCUSONE
www.facebook.com/SMSCentral

# पूर्वराज्यमन्त्री मा. सभासद् श्री मोहन बहादुर बस्नेतज्यूसँग लिएको अन्तर्वार्ता



वि.सं २०१५ साल भाद्र २७ गते तदनुसार १२ सेप्टेम्बर १९५८ का दिन सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे वडा नं ६ मा जन्मनुभएका मोहनबहादुर बस्नेत नेपाली कांग्रेसका एक सशक्त, जुझारू सभासद्का रूपमा चिनिनुहुन्छ । गाउँको एक सरकारी विद्यालय शारदा माध्यमिक बिद्यालयमा प्रारम्भिक पढाइ सकेर २०३४ सालमा काभ्रेको धुलिखेल स्थित सञ्जीवनी माध्यमिक बिद्यालयबाट एस.एल.सी पास गरे पश्चात् पाटन स्थित पाटन संयुक्त क्याम्पसमा पढ्दादेखि नै राजनीतिमा होमिएका बस्नेत राजनीतिक जीवनकालमा करिब २० पटक भन्दा बढी प्रहरी हिरासतमा रहनु परेको र २०३६ सालदेखि २०४६ सालसम्म ७ पटकसम्म जेलमा बस्नुपरेका बताउनुहुन्छ । विभिन्न संघ संस्थाहरूमा आवद्ध रहनु भएका बस्नेत ऋषिकेश शाहको नेतृत्वमा गठित पहिलो मानव अधिकारवादी संस्था Human Rights Association Nepal को संस्थापक सदस्य पनि हुनुहुन्थ्यो । झण्डै दुई दर्जन विदेशी राष्ट्रहरूको भ्रमण गरिसक्नुभएका उहाँले सिन्धुपाल्चोक जिल्लामै एस.एल.सी परिक्षा दिने व्यवस्था मिलाउन निकै परिश्रम गर्नुभएको थियो । यो भन्दा अगाडि त्यहाका बासिन्दाहरू एस.एल.सी परिक्षा दिनका लागि काभ्रेको धुलिखेल जानुपर्ने बाध्यता थियो । उहाँकै नेतृत्वमा २०४१ सालदेखि सिन्धुपाल्चोकमा एस.एल.सी दिने बिद्यार्थीहरूका लागि Free Education Service Committee को व्यवस्था गरी निःशुल्क कोचिङ्ग कक्षाको संचालन गर्नुभएको थियो ।

२०५३ सालदेखि २०७३ सालसम्म लगातार चार पटक सिन्धुपाल्चोक जिल्लाबाट नेपाली कांग्रेसको सभापति रहनुभएका उहाँ सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं १ बाट २०५६ साल देखि २०५९ सालसम्म प्रतिनीधि सभा सदस्यमा प्रतिनीधित्व गर्नु भयो । सोही अवधि बीच २०५८ साल देखि २०५९ साल सम्म नेपालको स्वास्थ्य राज्यमन्त्री हुनुभयो । हाल संविधान सभाका सदस्य रहनु भएका मोहनबहादुर बस्नेतसँग पाञ्चायनको स्मारीका समिति २०७३ लागि गरिएको कुराकानीको बिस्तृत विवरण ।

**हजुरको बुवा तथा आमाको नाम के हो ? हजुरको जन्म कहिले र कहाँ भयो ?**

मेरो बुवाको नाम खड्गबहादुर बस्नेत र आमाको नाम कोमलमाया बस्नेत हो । मेरो जन्म सिन्धुपाल्चोक जिल्ला बाह्रविसे वडा नं ६ मा २०१५ साल भाद्र २७ गते भएको हो ।

**यहाँको विवाह को संग र कहिले भएको हो ? बच्चाहरू कति छन् र के गर्छन् ?**

मेरो विवाह काठमाडौँ निवासी मृगेन्द्र नरसिंह राणा र सरिता राणाकी छोरी माण्डवी राणासँग २०५६ साल माघ ९ गते भएको हो । मेरा दुई सन्तान छन् जसमा एक छोरा दिग्विजय बस्नेत कक्षा १० मा र छोरी दिपशीखा बस्नेत कक्षा ९ मा पढ्दैछिन् ।

**प्रारम्भिक शिक्षा कहाँ बाट गर्नुभयो ?**

सिन्धुपाल्चोकमै रहेको शारदा माध्यमिक बिद्यालयबाट मैले आ□नो प्रारम्भिक शिक्षा अगाडि बढाएको हुँ ।

**कुन वातावरणमा प्रारम्भिक शिक्षा सम्पन्न भयो र कुन परिवेशमा हुर्की बढ्नु भयो ?**

घरबाट केही टाढाको बाटो हिडेर आवतजावत गर्दै सरकारी विद्यालयमै पढेँ । गाउँको मध्यम परिवारको व्यक्ति हुँ । पहाडी जीवन भीरपाखा, धुलो, माटोसँग खेल्दै मेरो बाल्यकाल बित्यो ।

**राजनैतिक जीवनको आरम्भ कहिलेदेखि र कुन प्रेरणाबाट भयो ?**

मेरो घर परिवारमा पहिलेदेखि नै अलिअलि राजनैतिक परिवेश थियो । २०१५ साल र केही समयपछि सम्म बुवा गोर्खा परिषदमा हुनुहुन्थ्यो । २०३४ सालमा जब म आइ.ए. पढ्न भनेर पाटन संयुक्त क्याम्पसमा भर्ना भए तवदेखि नै नेपाली कांग्रेसको भातृ संगठन नेपाल बिद्यार्थी संघमा आवद्ध भई राजनीतिक यात्रा शुरू गरेको हुँ ।

**यहाँ सिन्धुपाल्चोक क्षेत्र नं १ बाट निर्वाचित सभासद हुनुहुदोरहेछ, सभासद भएर आफ्नो क्षेत्रमा सामाजिक, आर्थिक राजनैतिक क्षेत्रमा के कस्तो भुमिका निर्वाह गर्न सफल हुनु भयो, प्रकाश पारिदिनु हुन्छकि ?**

म सिन्धुपाल्चोक जिल्लाको १ नं क्षेत्रको निर्वाचित सांसद हुँ । जिल्लामा बत्तीस बर्षसम्म निःशुल्क कोचिङ्ग कक्षा संचालन गरे । त्यस भेगमा प्रा.वि, मा.वि, उच्च शिक्षा स्वीकृति र संचालनका लागि मैले महत्वपूर्ण भुमिका निभाएको छु । उक्त जिल्लाका व्यक्तिहरूको व्यक्तिगत समस्यादेखि लिएर सामुहिक हितमा मैले धेरै कार्यहरू गरेको छु । त्यहाँको स्वास्थ्य चौकीको पुनर्निर्माण र विस्तारमा अहम् भूमिका निर्वाह गरेको छु ।

**Public Account Commitee of Parliament भनेको के हो र यसका कार्यहरू के के हुन् ?**

Parliament मा विभिन्न समितिहरू हुन्छन्, यी मध्ये एउटा समिति Public Account Commitee of Parliament हो र यसले महत्वपूर्ण भुमिका निभाएको हुन्छ । सरकारमा नरहेका सभासदहरू मध्ये बाट यसका लागि सदस्यहरू चुनिन्छन् । देशमा आर्थिक अनुशासनहरू कायम भएका छन् या छैनन्, आर्थिक अनियमितता भएका छन् की छैनन् सार्वजनिक पद धारण गरेका व्यक्तिहरूबाट आर्थिक अनियमितता भएका छन् की छैनन् यदि कायम भएको छैन भने यसले छानविन गरेर सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गर्ने काम गर्छ ।

**यहाँ त स्वास्थ्य राज्यमन्त्री पनि भईसक्नु भएको रहेछ, देशको सरकारी अस्पतालको अवस्था त दयनीय नै देखिन्छ आफ्नो कार्य कालमा के कस्ता खालका सुधारहरू गर्नुभयो ?**

२०५८ सालमा म स्वास्थ्य मन्त्री हुँदा वीर अस्पतालको आकस्मिक कक्षमा ५० वटा शैया थप्ने काम भयो । अञ्चल अस्पतालहरूलाई सुधार गर्ने काम पनि त्यही समयमा भयो । अहिलेको ट्रमा अस्पतालको संचालनको नीतिगत निर्णय मेरै पालामा भएको हो । दूर्गम क्षेत्रमा डक्टरहरू पठाउनका लागि पहल गरियो । बाह्रै महिना कर्मचारीहरू सरूवा गर्ने प्रचलनहरू थियो, मेरै पालामा बर्षमा दुई पटक मात्र कर्मचारी सरूवा गर्ने नियम बसालैं । कोटेसनमा औषधीहरू खरिद बिक्री गर्ने प्रचलनलाई रोकी टेन्डरमा खरिद बिक्री गर्ने प्रक्रिया बसालैं ।

**देशमा सरकारी अस्पतालहरूको अवस्था दिनानुदिन गिर्दै जाने तर नीजि अस्पतालहरूमा जनताको आर्थिक स्थितिले भ्याए पनि नभ्याए पनि आकर्षण बढ्दै जानुको समाधान कसरी हुन्छ जस्तो लाग्छ ?**

सरकारी अस्पतालहरूको संख्या बृद्धि, प्राविधिक कर्मचारीहरूको सुधार, केन्द्रिय अस्पताल, जिल्ला अस्पताल,इलाका अस्पतालहरूमा प्राविधिक कर्मचारीहरूको दरवन्दी बढाउने, स्रोत साधनहरूमा बृद्धि गर्ने मुटु, क्यान्सर, मिर्गौला आदिका बिरामीहरूलाई निशुल्क उपचारको व्यवस्था गर्ने माथि उल्लेखित अस्पतालहरूमा उल्लेख्य मात्रामा साधन स्रोतहरू उपलब्ध गराउने । छिटो छरितो सेवा प्रदान गर्ने कार्य गरेमा सरकारी अस्पतालहरूमा जनताको चाप स्वतः बढ्न जानेछ । नीजि अस्पतालहरूमा भिड लाग्नुको मूख्य कारण सुविधा सम्पन्न र छिटो छरितो सेवा उपलब्ध हुनु नै हो ।

**Subject Committee of Defence Ministry भनेको के हो र यसका कार्यहरू के के हुन् ?**

तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको पालामा लोकतान्त्रिक प्रविधिलाई चुस्त दुरूस्त गर्नका लागि मन्त्रीहरूको गतिविधि, क्रियाकलाप सम्बन्धमा रेखदेख र निरीक्षण गर्नका लागि बनाइएको समिति हो । त्यसमा मलाई रक्षा मन्त्रालय हेर्ने जिम्मा दिइएको थियो ।

**Free Education Service Committee को Founder Chairman हुनुहुदो रहेछ, यसमा यहाँले के कस्तो भुमिका निर्वाह गर्नुभयो ?**

यो २०४१ सालमा सिन्धुपाल्चोकबाट एस.एल.सी. दिने बिद्यार्थीहरूलाई निःशुल्क पढाउने व्यवस्थाका लागि खोलिएको संस्था हो । जसमा बर्षमा ५७० जनासम्मलाई निःशुल्क पढाइन्थ्यो, यसको प्रमुख उद्देश्य भनेको काठमाडौंका सुविधा सम्पन्न स्कुलमा पढ्ने बिद्यार्थीहरूसँग सिन्धुपाल्चोक जिल्लाका बिद्यार्थीहरूले प्रतिस्पर्धा गर्न सकून् भन्ने नै हो । यस कार्यक्रमबाट करिब १४ हजार भन्दा बढि बिद्यार्थीहरू लाभान्वित भएका छन् ।

**मानव अधिकार संगठनको पनि संस्थापक सदस्य हुनुहुदोरहेछ, यसले के कस्तो भुमिका खेल्न सफल भयो प्रकाश पारिदिनुहुन्छ की ?**

ऋषीकेश शाहज्यूले खोल्नुभएको मानव अधिकार संगठनको म पनि एक संस्थापक सदस्य थिए । तत्कालीन समयमा राजनैतिक झै-झगडाहरू भइरहने पञ्चायतको दमन विरूद्ध मानव अधिकारका लागि लड्न यस संस्थाबाट प्रमुख भुमिका निर्वाह भएको थियो ।

**यहाँ नेपाली कांग्रेस सिन्धुपाल्चोक जिल्ला सभापति हुनुभयो पार्टी गतिविधि संचालन गर्दाको अनुभव कस्तो रह्यो अनि यहाँको पार्टी भित्र पनि दुई तिन धार देखिन्छन् कसरी ती सबै धारलाई मिलाएर पार्टी संचालन भइरहेको छ ?**

हो, म चार कार्यकाल सिन्धुपाल्चोक जिल्लाको नेपाली कांग्रेसको सभापति भएर संगठन चलाए । सुरूका दिनहरू निकै कठिन भए पनि कम्युनिष्टहरूको गढ राप्रपाको प्रभावित क्षेत्र सिन्धुपाल्चोकमा कांग्रेसीहरूको संगठनमा मैले निकै नि मेहनत गरेको छु । जनताको प्रत्येक्ष सरोकारका बिषयमा बिशेष ध्यान दिने मेरो बानी र मेरो काम गर्ने शैलीबाट प्रभावित भएर नै जिल्लावासीहरूले मलाई माया गरेका हुन् । जिल्लामा जति वटा धार देखिएता पनि मेरो नेतृत्वलाई सबैले स्वीकार गर्दथे ।

**नयाँ संविधान २०७२ कार्यान्वयनका हिसाबले हेर्ने हो भने कार्यान्वयन पक्ष निकै जटिल दखिन्छ नि, यसमा यहाँको भनाई प्रकाश पारिदिनुहुन्छ की ?**

कुमारीको देहावसान भए पछि उनै रानीको सम्झनामा कालीगण्डकी नदी उत्तरबाहिनी भएर बगेको ठाउँमा पाटी, पौवा, घाट, मन्दिर र दरवार निर्माण गरेका थिए । वि.सं. १९५० सालमा शिलान्यास गरी वि.सं. १९५४ मा सो दरवारको निर्माण कार्य पूरा भएको थियो । सो दरवार अद्यावधि 'प्रेमको प्रतीक'को रूपमा रहेको छ । पाल्पा जिल्ला बौघागुम्बा गा.वि.स. वडा नं. २ अन्तर्गत कित्ता नं. ४६५ क्षेत्रफल ५-१०-१-२ मा दर-वार क्याम्प कालीगण्डकी उत्तर तिर हानिने मोडमा विशाल चट्टान माथि निर्माण भएको छ । पश्चिमा कला कौशलको बेजोड नमुना खामिएको यस दरवार माइम्बुस र इन्कार्भिङ गरी 'खड्ग शम्शेर' कुँदिएको दुई मेलको ईटाहरू प्रयोग भएका छन् । दरवार परिसरको दाहिने पट्टि कित्ता नं. ४६६ क्षेत्रफल १७-१३- १-० मा फैलिएको फूलबारी रहेको छ । यसको साथै दरवार परिसरमा शिवालय र गंगाको मूर्ति स्थापना गरी लहरै तीनवटा मन्दिरहरूको निर्माण गरिएका छन् । मन्दिरहरूको बगलमा रानी तेज कुमारी नाम उत्कीर्ण गरिएको अजङ्गको घण्ट रहेको छ । दूरदृष्टि राख्ने क्षमता भएका खड्ग शम्शेरले शिवालय र गंगा मन्दिरको नियमित पूजाआजा चलाउन र दरवारको संभार र संरक्षणका लागि 'श्रीकृष्ण गण्डकी रानीघाट शिवालय गुठी', 'रानीघाट गुठी' र 'खड्गमुक्तेश्वर गुठी' आदि गुठीहरू स्थापना गरी दिएका थिए । ती गुठीहरूमा 'श्रीकृष्ण गण्डकी रानीघाट शिवालय गुठी' मा पाल्पा जिल्ला बल्डेङगढी गा.वि.स. अन्तर्गत क्षेत्रफल १३६-३-३-३ को दोयम खेत, क्षेत्रफल १११-०-२-१ को सीमखेत रहेको छ भने मदनपोखरा गा.वि.स. अन्तर्गत क्षेत्रफल १७-१५-०-० को अवल खेत, कसेनी गा.वि.स. अन्तर्गत क्षेत्रफल ३-४-२-२को अवल खेत र क्षेत्रफल २३-८-१-२को दोयम खेत 'रानीघाट गुठी'मा रहेको छ । साथै 'खड्गमुक्तेश्वर गुठी' अन्तर्गत बराङ्दी गा.वि.स.मा ११-१४-०-२ को दोयम खेत, खानीगाउँ गा.वि.स.मा १३-९-२-० को पाखाबारी र ता.न.पा बर्तुङमा ९-१५-२-० को दोयम खेत र क्षेत्रफल २१-२-३-१ ओगटेको पाखाबारी रहेको छ । खड्ग शम्शेरले यसको साथै पाल्पा जिल्लाको सदरमुकाम तानसेनको मध्ये



**जनरल खड्ग शम्शेरले बनाएको स्मारक**

भागमा पश्चिमा शैलीको एक सुन्दर स्मारक बनाएका छन्, जुन बर्षौको झंझावातलाई सहदै 'तानसेनको शीतलपाटी' को नामले इतिहास बनी ठिङ्ग उभिरहेको छ । जनरल खड्ग शम्शेरको पालामा बनेका यी दुई स्मारकहरू पाल्पाको पर्यटकीय गन्तव्य बनेको छ भने यस स्मारकहरूको वर्णनमा इतिहासकार र साहित्यकारहरूको थुप्रै मसि पोखिएका छन् साथै कलाकार र चलचित्र निर्माताहरूका पदचापले झंकृत पारेको छ ।

खड्ग शम्शेरको वैवाहिक जीवनलाई फर्केर हेर्दा रानी तेज कुमारीको अलावा दुई अरू पत्नीहरू भएको देखिन्छ । बुबा धीर शम्सेरले उनलाई पिट्दा उनको पहिलो पत्नी हाँसेकीले मन नपराएका थिए भन्ने भनाई छ । ती पत्नीको नाम अन्त कतै उल्लेख भएको पाइँदैन । उनको कोखबाट कुनै सन्तानको जायजन्म भएको देखिंदैन । रानी तेजकुमारी र नन्दकुमारीको नाउँ भने सबै ठाउँमा उल्लेख छ । रानी तेजकुमारी र नन्दकुमारीबाट नौ छोरा र आठ छोरी गरी जम्मा सत्र जना सन्तान भएको थियो ।  तीमध्ये




**रानी महल वि.सं. १९९४**

तेज कुमारीबाट पाँच छोरा पुण्य, जय, विक्रम, बहादुर र तुंग शम्शेर हुन् भने छोरीहरूमा गंगा, दिव्यश्वरी, हुसन दिव्यश्वरी, धन महारानी हुन् । नन्द कुमारीबाट जन्मेकाहरू चाहि हेम, हस्त, कुन्जर र लोक शम्शेर हुन् भने छोरीहरूमा अन्तरी, नयाँ कान्छी, कान्छी, जेठी कान्छी र ठूली कान्छी गरी पाँच जना हुन् । यहाँ छोरीहरूको बोलाउने घरायसी नामको मात्र जानकारीमा आएकोले सोही अनुसारकोनाम उल्लेख गरिएका छन् ।

यस पंक्तिलाई अघि बढाउनु अघि हालैको विश्वरंगमञ्चमा घटेको एउटा घटनालाई यहाँ पस्कन उपयुक्त होलाजस्तो लाग्छ । संयुक्त राज्य अमेरीकाका राष्ट्रपति बराक ओवामाले आफ्नो पार्टीको राष्ट्रपति पदका उम्मेदवार हिलरी क्लिन्टनको समर्थनमा 27 July 2016 मा Democratic National convention मा 'She has made mistakes, Just like I have. We all do. That is what happens when we try' भनेका थिए । भोली हिलरी राष्ट्रपति पदमा निर्वाचित हुन्छिन् वा हुदिन यो भविष्यले बताउने छ । अनि त्यो जीत वा हार पनि इतिहासको पन्नामा अंकित हुने छ । यहाँ मननीय पक्ष जीत वा हार हैन, कर्म परायणता हो । जसले केही गर्छ त्यसैले सफलता वा असफलता प्राप्त गर्न सक्छ । कर्मठ व्यक्तिहरूले 'भोलि इतिहासले मलाई कसरी सम्झन्छ भनेर चिन्ता गर्दैन अपितु युद्धमा होमिएको सिपाही सरी बेफिक्री अगाडी वढ्छ । कर्तव्य परायणता मात्र   तिनको उद्देश्य हुन्छ । '

यस्तै व्यक्ति जनरल खड्ग शम्सेर पनि हो । इतिहास साक्षी छ उनले यदि आफ्नो कीर्तिलाई प्राथमिकता दिएको भए राणाहरूको इतिहास आजको भन्दा भिन्दै हुने थियो । कीर्ति र अपकीर्ति बीच विल्कुल झीनो विभाजक रेखा हुन्छ भने कुनै पनि कार्य सही वा गलत हुनुमा देश, काल,

परिस्थितिले ठूलो भूमिका खेलेको हुन्छ । किन भने समय नै त्यो राज-मराल हो जस्ले नीर-क्षीरको विवेकको क्षमता राख्दछ । श्री ३ रणोद्विपको



**जनरल खड्ग शम्शेर आफ्नो सहयोगीहरुको साथमा अशोक स्थम्भ उत्खनन् गर्दै**

हत्याको अपकीर्ति खड्ग शम्शेरको हिस्सामा आएको सर्वविदितै छ भने त्यसबखतको राजनीतिक दाव पेचको श्रेय पनि उनैको हिस्सामा रहेको भनाई समालोचकहरूको रहेको छ ।

उनलाई इतिहासले कुशल राजनीतिज्ञको रूपमा हेरेको छ भने सिकारू पुरातत्वविद् भनेर पनि सम्झेको पाइन्छ ।

वि.सं. १९४८ देखि १९६० सम्म आफ्नो मुख्तियारीको कालमा इलाका भ्रमण गर्दा उनले अशोक सतम्भको पत्ता लगाएर बुद्धको जन्मभूमीको पहिचानको लागि पत्रचार गरेर Dr. Fuler/Dr. Wadell जस्ता पुरातत्वविज्ञहरूलाई निम्त्याएर आ॑नै निगरानीमा उत्खनन् गराएका दस्तावेजहरू प्रसस्त छन् ।

उनले लुम्बिनी मात्रको नभई श्रावस्थी, कपिलवस्तु, कन्चरीहवा, सिसौहवा, छोटी तौलिया, विकुलि, सकारहवा लहरी कुण्ड, गोथीहवा, कुवा, निगलिहवा, कुसिनरा, देवदवा, भेदावीवन, वैशाली, लुमी आदि ठाउँको ऐतिहासिक गरिमा विश्वसामु ल्याउने कार्य गरेका थिए भन्ने कुरा सन् १९०४ मा अलाहवाद भारतबाट प्रकाशित अंग्रेजी दैनीक 'द पायोनियर' मा प्रकाशित उन्का लेखबाट पुष्टि हुन्छ ।

आज विश्व समुदायले खड्ग शम्शेरलाई लुम्बिनीबुद्धको जन्मभूमिहो भनेरपत्ता लगाउने व्यक्तिको रूपमा पहिचान गरे तापनि नेपालले यस विषयमा सम्पूर्ण दस्तावेजले प्रमाणित गर्दा पनि उचित सम्मान दिन सकेको छैन ।

वि.सं. १९६० मा श्री ३ महाराज चन्द्र शम्सेर प्रधान मन्त्री भए पछि श्री ३ को पद र उपत्यका कब्जा गर्ने षडयन्त्र गरेको भन्ने आरोपमा श्री ३ महाराज चन्द्र शम्शेरले पाल्पामा सेना पठाई सेनाले तैनाथी आफ्नो हातमा लिए पश्चात आफू माथि खतराको छनक पाएर खड्ग शम्शेर भारत पलायन भएका थिए । उनले भारतको मध्यप्रदेशको सागर भन्ने ठाउँमा आफ्नो जीवनका बाँकी दिनहरू बिताएका थिए । उनी वि.सं. १९७८ पुस ८ गते तदनुसार सन् १९२१ जनवरी १९का दिन भारतको बनारस (काशी) मा ब्रह्मलीन भएका थिए । यी सबै घटनाहरूलाई निन्याल्दा जनरल खड्ग शम्सेर एक जना पढे लेखेका प्रबुद्ध, कुशल राजनीतिज्ञ, पुरातत्वविज्ञ, साहसी परिवारलाई सर्वोपरि ठान्ने व्यक्तिको रूपमा देखिन्छ । खड्ग शम्शेरको विषयमा सुनी सुनाई कपोल कल्पीत कहानीहरूको पछि नदौडी उनले गरेकाकार्यको सहि मूल्याङ्कन गरी उनको उचित सम्मान भएको देख्न सम्पूर्ण खड्ग शम्शेरका सन्ततिको चाहना रहनु स्वभाविक नै हो । आशा गरौं यस पंक्तिले उन्को देन्को सही मुल्याङ्कन र उनको वास्तविक छवी पाठक सामु ल्याउन मद्दत गर्ने छ ।

यस पंक्तिलाई बिट मार्दै यस लेखलाई यो स्वरूपसम्म ल्याइपुऱ्याउन सधाउनु हुने व्यक्तित्वहरूको नाउँ उल्लेख गरिएन भने, त्यो अन्याय हुने छ । उहाँहरूको नाउँ उल्लेख गर्नु कलमको ईमान्दारिता पनि हुन्छ, । उहाँहरूबाट महत्वपूर्ण जानकारी र सन्दर्भ सामाग्री उपलब्ध नभएको भए यस पंक्तिको स्वरूप यस्तो हुने थिएन ।

आदरणीय श्री कन्दर्प शम्सेर ज. ब. रा, दीपक शम्शेर ज.व.रा.,श्रिमती सुशीला राणा एवम् डा. अजय शम्शेर ज.ब.रा. धन्यवादका पात्र हुनु हुन्छ भने माधव पाण्डेको सधाइलाई पनि यहाँ सम्झनु आवश्यक छ । यस पंक्तिलाई कोर्ने क्रममाइतिहासका पात्रहरूको कामको कहीं कतै तारीफ हुन गएको छ भने त्यो प्रासङ्गिक मात्र हो, ऐच्छिक भने होइन । इतिहासका कुरालाई निर्लोभ भावले जस्ताको तस्तै राख्न खोजिएको मात्र हो । इतिहास, इतिहास बोधका लागि हो । समयको अन्तरालसँगै नयाँ नयाँ अन्वेषणले इतिहासलाई ताजा बनाउँछ नै । थप कुराको अभिभारा नयाँ कलमहरूलाई सुम्पिदै.....।


**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा**
**२०७३ सालको**
**विजयादशमी एवम् शुभ दीपावलीको**
**पावन अवसरमा हार्दिक मंगलमय**
**शुभ-कामना व्यक्त गर्दछौं ।**

**अ.प्रा. म. से. ओम विक्रम राणा**
**श्रीमती मधु राज्यलक्ष्मी राणा**
**छोरा सौहार्द बिक्रम राणा**
**छोरी श्रिया राज्यलक्ष्मी राणा**
**काठमाडौं**

समस्त
राणा तथा कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

प्रजय शमशेर ज.ब.रा.
छोरा प्रविर शमशेर ज.ब.रा.
बुहारी अर्चना राणा
नाती शिवाङ्ग शमशेर ज.ब.रा.
नातिनी काव्याश्री राणा
गौशाला, काठमाडौं

समस्त
राणा तथा कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको
पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा. प्र. से. राजेश्वरी विक्रम राणा
ई. प्यारु बिक्रम राणा
श्रीमती मधु राणा
तथा
परिवार

समस्त
राणा तथा कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

यदुराज शम्शेर ज.ब.रा.
रोशनी कुमारी राणा
तथा
धरा राणा
मुनिन्द्र निवास
राजश्री मार्ग, बालुवाटार
फोन : ४४१७७०९८

समस्त
राणा तथा कुँवर
परिवारमा २०७३ सालको
विजयादशमी एवं
शुभ दीपावलीको पावन अवसरमा
सुस्वास्थ्य दिर्घायूको कामनाको साथै
हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

रानी माधुरी राणा
छोरी श्रीमा राणा मेघाशी मल्ल
ज्वाई सदिप बहादुर मेघाशी मल्ल


Himchuli STEELTECH INDUSTRIES PVT LTD.
Complete range of commercial kitchen equipment
Please Contact:
Kalanki, Kathmandu, Nepal Tel +977-14031577, 4031578
Mobile: +977-9802033333, +977-9856020425
Email: info.hstipl@gmail.com
Service Since 1998 A.D.



# २०७३ सालको
# विजयादशमी
# तथा
# शुभ दीपावलीको
# पावन अवसरमा सम्पूर्ण कुँवर राणा कुलबन्धुहरुमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।

**अ.प्रा. प्रहरी महानिरीक्षक**
**प्रदिप शम्शेर ज.ब.रा**
**श्रीमती सह प्राध्यापक शान्ता राणा**
**तथा**
**परिवार**
**मध्यबानेश्वर**

# २०७३ सालको विजयादशमी एवं शुभ दीपावलीको पावन अवसरमा सबै नेपालीहरूमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

अ.प्रा. प्रा.स.र. आदर्श नरसिंह राणा
श्रीमती शान्ति राज्यलक्ष्मी राणा

# २०७३ सालको विजयादशमी एवं शुभ दीपावलीको पावन अवसरमा सबै नेपालीहरूमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

श्री बलराम सन्तति उपकार कोष समिति

# प्रा.डा. श्री गोपी अर्यालसँग गरिएको कुराकानी

दिवाकर राणा
महेश विक्रम कुँवर

**धादिङ्ग जिल्लाको नलाङ्ग गा.वि.स वडा नं. ७ मा वि.सं.२०२५ साल असोज ६ गते तदनुसार २१ अक्टोवर १९६८ का दिन जन्मनु भएका गोपी अर्याल स्वास्थ्य क्षेत्रमा एक सुपरिचित नाम हो । सानै देखि अत्यन्तै मेहनती साधारण तथा स्वच्छ जीवन यापन गर्न रूचाउने अर्याल बाल्यकाल देखि नै पढाई लेखाईमा विशेष ध्यान दिने गर्दथे । कलकत्ताबाट प्रारम्भिक शिक्षा सुरू गरेका उनले धादिङ्ग बेसीको निलकण्ठ मा.विबाट एस.एल.सी पास गरी विज्ञान बिषय पढ्ने उद्देश्यले त्रिचन्द्र कलेज घण्टाघरमा अध्ययन सुरू गरेका उनले त्रि.वि चिकित्सा शास्त्र विज्ञान अध्ययन संस्थानबाट सर्टिफिकेट इन मेडिकल साइन्स एण्ड हेल्थ ल्याब टेक्नोलोजीको अध्ययन पुरा गरी सन् १९९० देखि १९९६ साल सम्म सोही अध्ययन संस्थानबाट एम.वि.वि.एस पुरा गरे पश्चात् सन् १९९८ मा भारतको कालीगिरी स्थित सेफलिन लेप्रोसी रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टरबाट लेप्रोसी बिषयमा एम.डी गर्नु भयो । सन् २००० देखि २००४ सम्म उहाँले जापान स्थित टोक्यो मेडिकल एण्ड डेन्टल युनिभर्सिटीबाट सर्जिकल प्याथोलोजीमा एम.डी, पी.एच.डी अध्ययन पुरा गर्नुका साथै करिब दुई बर्ष उहाँले क्यानडा स्थित अल्बर्टा युनिभर्सिटीबाट पोष्ट डक्ट्ररल फेलो इन रिनल प्याथोलोजी अध्ययन पुरा गरिसक्नु भएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग आवद्ध प्रा. डा. गोपी अर्याल जर्नल अफ प्याथोलोजी अफ नेपालका फाउन्डिङ्ग चिफ एडिटर हुन् भने जर्नल अफ नेपाल मेडिकल एसोसियसनका एडिटर भई काम गरिसकेका छन् । उहाँ एसोसियसन अफ क्लिनिकल प्याथोलोजी अफ नेपालका अध्यक्ष हुन भने नेपाल डिभिजन अफ इन्टरनेसनल एकेडेमी अफ प्याथोलोजीका अध्यक्ष पनि हुन् । उहाँसँग विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्य गरेको अनुभवहरू छन् । मेडिकल ल्याव टेक्निसियन देखि मेडिकल अफिसर लेक्चरल डिपार्टमेन्ट अफ प्याथोलोजी, टिचिङ्ग असिस्टेन्ट(रिनेल प्याथोलोजी), एसोसियट प्रोफेसर डिपार्टमेन्ट अफ प्याथोलोजी, प्रोफेसर एण्ड हेड डिपार्टमेन्ट अफ प्याथोलोजी, हस्पीटल डाइरेक्टर हुँदै हाल उहाँ प्रोफेसर डिपार्टमेन्ट अफ प्याथोलोजीका रूपमा पाटन एकेडेमी अफ हेल्थ साइन्समा कार्यरत हुनुहुन्छ । उहाँसँगको एक भेटमा उहाँकै अस्पतालको कार्यकक्षमा पाञ्चायन स्मारीका समितिले लिएको अन्तर्वार्ताको विस्तृत विवरण ।**



प्रा.डा. गोपी अर्याल

**यहाँको जन्म कहाँ र कहिले भएको हो ?**

मेरो जन्म धादिङ्ग जिल्लाको नलाङ्ग-७ मा भएको हो । म वि.सं. २०२५ असोज ६ गतेका दिन जन्मिएको हुँ ।

**यहाँको बुवा आमाको शुभ नाम के हो ?**

बुवा पदम बहादुर अर्याल र आमा बिन्दा अर्याल हो ।

**हजुरको प्रारम्भिक पढाई कहाँ र कुन स्कुलमा भएको हो ?**

मेरो प्रारम्भिक शिक्षा कलकत्तामा भयो । एस.एल.सी धादिङ्ग बेसीको नीलकण्ठ मा.वि बाट भएको हो ।

**मेडिकल साइन्स पढ्ने सानै देखिको चाहना हो या एस.एल.सी मा राम्रो डिभिजनमा पास भएको कारण साइन्स पढ्ने इच्छा जाग्यो ?**

मेडिकल साइन्स पढ्ने सोचाई थिएन । मेरो प्राप्ताङ्क प्रतिशत राम्रो भएकाले विज्ञान चाहिँ पढ्छु भन्ने विचार थियो । त्यसैले त्रिचन्द्र कलेजमा भर्ना भई इन्स्टिच्युट अफ मेडिकल साइन्स महाराजगन्जबाट सर्टिफिकेट लेभल पास गरेँ ।

**एम.वी.वी.एस नेपालमा नै पढ्नु भएछ, पढ्दाको वातावरण अनुभव बारे प्रकाश पारिदिनुहुन्छ कि ?**

म एम.वि.वि.एस पढ्दा पन्ध्र सिटका लागि ७३५ जनाको प्रतिस्पर्धा थियो । प्रवेश परीक्षा पास गरियो । १९९१ देखि एम.वि.वि.एस पढ्न सुरू गरी १९९६ मा सम्पन्न गरेँ ।

**क्यानडाबाट टिचिङ्ग असिस्टेन्ट रिनल प्याथोलोजी गर्नु भएको रहेछ सो बारे बताइदिनुहुन्छ की ?**

पी.एच.डी सकिए पछि पोष्ट डाक्टरल फेलोसिप गर्न क्यानडा गएको हुँ । मेरो टपिक्स बिषय चाहिँ किड्नी ट्रान्सप्लान्ट प्याथोलोजी हो ।

**बेल्जियम र जापानबाट कस्तो पुरस्कार प्राप्त गर्नु भयो ?**

बेल्जियमबाट आई.एस.एन फेलोसिप ग्रान्ट प्राप्त भएको हो र जापानको ग्रीन टी कम्पनी (एच.आई.एस.एफ) ले मलाई पी.एच.डी को लागि स्कलरशीप प्राप्त गरेँ भने नेपालको एन. एम.सी बाट रजिष्ट्रेड स्पेसीयालिस्ट प्राप्त गर्न सफल भएँ ।

**नेपलीज डिभिजन अफ इन्टरनेसनल एकेडेमी अफ प्याथोलोजी र एसोसियसन अफ क्लिनिकल प्याथोलोजी या नेपालको प्रेसिडेन्ट हुनुहुदो रहेछ यी दुई वटा के कस्ता संस्था हुन्, यसको कार्य क्षेत्र के के हुन् ?**

एस.ए.ए.आर.सी राष्ट्रहरूको प्याथोलोजीको २०१६ मार्चमा हुने सम्मेलनको अर्गनाइजिङ प्रेसिडेन्ड अफ साइन्टिफिक नलेज एक्सचेन्ज र रिजनल कोअपरेसन । इन्टरनेश्नल प्याथोलोजीको नेप्लीज च्याप्टरको प्रेसिडेन्ट ।

**क्यानडामा र जापानमा रिसर्च गर्नु हुँदो रहेछ, त्यहाँ गर्ने रिसर्च र हाम्रा युनिभर्सिटीहरूमा गर्ने रिसर्चमा के कस्तो भिन्नता पाउनुभयो ?**

धेरै फरक छ । हाम्रो यहाँ पर्याप्त पूर्वाधार, दक्ष जनशक्ति र औजारको अभाव छ तर जापान, क्यानडामा यी तिनै चिजको अभाव छैन ।

**यहाँले धेरै नै मेडिकल जर्नलहरू लेख्नुका साथै इडिटर भएर पनि काम गर्नु भएको रहेछ यसमा यहाँको रूचि तथा अनुभव बताइदिनु हुन्छ कि ?**

मान्छेले चिनाउनका लागि जति सक्दो धेरै रिसर्च गर्न पब्लिकेसन गर्नु पर्ने हुँदोरहेछ । नेपाल मेडिकल एसोसिएसन इडिटर भएर काम गर्ने मेरो रूचि हो ।

**व्यवसायिक कुरा धेरै गर्‍यौ अव पारिवारिक कुराकानी गरौँ**

**हजुरको विवाह कहिले र को सँग भयो ?**

मेरो बिवाह २०४५ साल माघको श्रीपञ्चमीको दिन रत्न शमशेर जवरा र कल्पना राणाकी सुपुत्री सुनिता राणासँग भएको हो ।

**हजुरको छोराछोरीहरू कति छन्, श्रीमती छोराछोरीहरू के के गर्दै छन् ?**

मेरो १ छोरी किस्ट मेडिकल कलेज बाट एम.वि.वि.एस सकी लाइसेन्सिङ परीक्षा( अमेरीका) तयारी गरीनेछ । मेरो श्रीमती सुनिता एक असल गृहिणी हुन् ।

**हजुरको रूचिका बिषयहरू के के हुन् ?**

I enjoy reading. नयाँ कुरा पढ्न मन लाग्छ ।

**हजुरलाई मनपर्ने खानेकुरा के के हुन् ?**

नेपाली खाना दाल, भात र तरकारी मलाई मनपर्ने खानेकुरा हुन् ।

**जीवनमा विर्सनै नसक्ने घटना विशेष केही छन् कि ?**

एम.वी.वी.एस को अन्तिम परीक्षा दिने समयमा मेरो हजुरमुमा स्वर्गीय भएको बेलामा म आफु उपस्थित हुन नसकेको घटना म कहिले बिर्सन सक्दिन ।

**नयाँ पिढीलाई यहाँको केही भन्नु छ कि ?**

जो सुकै व्यक्तिले पनि आफ्नो पुस्ताले गरेका कार्यहरूमा र राष्ट्रले गरेका कुराहरू अझ बढी यसको लेखाजोखामा विशेष ध्यान दिने गरिन्छ । युवापुस्ताले यस बिषयमा विशेष ध्यान दिन जरूरी छ ।

*We extend our best wishes*
*for peace, progress*
*& prosperity to all our customers and well wishers*
*on the auspicious occasion of Bijaya*
*Dashami and Deepawali 2073*

**METRO CLINIC**
Living Healthy is our Motto

**Nepal Diabetes Thyroid & Endocrinology Center**

**हाम्रा सेवाहरु:**

–नेपालको पहिलो मधुमेह ९म्ष्बदभतभक० र थाईरोइडको ९त्जथचयष्म० सेवा प्रदान गर्ने केन्द्र

१. म्ष्बदभतभक, त्जथचयष्म ७ म्लमयअचष्लयष्निथ (डाईविटिज, थाईरोइड एण्ड इन्डोक्राइन) डा. ज्योति भट्टराई
२. न्थलबभअययिनथ ७ इदकतभतचष्अ ( प्रसुति तथा स्त्री रोग विशेषज्ञ) डा. पुष्पा चोधरी
३. इचतजयउभमष्अ ७ ल्भगचयियिनथ ( हाडजोर्नी तथा नशारोग) डा. अजय राणा
४. भ्ल्त ( नाक, कान, घाँटी) डा. संगिता श्रेष्ठ
५. न्भलभचर्बा :भमष्अष्लभ ( सामान्य चिकित्सा जाँच) डा. एचसी तिवारी
६. म्भलतर्बा ( दन्त रोग)
७. ल्भउजचययिनथ ( मृगौला सम्बन्धी उपचार) डा. लक्ष्मण अधिकारी
८. एकथअजष्बतचथ (मानसिक सम्बन्धी उपचार) प्रा. डा. देशराज बहादुर कुँवर/डा. अरुण राज कुँवर
९. ऋबचमष्ययिनथ ( मुटु सम्बन्धी उपचार) डा. चन्द्रमनि अधिकारी
१०. म्भ्रबतययिनथ ( धर्म रोगको उपचार) डा. प्रतिभा श्रेष्ठ दास

साथै :-

•X-Ray Services (एक्सरे), •Ultrasound (ISG) (भिडियो एक्सरे) •ECG (ई.सि.जी.) •Immunization (विविध खोप सेवा) •General Health Check up (सामान्य स्वास्थ्य परीक्षण सेवा) •Dietician Consultation (डाईटिसियन परामर्श सेवा) • Pharmacy (औषधी बिक्री कक्ष) •Qualitative Pathology Laboratory (गुणस्तरीय प्याथोलोजी ल्याव जाँच •होम ल्याव • Psychotherapy (साइकोथेरापी)
सजिलो र भरपर्दो

पुनश्चयः होम ल्यावः घरैमा आएर रगत संकलन गर्ने पनि व्यवस्था छ ।

**Maharajgunj Chakrapath, Contact : 01-4721198, 4721249**



# २०७३ सालको विजयादशमी तथा शुभ दीपावलीको पावन अवसरमा सम्पूर्ण कुँवर राणा कुलबन्धुहरुमा हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्दछौं ।

विजय जङ्ग राणा
श्रीमती ज्योत्सना राणा
छोरी विद्या राज्यलक्ष्मी राणा
छोरी स्नेह राज्यलक्ष्मी राणा
छोरी कुलिन राज्यलक्ष्मी राणा
भैरहवा

विनोद जङ्ग राणा
श्रीमती स्मृति राणा
छोरा स्पर्स जङ्ग राणा
छोरी अक्क्ष्यता राज्यलक्ष्मी राणा
धापसी,काठमाडौं



समस्त
राणा तथा कुँवर
परिवारमा
२०७३ सालको

**विजयादशमी एवं शुभ दिपावलीको**

पावन अवसरमा हार्दिक
मंगलमय शुभ–कामना
व्यक्त गर्दछौं ।

स्व. बुद्ध नरसिंह राणाका
रानी कल्पना राणा
छोरा प्रल्हाद नरसिंह राणा/श्रीमती बिनु राणा
छोरा अरबिन्द नरसिंह राणा/श्रीमती संगीता राणा
छोरा प्रदीप नरसिंह राणा/श्रीमती पुष्पा राणा
छोरा प्रसिद्ध नरसिंह राणा/श्रीमती हिना राणा

# एक जानकारी

– निरञ्जन विक्रम राणा

बढ्दै गइरहेको कुलबन्धुहरूको आकारले गर्दा साँघुरिदै गइरहेको आभास दिलाउने पाञ्चायन परिसरलाई केही फराकिलो पार्ने उद्देश्य लिएर पाञ्चायन परिसर विस्तार कोषको स्थापना भएको व्यहोरा कुलबन्धुहरूमा पुनः स्मरण गराउन चाहन्छु । सुरूमा अठार हजार रूपैयाँ जम्मा गरेर खडा गरिएको यस कोषमा कुलबन्धुहरूबाट जम्मा गरिएको खुत्रुकेको रकम, स्मारीका प्रकाशनबाट भएको आम्दानी र कुलबन्धुहरूबाट प्राप्त भएको सहयोगको रकम जम्मा हुने गर्दछ ।

सुरूको अवस्थामा सबैको हाँसोको बिषय बनेको यो कोष अहिले कुलबन्धुहरू माफ चर्चाको बिषय बन्ने गरेको छ । यसको मुख्य कारण हो **अठार हजार**बाट सुरू भएको यो कोषमा आज यो पुस्तक प्रकाशित हुनु भन्दा अगाडि नै **छयासी लाख** जम्मा भइसकेको छ ।

यसरी कुलबन्धुहरू तथा शुभचिन्तकहरूबाट लगातार सहयोग पाइरहँदा यस कार्यमा लाग्नेहरूलाई ठुलै हौसला मिलिरहेको छ भने भविष्यमा समेत सहयोगको निरन्तरता रहने कुरामा निश्चिन्तता मिलेको छ ।

एकातिर हामी पाञ्चायन परिसरलाई विस्तार गर्ने सोचका साथ अगाडि बढिरहेका छौ भने अर्कातिर भइरहेको संरचना २०७२ बैसाख १२ गतेको महाभुकम्पको चपेटाबाट अछुत रहन सकेन । त्यसले गरेको क्षतिलाई पुनः निर्माण गर्न इन्जिनियरको स्टीमेट अनुसार रू. साठ्ठी लाख लाग्ने अनुमान गरिएको छ । यसको पुन निर्माणको लागि कुलबन्धुहरूबाट आर्थिक सहयोगको साथै आश्वासन समेत प्राप्त भइरहेको छ । सोही आश्वासन तथा प्राप्त आर्थिक सहयोगको आधारमा निर्माण तथा मर्मत सम्भार उपसमितिद्वारा पुरानो संरचनालाई भत्काई नयाँ बनाउने कार्यको सुभारम्भ भइसकेको छ । आशा गरौं यो कार्य समयमा नै सु-सम्पन्न हुने नै छ ।

## २०७२ सालमा प्रकाशित स्मारीकामा भएको आम्दानी तथा खर्चको विवरण

| | |
|---|---|
| जम्मा विज्ञापनबाट उठेको रकम | रू. ११,१७,१५०.०० |
| स्मारीका प्रकाशन तथा कुलबन्धु सम्मान कार्यक्रममा भएको खर्च | रू. २,७०,८४९.०० |
| बचत | रू. ८,४६,३०१.०० |

बचत भएको रकम पाञ्चायन परिसर विस्तार कोषको नाउमा एन.एम.वि. बैकमा रहेको खातामा जम्मा भएको छ ।

**कूलबन्धुज्यूहरुबाट सदा झैं सहयोग प्राप्त भइरहने कुरामा विस्वशत छु ।**

**जयकूल देवी । जय इष्टदेवी ।**



# डिपुटी इ.डी श्रीमती पुजा कुँवरसँग गरिएको कुराकानी

...दिवाकर राणा
...महेश विक्रम कुँवर



**काजी अहिराम कुँवरका कान्छा सुपुत्र नेपाल एकीकरणका एक अभियन्ता शरदार अमर सिंह कुँवर सन्तति मेजर कम्तान कुलराज कुँवरका पाचौँ सन्तति समाजसेवी श्यामराज कुँवरका जेष्ठ सुपुत्र पुर्व वरिष्ठ प्रहरी उपरिक्षक वसन्त राज कुँवरकी श्रीमति पुजा कुँवर (शाह) समाज सेवाको क्षेत्रमा एक परिचित नाम हो । सानै उमेरदेखि दीन दुःखीको सेवा गर्न रूचाउने कर्तव्य निष्ठ र अनुशासित प्रहरी परिवारको पृष्ठ भुमिमा हुर्किएकी पुजाको जन्म मालिगाउँ काठमाडौंका पुर्व प्रहरी डिआइजी नारायण सिंह शाह र भामा शाहको कान्छी सुपुत्रीको रूपमा सन् १९६५ को मे २ तारिखका दिन जन्म भएको हो । विभिन्न संघसस्थाहरूमा आवद्ध करिब एक दर्जन भन्दा बढि राष्ट्रहरूको भ्रमण गरिसकेकी उनी हाल बुढानिलकण्ठ स्थित अन्तराष्ट्रिय सामाजिक सस्था NARCONON नेपालको डिपुटी भ्म को रूपमा कार्य गर्दै हुनुहुन्छ । पाञ्चायनद्वारा प्रकाशित हुने स्मारिका २०७३ को लागि उनीसँगको एक भेटमा लिइएको अन्तर्वातामा विस्तृत जानकारीः–**

**NARCONON को Deputy E.D. हुनु हुँदो रहेछ । के हो NARCONN भनेको र E.D भनेको के हो ?**

नारकोनन भनेको लागु पदार्थ खानेहरूको लागि लागु पदार्थ नदिईकन लागु पदार्थ कुकलतबाट बाहिर निकाल्ने एउटा अन्तराष्ट्रिय सुधार केन्द्र हो । यस अन्तर्गत ८ वटा डिभिजनहरू हुन्छन् । हरेकका आ-आफ्ना कार्यक्षेत्रहरू रहेका छन् । यसको प्रमुख व्यक्ति एक्जुकेटिभ डाइरेक्टर E.D. हुन्छन् जुन विदेशबाट चुनेर पठाउँछन् । म चाँही एक्जुकेटिभ डिप्युटीको डाइरेक्टर हुँ ।

**Deputy E.D कार्य क्षेत्र के हो ? दैनिक कार्य के के गर्नु हुन्छ ?**

डिप्युटी इडीको कार्यक्षेत्र भनेको अघि मैले भनेको ८ वटा डिभिजनहरू मध्ये ५ वटा डिभिजनहरूको निरीक्षण कार्यमुल्यकंन गर्ने हो । मेरो कार्यक्षेत्र भित्र प्रिभेन्सन् र रिहाबिलेटेशन् दुवै पर्दछन् । जसमा स्कुलहरूमा लागु औषध सम्बन्धि शिक्षा दिने । अभिभावक, शिक्षकहरूलाई लागु पदार्थबारे जानकारी दिने, टेलिभिजन तथा पत्रपत्रिका मार्फत सुचना दिई सचेत गराउने आदि । दैनिक कार्य क्षेत्रभित्र बिहानै ८:३० मा हाम्रो स्टाफ मिटिङ् हुन्छ । दिनभरिको एउटा टारगेट बन्छ । ब्रिफिङ् हुन्छ र कक्षाहरू राउण्डिङ् हुन्छ । लञ्च, ब्रेक पछि अभिभावसँग भेटघाट हुन्छ । यसरी नै हाम्रो दैनिक कार्य सञ्चालन हुन्छ ।

**Narconon को स्थापना गर्ने सोच कसरी आयो ?**

नारकोनन खोल्नु अगाडी देखि नै हामीले नेपाल प्रहरीको 'आशरा' भन्ने लागु पदार्थ दुर्व्यसनीहरूको पुर्नस्थापना केन्द्र सञ्चालन गरेका थियौ । श्रीमानको प्रहरीको जागिर तत्कालिन उच्च राजनीतिक हस्तक्षपका कारण नोकरीबाट अबकाश हुनु पर्‍यो र प्रतिज्ञा भन्ने लागु पदार्थ दुर्व्यसनीहरूका लागि संस्था खोलेर काम गरिरहेका थियौं । मेरो आफ्नो नजिकको काका महेश विक्रम कुँवरले नारकोनन ड्रग रिहाबिलिटेशन प्रविधिका जन्मदाता अमेरिकी दार्शनिक एवं मानवतावादी लेखक एवं समाज सुधारक एल् रन् हुबर्ड (L.Ron Hubbard) र उहाँद्वारा लिखित पुस्तकहरूबारे जानकारी गराउनु भयो । उनका कार्यहरू प्रति हामीहरू पनि प्रभावित भयौं । उनको नारकोननको सोच अत्यन्त उपयोगी र उत्पादन मुलक लागेको हुँदा यो प्रविधिलाई अपनाई कार्य गर्ने सोच बनायौ र महेश काकाको सहयोगमा Nick Broadhurst, Evelyne Clark जस्ता व्यक्तिहरूसँग सम्पर्क हुन गयो र उहाँहरूकै सहयोगमा यसको स्थापना भयो ।

**स्वदेशी स्रोत वा विदेशी स्रोत केबाट सञ्चालन गर्नु भएको छ ?**

यो पुर्णरूपमा स्वदेशी स्रोतबाट संचालन गरिएको छ । विदेशमा त हामीले नारकोनन प्रविधि उपयोग गरे बापत रोयालिटी तिर्नु पर्छ ।

**संस्थामा सुध्रिनको लागि कति व्यक्तिहरू आएका छन् ?**

हामी एक पटकमा ६० जना विद्यार्थीहरू लिन्छौं । ६ महिनाको तालिम हुन्छ त्यसपछि ग्राजुएट भइसकेपछि उनीहरू यही संस्थामा अरूहरूलाई सुधार्ने कार्यमा लाग्दछन् ।

**केटा र केटीहरू मध्ये सुध्रिन को बढी आउने गरेका छन् ?**
हामी केटाहरू मात्र राख्दछौं । हामीले केटीहरूको लागि व्यवस्था गरेका छैनौं ।

**उनीहरू बिग्रनुमा को कति जिम्मेवार पाउनु हुन्छ ?**
वास्तवमा भन्ने हो भने घरको अभिभावक, विद्यालय, समाज उत्तिकै जिम्मेवार छन् । लागु औषधको व्यापक सञ्जाल फैलिएको छ । कक्षा ६ देखि नै केटा केटीहरू कुलतमा फसिसकेका हुन्छन् ।

**कुनकुन वर्गका व्यक्तिहरू लागु पदार्थको कुलतमा फसेको देखिन्छ । धनी, मध्यम वा निम्न वर्ग ?**
यसमा निम्न, मध्यम र उच्च वर्गहरू नै प्राय लागु औषधमा फसेको देखिन्छ ।

**यहाँबाट गएकाहरू आफ्नो समाजमा कति प्रतिशत स्थापित भएको पाउनु भएको छ ? र कति फेरि कुलतमा फर्केका छन् यसको जानकारी राख्नु भएको छ ?**
७० प्रतिशत पुरै हामी सफल छौं भने ३० प्रतिशत जति फेरि कुलतमा फसेको पाएका छौं ।

**आफ्नो संस्थामा कूलतबाट सुध्रने व्यक्ति कति भए हाल सम्म ? बच्चाहरू सुध्रिएर घर फर्केकोमा कस्तो महशुश गर्नु भएको छ ?**
सुध्रिएर घर फर्केकोमा अवश्य नै गौरव महशुश हुन्छ । सुध्रिनेमा १००० जना भन्दा बढी पुगिसके ।

**संस्था सञ्चालन गर्ने केही समस्या छ ? समस्या छ भने त्यसको समाधान कसरी गर्न सकिन्छ त ?**
काम गर्दा समस्या जहाँ पनि आउँछ । हामीले २४ सै घण्टा सचेत भई कार्य गर्नु जरूरी छ ।

**हालसम्म यस संस्थाले के कति कार्यहरू गर्दै आइ रहेको छ ?**
पुर्व मेची देखि पश्चिम महाकालीसम्म रहेका स्कुलहरूमा रहेका विदार्थीहरूलाई लागु पदार्थ दुर्व्यसन विरूद्ध जनचेतना फैल्याउने कार्य गर्दै आइरहेका छौं । विभिन्न पत्र पत्रिका तथा टेलिभिजन कार्यक्रम मार्फत यस बारे वृहत रूपमा जानकारी दिदै आएका छौं ।

**आजसम्म सामाजिक तथा कल्याणकारी कार्यहरूमा कहाँ कहाँ संलग्न हुनु भएको छ ?**
पहिले चेलिबेटी बेचबिखन विरूद्ध र सडक बालबालिका सम्बन्धिका कार्यहरू गर्दै आइयो , हाल नार्कोनन् संस्थामै सिमित छु ।

**अब हामी केही पारिवारिक कुरा गरौं, तपाईको जन्म कहिले कहाँ भयो ?**
२ मे १९६५ मा ज्ञानेश्वरको माली गाउँमा मेरो जन्म भएको हो ।

**बुवा मुवाको नाम के हो ? र उहाँहरू के पेशामा कार्यरत हुनुन्थ्यो ?**
मेरो बुवा स्व.नारायण सिंह शाह प्रहरीमा डि.आइ.जी हुनुहुन्थ्यो र पछि औद्योगिक क्षेत्रको अध्यक्ष बन्नु भयो भने मुवा भामा शाह अंगुर बाबा जोशीसँग समाज सेवाको काम गर्नु हुन्थ्यो ।

**परिवारमा कति जना दाजु भाई दिदि बहिनीहरू छन् ? कस्तो वातावरणमा हुर्कनु भयो ?**
मेरा एक दिदी र चार जना दाजुहरू हुनुहुन्छ । म प्रहरी परिवारको घरमा जन्मिएकाले अनुशासित घरको वातावरणमा हुर्किएको थिएँ ।

**विवाह कहिले र कोसँग गर्नु भयो ?**
मेरो विवाह तत्कालीन इन्स्पेक्टर वसन्त राज कुँवरसँग २०४० सालमा भएको हो ।

**पति कुन पेशामा कार्यरत हुनुहुन्थ्यो र हाल के गर्नु भएको छ ?**
मेरो श्रीमान वसन्त राज कुँवर पुर्व वरिष्ठ प्रहरी उपरीक्षक हुनुहुन्थ्यो । उहाँ यसै नारकोनन संस्थाको एक्जुकेटिभ डाइरेक्टर भ्म साथै पुर्व प्रहरी संगठनको अध्यक्ष र हालै उहाँले पुर्व राष्ट्रसेवक लोकतान्त्रिक पार्टी दर्ता गर्नु भएको छ ।

**तपाईको कति जना छोरा छोरी छन् ? घरको पारिवारिक माहोल कस्तो छ ?**
मेरो एउटा छोरो अभय राज कुँवर हो । उ श्रीमति र एक छोरी सहित अमेरिकामा वस्तै छन् । घरको पारिवारिक माहोल अत्यन्तै राम्रो छ ।

**तपाईको यस बाहेक अरू सोखहरू के के हुन् ?**
पौडी खेल्नु मेरो सोख थियो, हाल ड्रग्स्मा फसेकाहरूको उद्धार गर्नु नै मेरो सोख बन्यो ।

**जीवमा बिर्सन नसकिने कुनै घटना छन् कि ?**
मेरो श्रीमान जस्तो एक सक्षम पुलिस अफिसरलाई उच्च औहदामा पुग्ने अवसरबाट वञ्चित गरियो ।यो घटना म जीवनमा कहिले बिर्सन सक्दिन ।

**तपाईको रूचीको खानाहरू के के हुन् ?**
म एक टाइम मिठै खान रूचाउँछु र चटपटा मन पर्छ ।

**जीवनमा दु:ख र सुखका दिनहरू के कसरी भोग्नु भयो र सामना गर्नु भयो ?**
मेरो जीवनको सुख र दु:ख नै यो नारकोनन हो । यहाँ भित्र रहेका कर्मचारी विद्यार्थीहरूसँग नै मेरो सुख दु:ख जोडिएको छ ।

**तपाई त कामकाजी बुहारी, आमा तपाईको दैनिक जीवन कसरी व्यतित गर्नु हुन्छ ?**
बिहान उठ्ने आफ्नो नित्य कर्म र पुजापाठ गर्ने र बिहान ८:३० बजे हाम्रो मिटिङ्ग हुन्छ यसको संगठन र परिचालनमा नै समय बित्छ । व्यक्तिगत जीवनबारे खासै सोच्ने समय नै हुँदैन ।

**कुँवर परिवारमा विवाह भई आउनु भयो कूलको बुहारी तपाई देवाली, गुठी, पञ्चायनको गतिविधिलाई कसरी हेरी रहनु भएको छ ?**
यो परिवारमा मेरो विवाह हुनु भनेको मेरो सौभाग्य नै हो । यसै पुस्ताका महाराज जंग बहादुरबाट करिब १६७ वर्ष अघि वि.स.१९०६ सालमा स्थापना गरिएको थापाथली स्थित यो पाञ्चायनले उहाँका उद्देश्यलाई पुर्ति गर्नका लागि निरन्तर कार्यहरू गर्दै आएकोमा म गौरव गर्दछु ।

**पञ्चायन विस्तार कोषको बारे जानकारी छ तपाईलाई ? केही वर्ष अगाडी कोष बढाउन भनी खुत्रुके तपाईलाई पनि वितरण गरिएको थियो त्यस बारेमा के भन्नु हुन्छ ?**
यसरी वितरण गरिएको खुत्रुकेबाट अवश्य नै केही आर्थिक संकलनमा टेवा पुगेको छ । यो पाञ्चायनको अर्को उल्लेख्य कार्य हो । थोपा थोपा गरेर नै समुद्र बन्छ भन्ने कुराको उदाहरण प्रमाणित नै गरेको छ ।

**पञ्चायनको विषयमा के भन्नु छ ?**
तत्काली श्री ३ जंग बहादुर कुँवर राणाले थापाथली स्थित बागमति किनारमा आफ्ना कुँवर राणा कुल वन्धुहरूलाई एकै ठाउँमा भेला भई देवाली पुजा र विभिन्न पर्व पुजाहरू गर्न सजिलो होश भन्ने उद्देश्यले व्यवस्थित र सुविधा सम्पन्न स्थलको रूपमा यो मन्दिरको निर्माण भएको हो । र प्रत्येक दुई वर्षमा भव्य रूपमा कुल वनधुहरूले देवाली पुजा गर्नुका साथै पुजा अर्चना र मन्दिरको संरक्षण गर्ने काम उहाँका सन्ततिहरूले निरन्तर गर्दै आएका छन् ।

**अन्तमा यो स्मारिका मार्फत आ□नो मनमा लागेको कुरा केही कुरा भन्नु हुन्छ की ?**
यो स्मारिका मार्फत हाम्रो धर्म संस्कृतिको जर्गेना र हाम्रा सन्ततिले आफ्ना संस्कार र संस्कृतिबारे जानकारी पाउन र धर्म संस्कृतिको जर्गेनाका साथै हाम्रो कुल वन्धुहरूले गरेका उतकृष्ट क्रियाकलाप बारे जानकारी गराउने यो एउटा सशक्त माध्यम पनि हो । म यस कुलकी बुहारी भएको नाताले नै यो अवसर मैले प्राप्त गरेकी हु । सम्पुर्ण स्मारिका प्रकाशन समिति तथा पाञ्चायन संरक्षण समितिका श्रद्धय कुल वन्धुहरूमा मुरीमुरी धन्यवाद यसको निरन्तरता रही रहोस हार्दिक शुभकामना !


**समस्त**
**राणा तथा कुँवर**
**परिवारमा २०७३ सालको**
**विजयादशमी एवं**
**शुभ दीपावलीको पावन अवसरमा**
**हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**


**निशाकु कम्पनी प्रा.लि.**
**बानेश्वर काठमाडौं**



**२०७३ सालको**
**विजयादशमी एवं शुभ दीपावलीको**
**पावन अवसरमा सबै नेपालीहरुमा**
**हार्दिक मंगलमय**
**शुभ–कामना व्यक्त गर्दछौं ।**

**अ.प्रा. स.र.श्री आमोद नरसिंह राणा**
**श्रीमती विनिता राज्यलक्ष्मी राणा**
**श्री आयुष्य नरसिंह राणा**
**सुश्री अलाङकृती राज्यलक्ष्मी राणा**





## Hearty Greetings

# BIJAYA
# DASHAMI
# &
# DEEPAWALI

## RADHEPUR CARP HATCHERY
## RADHEPUR FARM PVT. LTD.

**SUMAIR SJB RANA**
**SAPNA RANA**

**DHAWAL SJB RANA**
**PRATIMA RANA**

# नमस्ते & welcome to Shaligram

Otherwise fondly known as the Shaligram Village, it is located in Jawalakhel. The villageis home to several service enterprises,(Shaligram Hotel, Nirvana Wellness Centre, Nirvana Clinic, Diabetes & Health Clinic of Professor Dr. Mimi Giriand Manny's Eatery &Bar).
Welcome one, Welcome all & Feel at home!

2016 tripadvisor TRAVELLERS' CHOICE™

2016 CERTIFICATE of EXCELLENCE tripadvisor®

CERTIFICATE of EXCELLENCE 2015 Winner tripadvisor®





apartment hotel shaligram

E-mail: info@shaligramhotel.com/Web page: www.shaligramhotel.com
Phone: 5554558/5522346






Manny's Eatery & Bar: 5536919



nirvana wellness centre health and beyond

www.nirvanawellnesscentre.com

हाम्रो वाग्मती हाम्रो सभ्यता
कायम राखौं यसको पर्यावरणीय स्वच्छता
जोगाई राख्न सके यसको पवित्रता
बढ्ने छ आत्मसम्मान आत्मीयता
सदाँ बचाई राख्न यसको सौन्दर्यता
सबै मिली गरौ प्रयास र प्रतिबद्धता

नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔ
बागमति नदी र यसका सहायक नदी नालाहरूलाई स्वच्छ र सफा राखौं
नदी किनाराको जग्गाहरूको संरक्षण गरौं
नदी किनारामा वृक्षारोपण गरौं नदीको सौन्दर्य बढाऔं
नदी किनाराको दायाँ बायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं
बागमति सभ्यताको विकास र सम्वर्द्धन गरौं
बागमति नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौं

**"प्रत्यक शनिबार बिहान ७:३० बजे हुने बागमति नदि सरसफाई महाअभियानमा सहभागी बनौं "**

## अधिकार सम्पन्न बागमति सभ्यता एकिकृत विकास समिति
गुहेश्वरी फाँट काठमाडौं

# Economy – after earthquake and blockade



✍...Dr. Ashok SJB Rana

Subsequent to the so called "People's War", Nepal entered its post-conflict period. This period is noted for its marked political changes featured by the intolerably prolonged period taken for drafting a new constitution and the November 13th elections ushering the country into a lazy pattern of secular federal democratic republic. The State continues with its struggle in institutionalizing the drastic changes, a task that is not as easy as made out to be, already imposing a heavy toll on the lives of the Nepalese citizenry. Nepal has substantial scope for exploiting its potential in hydro-power with an estimated 42,000 MW of commercially feasible capacity, but political uncertainty and a complex business climate have hindered foreign direct investment. Other challenges to Nepal's growth include its landlocked geographic location, continual power shortages, weak transportation, infrastructure, civil conflict and labour conflict and its vulnerability to natural disaster. The lack of political consensus in the past, several years has delayed national budgets and prevented much desired economic reform. Wholesale and retail trade, tourism (including air transport and hotel and restaurant businesses); real estate, renting and business activities; and education sub-sectors were mostly affected. Two months after a devastating 7.8 magnitude earthquake struck Nepal on 25th April, a Post Disaster Need Assessment (PDNA) Report stated that the earthquake lowered GDP growth by over 1.5 per cent from an estimated 4.6 per cent in a no earthquake scenario in FY 2015-16.

The Report also shows that the income distress from the earthquake was likely to push an additional 700,000-900,000 people below the poverty line. Again after a short while an indefinite strike was launched in the border area derailing the already weakened economy. The overall trade has shrunk by Rs127.83 billion in the first five months (mid-July to mid-December) of the current fiscal year due to the border blockade. Import has dropped by 36 per cent and export by 30.7 per cent as compared to the corresponding period of the last fiscal year. Import and export from the major trading partner India decelerated profoundly and imports stood at Rs119.15 billion. The country's bulky import-based revenue was affected excessively. Economic prospects for the country seemed to be getting bleaker, as the World Bank revised the growth for fiscal year 2015-16 down to 1.7 per cent, versus an estimate of 3.7 per cent prior to the trade disruption. The IMF's latest forecast is 2 per cent and the Asian Development Bank's projection is 1.5 per cent. But according to the Central Bank economic growth could be contracted to -0.99 per cent in the current fiscal year. The contribution of agriculture sector to GDP will be 31 per cent according to an IMF report. The country's treasury surplus recently surpassed Rs 200 billion according to financial management policy analysis division, Ministry of Finance. From the above figures, it is obvious that the country's economy is in a highly vulnerable situation and, therefore, the country first of all should go for immediate relief of the people. Hand in hand it should go steadily for rectifying the chaotic economy of the country. Rationally, instead of going for long term development, short term immediate relief should be provided to the people for their sustainability and existence at this point of time.

1) The deadly earthquakes destroyed physical property worth over $7 billion, apart from killing nearly 9,000 people and injuring hundreds of thousands of people. The National Reconstruction Authority (NRA), the apex body formed to lead post-earthquake reconstruction and rehabilitation works, has not used the fund fully, which signifies a terrifying massive underutilization of funds. Under these circumstances post-quake reconstruction and rehabilitation works should take place as early as possible, because winter has already passed and monsoon is in the mid-way to give relief to the poor people. If the construction gets delayed at the same time the cost is also going to go up which might have a multiplier effect upon the people. With the rainy season just around the corner it is high time that all earthquake

victims must be provided with necessary shelters. Under these circumstances post-quake reconstruction and rehabilitation works should take place at the earliest on a war footing. If the construction gets delayed the cost will also go up and have a multiplier effect upon the people with the monsoon already here. The delay is a matter of concern despite the availability of resources.

2) The Government has declared low interest loans for the destitute whose houses have been completely or fractionally damaged. But for this purpose the Government should act with a boot strap operation immediately, either to provide funds before the onslaught of the monsoon. People are already building their houses due to the rainy season in some of the areas. There is advantage also if the money is poured in the construction and the unspent capital expenditure is mobilized as it will generate income activities of the people and at the same time expedite economic growth.

3) Destruction has set the economy back by a decade in addition to shattering the effort to move from a "Least developed Country" to a Developing Country" by 2022. Highways and roads have suffered major structural damage; similarly several hydro-power infrastructures have been impacted.

4) Currently, NEA is supplying 564 MW including 210 MW imported from India. As a result of this, manufacturing sector is severely affected with rising fuel costs to meet energy requirement. For this purpose, the damage to both hydro-power and roads has to be revamped as soon as possible.

5) Nepal should go all out in tapping economic benefits that can accrue from the northern and southern economic giants with trade diversification in the larger interest of the country.

6) Efforts of Government institutions, I/NGO's and other stakeholders must be coordinated to smooth the progress of renovation.

7) With innumerable houses destroyed, the city is anticipated to experience an acute shortage of housing and enough space for sheltering. The rebuilding course of action should combat in curtailing increment in house prices and rental inflation.

8) The vulnerability of apartment buildings and residential complexes has made buyers weary as to the quality and safety of living in high rise building. This has consequently led them to make a shift from apartment complexes to small houses with smaller plots. In addition to this people are already frightened and conscious to know that Nepal is in earthquake zone they prefer to be in a safer side to reside in small building. To develop confidence in the people about the safety of the buildings the Government should make a strong building codes or laws. People should be made cautious of the consequences of feebly designed buildings and structures and should encourage them to construct earthquake resistant houses.

9) The Government should collaborate with multiple social organizations especially with Red Cross and carry out health camps off and on in the devastated area.

10) Due to delayed monsoon hand in hand with the earthquake impact there is going to be decrease in agricultural production. However, there has been substantial loss of food stocks and livestock, and aftershocks have swept away farmland in some of the severely affected districts. The loss of farmland and livestock in the severely affected areas, and the recent forecast of a potentially weak monsoon will likely keep agricultural sector growth stagnant in FY2016. More effective farming practices can increase a family's income, improve food security and benefit the environmet, thus empowering people to rebuild their lives. Progammes ranging from basic agriculture and improved roductivity programmes, and availability of seed and fertilizer and soil fertility improvement programmme should be launched by the Government.

These activities will also increase yields and diversify food crops, thus improving nutritional profiles and protecting natural resources. This will build toughness and create income for families across whole communities.

11) It is obvious that it is in the country's immediate interest to unbundle the monopoly of the state owned Nepal Oil Corporation and prepare the ground work for the entry of other competent fuel/gas suppliers in the Nepalese market. It is totally baffling why people continue to experience shortages even months after restoration of full supply across the border. It simply points out to one thing and that is the prevalence of a deep seated black marketing nexus. It is obvious that there is a severe dearth of empathy and pain sharing on the part of political stakeholders and decision makers and unless this is genuinely reversed, political rhetoric will always remain the primary consumptive fodder for the wanting Nepalese to feed on: indeed a sorry state of affairs.


**Dr Ashok Shumshere JBR**

***Profile***

*Mr. Rana was born in Lal Durbar. After completing his post graduationfrom Tribhuwan University, he joined Agricultural Projects ServicesCentre ( APROSC ) after completing his master degree in economics infirst division. He served as an senior economist co-ordinating several projects He completed his MSC in agricultural economics from UK. He has travelled South East Asian countries for paper presentation and hasattended several seminars. Currently, he is a contemporary writer on leading issues in esteemed newspaper.*




**KTM INTERNATIONAL TRADING PVT. LTD.**
NARAYANCHAUR, NAXAL, KATHMANDU
PHONE: **+977-1-441 1439**


Arshiya Enterprises
One Stop Solution Provider
बडा दशैं शुभ दिपावली तथा छठको शुभकामना
Arshiya Enterprises
Pinglashthan, Gaushala, Kathmandu, Nepal
Tel: +977-1-4113636, +977-9801144455
enterprisesarshiya@gmail.com, www.arshiyaenterprises.com



# समस्त
# राणा तथा
# कुँवर
# परिवारमा २०७३ सालको विजयादशमी
# एवं
# शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ–कामना व्यक्त गर्दछौं ।

**श्री शार्दुल शमशेर ज.ब.रा. स्मृति कोष २०५३**

**सम्बन्धित सदस्यहरू**

**रानी प्रभा लक्ष्मी राणा**

**मनोहर शमशेर राणा**

**तथा**

**सम्पूर्ण स्मृति कोष परिवार**



# समस्त
# राणा तथा
# कुँवर
# परिवारमा २०७३ सालको विजयादशमी
# एवं
# शुभ दीपावलीको
# पावन अवसरमा हार्दिक मंगलमय
# शुभ-कामना व्यक्त गर्दछौं ।

**उदय जंग राणा**

**बरिष्ठ गायिका श्रीमती मीरा राणा**

**हिमाल कोलोनी, धापासी**


TABELA
A GARDEN RESTAURANT
Naxal, Kathmandu, Ph: 01-4416581
e-mail : info@tabelarestro.com, www.tabelarestro.com